CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुधर्मा



डा. टीकाराम पन्थी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुधर्मा

(जननेतुर्विश्वेश्वरप्रसादकोइरालामहोदयस्य स्वर्गयात्रावर्णनपरकं खण्डकाव्यम्)

प्रणेता
डा. टीकारामपन्थी

रचनाकाल:
वि.सं. २०४०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक
संवत्सर प्रकाशन
चुनदेवी, महाराजगञ्ज
काठमाडौं महानगरपालिका वडा नं. ४
पोस्ट बक्स नं. ४६८१

प्रथम संस्करण : वि.सं. २०५४ श्रावण २०, श्रावण शुक्ला प्रतिपदा
मूल्य : रु.२५/-

© सर्वाधिकार **लेखक**मा सुरक्षित

कम्प्युटर-विन्यास : धनप्रकाश लामा

आवरण-कला : रमेश पौड्याल

मुद्रण व्यवस्थापक : पूर्णमान श्रेष्ठ

मुद्रक
सङ्क्रान्ति प्रेस
महाराजगञ्ज, काठमाडौं
नेपाल
© ३७११४२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रावण ६, २०५४

सम्मति

डा. टीकाराम पन्थीले स्वर्गीय जननेता बीपी कोइरालालाई नायक बनाएर लेखिएको प्रस्तुत संस्कृत काव्यप्रबन्ध नेपाली भावानुवादसहित वि.सं. २०४० मा मलाई देखाउनुभएको थियो । मोटामोटी रूपमा यसको विषयवस्तु त्यसै बेला अवगत भएको हो ।

संस्कृत वाङ्मयका ज्ञाता पन्थीजी बीपी कोइरालाका वैचारिक आदर्श, सिद्धान्त र प्रजातान्त्रिक समाजवादप्रति आस्थावान् हुनुको साथै प्राचीनता र नवीनताको समन्वयमा कुशल देखिनुहुन्छ । नेपालका संस्कृत कविहरूद्वारा लेखिएका काव्यहरूमा यो आफ्नै किसिमको नौलो होला भन्ने मलाई लाग्छ ।

संस्कृत वाङ्मयको अगाध भण्डार र संस्कृत भाषाको विश्वव्यापी प्रभाव कसैबाट छिपेको छैन । युगौँअघिदेखि भारतीय महाद्वीपमा संस्कृत शिक्षाको धारा अटुट रूपमा बगेको छ । हाल नेपालमा स्वतन्त्र संस्कृत विश्वविद्यालय स्थापित छ । संस्कृततर्फका सबै तहका शैक्षिक उपाधिहरूलाई आधुनिक शिक्षातर्फका शैक्षिक उपाधिहरूसँग सरकारी सेवानिमित्त समकक्षताको मान्यता दिने कानूनी व्यवस्था बीपी कोइरालाले आफ्नो प्रधानमन्त्रित्वकालमा २०१६ मा मिलाउनुभएको हो । यस काव्यप्रबन्धको प्रकाशनबाट संस्कृत-समाज बीपीवादसँग परिचित हुनेछ, पर्याप्त लाभान्वित हुनेछ भन्ने आशा गर्दछु ।

हाम्रा पौराणिक ग्रन्थहरूमा बताइएअनुसार 'सुधर्मा' अमरावतीको सभाकक्ष हो, जहाँ देवजातिको बैठक र सम्मेलन हुने गर्थ्यो, द्वापरको अन्त्यमा महाभारत कालमा श्रीकृष्णले केही समयका लागि सुधर्मा द्वारकामा ल्याएका थिए र त्यहाँ भारतीय रजौटालगायत द्वीपान्तर-लोकान्तरका नेताहरू जुटेर ठूला-साना सभा-सम्मेलन गर्दथे । श्रीकृष्णको समयभन्दा अघि र पछि त्यो सभा स्वर्ग (अमरावती)मै रह्यो । लेखकले त्यसलाई हाल संयुक्त-लोक-सङ्घको स्वामित्वमा रहेको छ भन्ने एउटा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोचक प्रकल्पना गर्नुभएको छ र त्यस सङ्घको अध्यक्षता क्रमश: श्रीकृष्ण, बुद्ध, विक्रमादित्य, गान्धी, जयप्रकाशनारायण र बीपीमा रहेको भन्ने देखाउनुभएको छ। सुधर्मा सभाको पौराणिक स्वरूप र प्राचीन राज्यादर्शसँग राम्ररी परिचित संस्कृत-मनीषीहरूका निम्ति यस काव्यमा प्रस्तुत याज्ञवल्क्य, व्यास, वसिष्ठ, जनक, बुद्ध जस्ता प्राचीन व्यक्तित्व र पृथ्वीनारायण शाह, त्रिभुवन, नेहरू, टीटो, केनेडी, लेनिन आदि अर्वाचीन राजनयिकहरूद्वारा बीपीलाई सोधिएका प्रश्न र उत्तरहरूबाट प्रजातन्त्र र समाजवादबारे अनुसन्धानको मार्ग प्राप्त हुनेछ भन्ने आशा गर्दछु।

जय नेपाल !

गिरिजाप्रसाद कोइराला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०५३/२/२३

शुभाशंसा

महेन्द्र-संस्कृत-विश्वविद्यालयस्य भूतपूर्व-शिक्षाध्यक्ष डा. टीकारामपन्थीमहोदयेन वीरविश्वेश्वरस्य विषयं समवलम्ब्य निर्मितं 'सुधर्मा' खण्डकाव्यं सम्यगवलोकितं मया । संस्कृतव्याकरणे पाण्डित्यं प्रकटयता पन्थीमहाभागेन डाक्टरेत्युपाधिः प्राप्त इति सर्वे विद्वांसो जानन्त्येव । किञ्च काव्येऽस्मिन् स्ववैदुष्यं कल्पनाचातुर्यञ्च सम्यक् स्थापितमिति नात्र कस्यापि विप्रतिपत्तिः ।

स्वकाव्ये जननेतुर्विश्वेश्वरप्रसादकोइरालामहोदयस्य सुधर्मायामपि सर्वेषां स्वर्गतानां भुवि पुण्यभाजां ख्यातनाम्नां तथा देवगणानाञ्च समक्षं नेपालस्य गौरवं प्रतिपाद्य जननेतुः सिद्धान्तं समवलम्ब्य बीपीमहोदयस्य या प्रतिष्ठा स्थापिता, तेन लेखकस्य प्रजातन्त्रविषये यादृशी आस्था दृश्यते, तस्मिन् विषये प्रजातन्त्रवादिभिः सर्वैः लेखकाः समभ्यर्थयितव्या एव । किञ्च अनेन खण्डकाव्येन संस्कृतवाङ्मये एकस्य प्रजातन्त्रवादिनो नेतुः बीपीमहोदयस्य विषये या प्रतिष्ठा स्थापिता सर्वे संस्कृतज्ञाः तस्मै लेखकाय धन्यवादान् दास्यन्त्येव । बीपीमहोदयस्य आस्थया श्रद्धावनतस्य लेखकस्य कृतिरियं शीघ्रमेव प्रकाश्य प्रकाशकः स्वस्य स्वनामधन्यं प्रकटिष्यतीति विश्वसिमि । अतः परं नेपालीभाषया सर्वसाधारणजनाय स्वमन्तव्यं प्रकटीकरोमि ।

महेन्द्र-संस्कृत-विश्वविद्यालयतः लेखकाय धन्यवादान् समर्पयामि ।

विदुषां विधेयः

प्रा. चूडानाथ भट्टरायः
उपकुलपतिः
महेन्द्र-संस्कृत-विश्वविद्यालयस्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०५३/२/२३

शुभाशंसा

डा. श्रीटीकाराम पन्थीज्यूलाई म.सं.वि.का शिक्षाध्यक्ष पदमा रहनुहुँदा मैले राम्ररी चिनेको छु। मैले उहाँका विद्वत्ताको परिचय पाएर नै उहाँको आफ्नो कर्तव्यप्रति उत्तरदायित्व निर्वाह गर्ने व्यक्तित्वबाट प्रभावित भएर उहाँलाई श्री ५ महाराजाधिराज सरकारका जुनाफमा विभूषणार्थ सिफारिस गर्दा मौसुफ सरकारबाट गोरखादक्षिणबाहु तृतीय निगाह भएर उहाँलाई कदर गरिबक्सेकोमा म आफू अत्यन्त कृतकृत्य भएको छु।

उहाँ एक प्रजातन्त्रवादी व्यक्तित्व हुनुहुन्छ, उहाँ वीर विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्वमाथि आस्थावान् हुनुहुन्छ, बीपी कोइरालाले राजतन्त्रको समर्थन गरेकोमा साह्रै प्रभावित हुनुहुन्छ, यो कुरा मैले उहाँको कृतिबाट र व्यक्तिगत सम्पर्कबाट जानेको छु। उहाँ नेपालका धुरन्धर वैयाकरण हुनुहुन्छ भन्ने कुरा मलाई कसरी थाहा भएको छ भने शिक्षाध्यक्ष पदमा रहँदा पनि डेरामा व्याकरणाचार्य कक्षामा पढ्ने विद्यार्थीहरूलाई पढाइदिनुहुन्थ्यो। आज शिक्षकहरूले कक्षामा विद्यार्थीहरूलाई राम्ररी पठनपाठन नगराएको गुनासो सुनिन्छ। त्यस बेला आफ्नो कार्यभारमा व्यस्त रहँदा पनि छात्रहरूलाई पढाउनु यो उहाँको प्राच्य आदर्श मैले उहाँमा पाएँ। उहाँ एक इमानदार आफ्नो कर्तव्यमा कसैले हल्लाएर नहल्लिने, बीपी कोइरालाका आदर्शको निष्ठावान् अनुयायी हुनुहुन्छ।

एक वैयाकरण विद्वान्ले हाम्रा जननेता बीपी कोइरालाबारे संस्कृतमा उत्कृष्ट खण्डकाव्य प्रस्तुत गर्नु भएर संस्कृत वाङ्मयमा एउटा नेपाल राष्ट्रका विभूतिलाई, उनको आदर्श र जीवनमा, अत्युक्ति नगरी उनले भनेकै प्रमाणमा, सम्पूर्ण विश्वका वरिष्ठ विभूतिको अगाडि देवसभा सुधर्मामा जवाफ दिने बनाउनुभएको छ। उनको विषयमा लोकनायक जयप्रकाश नारायणले परिचय दिनु र याज्ञवल्क्य, वसिष्ठ, जनक, बुद्ध, टिटो, हिटलर, लेनिन, रेजापहलवी, कुलचन्द्र,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोमनाथ, लक्ष्मीप्रसाद आदिका प्रश्नको यथोचित जवाफ दिएको कुरा प्रस्तुत छ, कही कतै बीपीका विचारगत मर्यादाको प्रतिकूलता छैन । सबै उत्तर बीपीकै वक्तव्य भाषण आदिसँग सम्बद्ध छन् ।

श्रीकृष्णका हातबाट बीपीलाई संयुक्त लोक सङ्घको सभापति पदमा माल्यार्पण गराई मृत्युपछि बीपीको यति ठूलो प्रतिष्ठा बढाउने रचना प्रस्तुत गरेर नेपाल राष्ट्र र संस्कृत वाङ्मयको गौरव कायम गरिदिनुभएको छ । यसर्थ उहाँलाई समस्त प्रजातन्त्रवादी समुदायले सम्मान गर्नुपर्ने देख्दछु । संस्कृत वाङ्मयमा एउटा नवीन राष्ट्रिय अध्याय थपिदिनुभएकोमा म महेन्द्र संस्कृत विश्वविद्यालयको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यस पुस्तकको प्रकाशन भएमा बीपी बाबूको व्यक्तित्व र उहाँको अटल सिद्धान्तको साह्रै ठूलो समर्थन हुन जानेछ । पन्थीजी बीपीप्रति श्रद्धा राख्ने निस्वार्थ विद्वान् हुनुहुन्छ भन्ने मेरो धारणा छ । उहाँको यो कृति यथाशीघ्र प्रकाशित हुन सकोस् भन्ने शुभाशंसा म व्यक्त गर्दछु । मलाई यो कृति पढ्न र यसप्रति केही लेख्ने अवसर प्रदान गर्नुभएकोमा म लेखकप्रति अत्यन्त आभारी छु । मसँगको यो सौहार्द सर्वदा जीवित रहोस् भन्ने हार्दिक आकाङ्क्षा राख्दछु । संस्कृतका पद्यहरूलाई नेपालीमा भावानुवाद गरिदिएर नेपाली भाषाभाषीहरू पनि उपकृत हुन गएकोमा म अझ बढी गद्गद् भएको छु ।

धन्यवाद !

प्रा. चूडानाथ भट्टराय
उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय
नेपाल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वकीयं वक्तव्यम्

२०३९ तमवैक्रमाब्दे नैपालकानां मान्यो नेता प्रजातन्त्र-महर्षि-विश्वेश्वरप्रसादकोइरालामहोदयः पार्थिवं वपुर्व्यजहात् । तस्मिन्नेवाब्दे मया 'अश्रूपहारः' 'नेनेपालः' इत्येतत् खण्डकाव्यद्वयं लिखित्वा प्रकाशितम् । २०४० तमवैक्रमाब्दे "सुधर्मा" नामक-प्रकृत-प्रबन्धकाव्यस्य हस्तलिखिता प्रतिलिपिः गिरिजाप्रसादकोइरालामहोदयाय समर्पिता । एकवर्षानन्तरं पालपायां समागमे तत्रभवान् मया पृष्टः प्रत्यवोचत्– "स प्रबन्धः सुशीलकोइरालामहोदयपार्श्वे वर्तते, यथावसरं प्रकाशयिष्यते । " इति । अहञ्च आश्वस्तः सञ्जातः ।

एतत्काव्यरचनाप्रवृत्तौ हेतुद्वयी वर्तते– १.नेपालीभाषायां बीपीमहोदयस्य संबन्धे वक्तारो लेखकाश्च नैके सन्ति, संस्कृते तु न कोऽपि दृश्यते । २. संस्कृत-वाङ्मये विकीर्णेन मानवतामूलक-सामाजिकाध्यात्मपक्षेण सह बीपीवादस्य समीक्षणार्थं संस्कृतविद्वांसः आकृष्टा भवन्तु । संस्कृतवाङ्मयस्य अक्षये कोषे आत्मानात्म-जीवजगद्-जीवेश्वरादिचिन्तन-संबद्धः पारमार्थिकोऽध्यात्मपक्ष एव नास्ति, अपितु स्वतन्त्रचेतनस्य विवेकपूर्णचिन्तनेन परिष्कृतानां व्यक्ति-समाज-राज्यव्यवस्थानाम् आदर्शस्वरूपसंबद्धो मानवतामूलक-सामाजिकाध्यात्मपक्षो ऽपि वर्तते । अयमेव द्वितीयो मार्गः बीपीमहोदयस्य मानवतावादः । "मानवो रोटिकाभिरेव संतुष्टो न भवति, चेतनो हि सः स्वतन्त्रतया स्वविवेकप्रयोगपूर्वकं व्यक्तित्व-विकासेन समाज-सञ्चालने सहभागी भवति । " इति शरीरातिरिक्त-चेतनं विवेकम् इच्छाञ्च महयन् बीपीमहोदयो मानवता-मूलक-सामाजिकाध्यात्ममार्गस्य चिन्तको निश्चेयः । संस्कृत-मनीषिभिः संस्कृतवाङ्मये यत्र तत्र विकीर्णस्य मानवीय-सामाजिकाध्यात्मपक्षस्य परिवेशे बीपीवादं समीक्ष्य स्वधारणाः स्पष्टीकार्या इति मामकीनाऽऽन्तरिकी स्पृहा वर्तते ।

साम्प्रतं स्वयं चित्रीये–कथमिमे श्लोका निबद्धाः । इदानीं प्रयासे कृतेऽपि निबन्धुमिमे नैव शक्यन्ते । अत एव चतुर्दशवर्षानन्तरं प्रकाशनेऽपि क्वचिदपि किञ्चिदपि पदवाक्यादिकमपरिवर्त्यैव यथातथं मुद्रितम् । यतः ऐतिहासिकताऽपि संरक्षिता भवेत् । अत्रत्यपद्येषु भाषिकत्रुटि-काव्यगत-दोषादिकं यद् यावत् प्राप्येत, तत्संदर्भेऽहं संस्कृतविदुषां विधेयतां काङ्क्षामि ।

अत्र नेपालीभाषायां सामान्यतया भावार्थो दत्तोऽस्ति, व्याख्या नास्ति; वास्तविकास्वादः संस्कृतमनीषिभिरेव लभ्येत । अत्रानुष्टुबार्या-पुष्पिताग्रा-वंशस्थेन्द्रवंशा-हरिणी-शिखरिणी-मालिनी-शालिनी-वियोगिनी-प्रहर्षिणी-स्वागता-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसन्ततिलका-रुचिरा-मन्दाक्रान्ता-शार्दूलविक्रीडित-स्रग्धरादीनि वृत्तानि प्रयुक्तानि । काव्यसंबन्धि शास्त्रीय-लक्षणं संगच्छते नवेति अविचार्यैव खण्डकाव्यत्वेन मयाऽयं प्रबन्धः स्वीकृतः । अत्र देवसभायाः सुधर्मायाः क्रियात्मकः पक्षः वर्तमान-सन्दर्भे प्रस्तुतः । पुराणवर्णितायाः सुधर्मायाः स्वरूपे काचन व्यापकताऽत्र प्रदर्शिता । अनेन पौरस्त्यवाङ्मय-परिचिताः संस्कृत-विद्वांसो न्यूनमात्रायामपि नवीनतामनुभविष्यन्ति ।

अत्र प्रथमद्वारे 'सुधर्मा' सभायाः प्रकृत्या सह देवैःकृतम् अतिथेः स्वागतं प्रस्तुतम् । तत्र "संयुक्त-राष्ट्र-संघ" सदृशः संयुक्त-लोक-संघश्च कल्पितः । द्वितीयद्वारे जयप्रकाशनारायणकृतं स्वागत-भाषणं वर्तते । तन्मिषेण बीपीमहोदयस्य राजनीतिकं जीवनं संक्षेपेण प्रस्तुतम् । तृतीयद्वारे प्रश्नोत्तराणि (अन्तर्वार्ताः) सन्ति । अत्र बीपीमहोदयेन दत्तानि उत्तराणि तत्रभवता स्वजीवनकाले दत्तेषु भाषण-लेखन-वक्तव्य-प्रवचनान्तर्वार्ता-पत्रादिषु आधृतानि सन्ति । अस्मिन् काव्ये यथा भूलोक-सन्दर्भे अंग्रेजीभाषा अन्तरराष्ट्रियभाषात्वेन प्रतिष्ठिता वर्तते, तथैव विश्वब्रह्माण्ड-सन्दर्भे संस्कृतभाषा अन्तरलौकिक-भाषात्वेन प्रतिष्ठाप्येति मान्यता स्थापिता ।

सुरभाषायां काव्यस्यैतस्य निबन्धने सविषयगत-परामर्शं मां प्रेरितवन्तः संस्कृतप्रणयिनो विद्वांसः सुहृद्वर्याः– डा. रामप्रसादशर्मा, डा सौभाग्यजङ्गकार्की, भू.पू. सांसद-श्रीहरिनेपालः, इत्येतेभ्यो महाभागेभ्यः शतशः साधुवादाः सादरमुपाह्रियन्ते । अथच प्रबन्धमियं साकल्येनाधीत्य शुभाशंसा प्रददत्सु गुणग्राहिणामग्रणीषु महेन्द्रसंस्कृतविश्वविद्यालयस्योपकुलपतिपदमलङ्कुर्वाणेषु प्राज्ञ-चूडानाथभट्टरायमहानुभावेषु, सूक्ष्मेक्षिकया प्रबन्धस्यैतस्यावलोकनेन प्रकाशनार्हतां मन्यमानेषु माननीय-संसदीय-व्यवस्थामन्त्रिचर-नरहरि-आचार्य-महाभागेषु तथा असीमौदार्यसौजन्य-प्रदर्शन-पुरस्सरं स्वसंमतिप्रदेषु तत्रभवत्सु पूर्वप्रधानमन्त्रि-गिरिजाप्रसादकोइराला-महोदयेषु सश्रद्धं सबहुमानञ्च शतशः आभारान् प्रकाशयामि ।

अन्ते च संस्कृतभाषायां निबद्धानि पद्यानि साधीयः कम्प्युटरयन्त्रे टङ्कमानं टङ्कणशिल्पिनं श्रीधनप्रकाशलामामहोदयं प्रकाशनसंबद्धावश्यककार्यप्रबन्धकं श्रीवीरेन्द्रदाहालमहोदयं प्रकाशनसहयोगिनोऽन्यांश्च सर्वान् सहार्दं साधुवादैः समादर्तुं कामये इति शम् ।

विदुषां विधेयः

डा. टीकारामपन्थी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली रूपान्तर

आफ्ना कुरा

वि.सं. २०३९ मा नेपालीहरूका संमान्य प्रजातन्त्रमहर्षि विश्वेश्वरप्रसाद कोइरालाज्यूले पार्थिव शरीर छोड्नुभयो । त्यसै वर्ष "अश्रूपहार:" र "नेनेपाल:" भन्ने दुईवटा संस्कृतकाव्यप्रबन्ध लेखी प्रकाशित गरें । "सुधर्मा" नामक प्रस्तुत काव्यप्रबन्ध वि.सं. २०४० मा तयार पारी एकप्रति त्यतिखेरै गिरिजाबाबुलाई दिएको थिएँ । अर्को वर्ष पाल्पामा भेट भएको बेला उहाँलाई सोद्धा "सो खण्डकाव्यको प्रति सुशीलबाबूसँग छ, प्रकाशित हुनेछ " भन्नुभयो । म आश्वस्त भएँ ।

यस खण्डकाव्यको रचनासन्दर्भमा दुईवटा कुरा छन्– १.नेपाली भाषामा बीपीबारे बोल्ने र लेख्ने धेरै जना छन्; तर संस्कृतमा कोही पनि देखिदैन । २. संस्कृत-समाजलाई संस्कृत वाङ्मयमा छरिएको मानवतामूलक सामाजिक अध्यात्मपक्षसँग बीपीवादको समीक्षणतर्फ आकर्षित गर्ने आकाङ्क्षा अर्को कारण हो । संस्कृतवाङ्मयको अक्षय भण्डारमा आत्मा-अनात्मा, जीव-जगत्, जीव-ईश्वर जस्ता कुराहरूसँग सम्बद्ध पारमार्थिक अध्यात्ममार्ग मात्र छैन, अपितु स्वतन्त्रचेतनाको विवेकपूर्ण चिन्तनद्वारा परिष्कृत व्यक्ति, समाज र राज्यव्यवस्थाको उन्नत आदर्श स्वरूपसँग सम्बद्ध मानवतामूलक सामाजिक अध्यात्ममार्ग पनि छ । यही दोस्रो मार्ग बीपीको मानवतावाद हो । "मान्छे रोटीबाट मात्रै सन्तुष्ट हुँदैन, उसमा चैतन्य छ, ऊ स्वतन्त्रतया आफ्नो विवेक प्रयोग गरेर वास्तविक मानव बन्दछ र समाज-सञ्चालनमा सहभागी हुन्छ" भनी शरीरातिरिक्त चेतन-तत्त्व, विवेक र इच्छालाई महत्त्व दिने बीपी मानवतामूलक समाजवादी अध्यात्मपक्षका चिन्तक हुन् । संस्कृत वाङ्मयमा जताततै छरिएर रहेको मानवतावादी (समाजको धारक र सञ्चालक) पक्षको परिवेशमा बीपीवादलाई हेरेर आफ्नो स्पष्ट धारणा बनाउनेतर्फ संस्कृतमनीषीहरूको प्रवृत्ति हुनेछ भन्ने मेरो आन्तरिक आकाङ्क्षा हो ।

यी पद्यहरू त्यस बेला कसरी लेखिए ? अहिले आफैलाई अचम्म लाग्छ, किनकि अहिले आँटेर यी लेखिदैनन् । तसर्थ लेखेको चौध वर्षपछि प्रकाशित गर्दा कतै केही काँटछाँट, अदलबदल नगरी जसको तस राखिएको छ, यसबाट ऐतिहासिकता पनि सुरक्षित रहनेछ । यसमा भाषिक त्रुटि वा काव्यगत दोष जे जति भेटिएला, त्यसबारे म संस्कृतविद्वान्हरूको विधेयता चाहन्छु ।

यसमा व्याख्या होइन; नेपाली भाषामा सामान्यतया भावार्थ दिइएको छ । काव्यको वास्तविक मिठास संस्कृतका विद्वान्हरूले पाउनुहुनेछ । यहाँ अनुष्टुप्, आर्या, पुष्पिताग्रा, वंशस्थ, इन्द्रवंशा, हरिणी, शिखरिणी, शालिनी, मालिनी, वियोगिनी, प्रहर्षिणी, स्वागता, वसन्ततिलका, रुचिरा, मन्दाक्रान्ता, शार्दूलविक्रीडित, स्रग्धरा आदि छन्दहरू प्रयुक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् । काव्यसम्बन्धी शास्त्रीय लक्षण मिल्छ वा मिल्दैन विचारै नगरी मैले यसलाई खण्डकाव्य मानेको छु । यहाँ देवसभा 'सुधर्मा'को क्रियात्मक पक्ष वर्तमान सन्दर्भमा प्रस्तुत छ । पुराणमा वर्णित सुधर्माको स्वरूपमा केही व्यापकता देखाइएको छ । यसले पौरस्त्य वाङ्मयसँग परिचित संस्कृत विद्वान्हरूलाई थोरै मात्रामा भए पनि, अवश्य, नवीनताको झझल्को देला ।

यहाँ प्रथमद्वारमा 'सुधर्मा' सभाको स्वरूप र देवताहरूद्वारा गरिएको अतिथिको स्वागत प्रस्तुत छ । पृथिवीको 'संयुक्त राष्ट्र सङ्घ' जस्तै विश्वब्रह्माण्डको सन्दर्भमा 'संयुक्त लोक सङ्घ' को कल्पना गरिएको छ । द्वितीय द्वारमा जयप्रकाश नारायणद्वारा गरिएको स्वागत-भाषण छ, त्यसैको निहुँमा बीपी बाबूको राजनीतिक जीवन सङ्क्षेपमा प्रस्तुत गरिएको छ । तृतीय द्वारमा प्रश्नोत्तरहरू (अन्तर्वार्ता) छन् । यहाँ बीपी बाबूले दिएका उत्तरहरू– उहाँले आफ्नो जीवन कालमा दिएका भाषण, लेख, प्रवचन, वक्तव्य, चिठीपत्र, अन्तर्वार्ता आदिमा आधारित छन् । कृत्रिम वा अपत्यारिला छैनन् । यस काव्यमा भूलोकको सन्दर्भमा अंग्रेजी भाषा अन्तर्राष्ट्रिय भाषाका रूपमा प्रतिष्ठित भए झैं विश्व-ब्रह्माण्डको सन्दर्भमा संस्कृत भाषा अन्तरलौकिक भाषाका रूपमा प्रतिष्ठित हुनुपर्छ भन्ने मान्यता राखिएको छ ।

संस्कृत भाषामा यो काव्यप्रबन्ध लेख्न विषयगत परामर्शसहित मलाई प्रेरणा दिनुहुने संस्कृत-प्रणयी विद्वान् मित्रवरहरू– डा. रामप्रसाद शर्मा, डा. सौभाग्य जङ्ग कार्की र भू.पू. सांसद श्री हरि नेपालप्रति शतशः सादर साधुवाद समर्पण गर्दछु । यो प्रबन्ध समग्र रूपमा पढेर शुभाशंसा दिनुहुने गुणग्राहीहरूमा अग्रगण्य महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति विद्वद्वर चूडानाथ भट्टरायज्यू, सूक्ष्म रूपमा यो प्रबन्ध हेरेर प्रकाशनयोग्य ठहऱ्याउनुहुने भूतपूर्व माननीय संसदीय व्यवस्थामन्त्री नरहरि आचार्यज्यू तथा असीम औदार्य र सौजन्यका साथ सम्मति दिनुहुने पूर्व प्रधानमन्त्री श्रीगिरिजाप्रसाद कोइरालाज्यूप्रति सश्रद्ध र सबहुमान शतशः आभार प्रकट गर्दछु ।

अन्त्यमा संस्कृत भाषामा बाँधिएका पद्यहरूलाई सजिलैसँग कम्प्युटर टाइप गर्ने कुशल टङ्कणकर्ता श्री धनप्रकाश लामा, प्रकाशनसम्बन्धी आवश्यक व्यवस्था मिलाउनुहुने श्री वीरेन्द्र दाहाल तथा प्रकाशन कार्यका सहयोगी अरू सबैलाई हार्दिक साधुवाद ज्ञापन गर्न चाहन्छु । ॐ शान्तिः ।

डा. टीकाराम पन्थी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-विभाजन

सम्मति	ङ - च
शुभाशंसा	छ - झ
स्वकीयं वक्तव्यम्	ञ - ट
आफ्ना कुरा	ठ - ड
प्रथम द्वारम्	१-१४
द्वितीय द्वारम्	१५-३६
तृतीय द्वारम्	३७-८८

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रथमद्वारम्

अथ कलियुगपूर्वपादबिन्दा-
वमरशरद्गणनासमाश्रयेण
नवपवनसखाभ्रनेत्रवर्षे
ऽधिपृथिवि विक्रमसूरराज्यकालात्
प्रतिपदि नभसश्च शुक्लगायां
क्षितितलतोऽवतरिष्यमाणमेकम्
अतिथिवहविमानमुन्मिषन्ती
सुरनगरी शुशुभे प्रतीक्षिताप्ता । १-२

अथ शब्द मङ्गलाचरणसूचक हो । देवताहरूको वर्षगणनालाई लिँदा, कलियुगका प्रथम चरणको बिन्दुमात्रमा, पृथ्वीमा चलेको विक्रम संवत् २०३९ को साउन महिना, शुक्लपक्ष, प्रतिपदाको दिन, केही बेरपछि पृथ्वीतर्फबाट ओर्लने, एक जना पार्थिव अतिथिलाई बोकेको विमान अब ओर्लने बेला भयो भनी उँभो आकाशतर्फ हेर्दै आप्त(विश्वस्त वा प्रामाणिक व्यक्ति)लाई पर्खेर अमरावती नगरी सुशोभित भइरहेको थियो ।

हिमगिरिशिखरात् समागताना-
मपचितये प्रकृता वरिष्ठ-पर्षत्
समवहितवती विमानघोषे
स्थितिपदवीं निकषा सुसज्जिताऽऽसीत् । ३
सुरमुनिदितिजैः समुन्मनोभि-
रतिथिवनीं परितः स्थितैः सुपङ्क्तौ,
अपचिति-समितिः समावृताऽभूत्
त्रिदिववनी वनितेव दिव्यमाला । ४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमालयको चुचुरातर्फबाट आउने अतिथिको स्वागतार्थ एउटा विशिष्ट स्वागत समिति गठित गरिएको थियो । त्यो विमानको आवाजतर्फ़ बडो सावधानीसँग ध्यान दिँदै विमानघाट नजीकै सुसज्जित थियो । देवताहरू, मुनिहरू र दैत्यहरूले बडो उत्कण्ठित भएर, अतिथिउपवन स्वागतकक्षको वरिपरि पङ्क्तिबद्ध रूपमा खडा भई स्वागत समितिलाई घेरेका थिए । मानौँ त्यो स्वर्गीय वनी (उपवन) दिव्यमाला लगाएकी सुन्दरी झैँ थियो ।

ततोऽवतीर्णो हरिदश्वसन्निभः
प्रतीक्षितो दिव्यविमान आदृतः
अध्यूढविश्वेश्वरदिव्यविग्रहः
स्फुरच्चतुर्नीलपताक आशुगः
सकिङ्किणीजालवितानभासितो
दिवस्पतिप्रेषितदूतचालितः
दृशो विमुष्णन्निव दर्शनार्थिनां
दिविष्ठचेतांसि समुत्कयन् भृशम् । ५-६

त्यसपछि, केही बेरपछि, सूर्यको प्रकाश झैँ चम्किला, सम्मानित, धेरै बेर अगाडिदेखि पर्खिएको विश्वेश्वरप्रसाद कोइरालाको दिव्य शरीर बोकेको, आशुगति, चारवटा नीला पताका (झण्डा) फर्फराइरहेको, किङ्किणी जाल र चँदुवाले चमकदार देखिने, सुरराज इन्द्रले पठाइएका दूतहरूद्वारा चलाइएको विमान विमानघाटमा ओर्ल्यो । त्यसबेला त्यस विमानले दर्शक देवताहरूका आँखा चोर्छ कि भने झैँ गरी उनीहरूका हृदयलाई अत्यन्त उत्कण्ठित तुल्याइरहेको थियो ।

विमानसंधावनवर्त्मरोधने
ऽसितध्वजोच्चालकजाल्मपामराः
न पोखरायामिव तत्र पारिताः
परं परीता बहुलोकपामराः ।
जयप्रकाशादिधरागतामरैः
पुरन्दरो निर्ऋतिरग्निरन्तकः
अपांपतिर्वैश्रवणोऽनिलो मृडो
विधिः स्वभूः कृष्ण उमा च संगताः । ७-८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विमान धावन मार्गमा कालो झण्डा उठाउने अविवेकी पामर जनहरू जसरी पोखरामा (पञ्चायत कालमा बीपीबाबू पोखरा जाँदा) नियुक्त गरिएका थिए, त्यसरी त्यहाँ (स्वर्गमा) नियुक्त गरिएका थिएनन् । त्यहाँ त अनेकौं लोकपालहरू र देवताहरू स्वागतार्थ तैयार भएका थिए । स्वागतार्थीहरूमा जयप्रकाशनारायण आदि पृथिवीबाट आएका दिव्यपुरुषहरूका साथै इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, कुवेर, ईशान, ब्रह्मा, विष्णु, महेश्वर, कृष्ण, भगवती दुर्गा आदिको जमघट थियो ।

अनेकशोऽनाविलवापिकावली
र्धरद् विशालं हरिचन्दनाभिधम्
वनं श्रिता स्वस्तिकचिह्नसूद्धृता
विमानभूमिः सममर्दि निर्जरैः । ९

त्यो स्वागतकक्ष, हरिचन्दन नाम भएको विशेष उपवन थियो, जहाँ सङ्ग्लो पानीले भरिएका असङ्ख्य तलाउहरू थिए । त्यस्तो विशाल र विशिष्ट स्वागत कक्षमा स्वस्तिक आकारले उठाइएको भूमिमा विमान अडियो, जहाँ वरिपरि देवताहरूको व्यापक भीड थियो ।

स्थिते विमाने क्षणतो गतक्लमो
ऽधिसूचितः स्वागतिकैः ससम्भ्रमम्
अवातरद् दूतसखो महान् बिपिः
सुधाधरां शादमयीं महाधराम् । १०

विमान अडिने बित्तिकै एकै छिनमा थकाइ मेटिएपछि स्वागत समितिका सदस्य महानुभावहरूले हडबडका साथ ओर्लने सङ्केत गरेपछि, विमानचालक दूतहरूसँगै महान् बीपी (विश्वेश्वरप्रसाद कोइराला) ओर्लनुभयो । त्यो अवतरण भूमि हरियो घाँसले ढाकिएको अमृतमय थियो (कृत्रिम ढङ्गले सजाउन रेशमी कपडा बिछ्याइएको थिएन)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गृहीतमालास्तवकादिवस्तवो
धरागता दिक्प्रभवो दिवौकसः
त्रिपङ्क्तिबद्धा निरमापयन् ध्रुवं
विमानधानीं त्रिधुनीसमागमाम् । ११

स्वागत गर्नेहरू तीन थरि थिए– पार्थिव देवताहरू, लोकपालहरू र अमरावतीका मूल निवासीहरू । थिनीहरू अलग अलग तीन पङ्क्तिले विमान घाटलाई मानौं तीन नदीको सङ्गम (त्रिवेणी)को आकार बनाइरहेका थिए । सबैले आ-आफ्ना हातमा मालाहरू, फूलका गुच्छाहरूजस्ता स्वागत-सामग्री लिएका थिए ।

तेष्वातिथेयेष्वथ दक्षपङ्क्तिगा
भूमूलका गान्धि-जयादयस्तथा
वामावलिस्था वरुणादिलोकपा
अभ्युत्थिता मध्यगताश्च नाकिनः । १२

ती अतिथि-सत्कार-कर्ताहरूमध्ये दायाँ पङ्क्ति पृथिवीमूलक गान्धी, जयप्रकाश आदिको थियो, बायाँ पङ्क्तिमा इन्द्र, वरुण, यम, कुबेर आदि लोकपालहरू उभिएका थिए, बीचको पङ्क्तिमा अमरावतीका मूल निवासी देवताहरू थिए । (इन्द्र त्यहाँका मूल निवासी भए पनि पूर्व दिशाको लोकपालको हैसियतले स्वागतको सन्दर्भमा दिक्पालहरूसँग उभिन्छन् ।)

प्रत्युद्गतः स्वागतिकैस्त्रिपङ्क्तिगै-
रावेशिको माल्यवरैः सगुच्छकैः
संमान्यपर्यायसपर्ययार्पित-
मातिथ्यमादात् प्रतिवन्द्य तान् समान् । १३

स्वागत-कार्यक्रमको सन्दर्भमा तीन पङ्क्तिमा अवस्थित स्वागतिकहरूले श्रेष्ठ मालाहरू र फूलका गुच्छाहरूद्वारा, बिना हडबड पालोलाई मान्यता दिई, गरिएको आतिथ्य-सम्मान सबैलाई प्रतिवन्दना (ढोग फर्काउने काम) गर्दै अतिथिले स्वीकार गर्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विमानचारात् परि योजने स्थितां
सभां सुधर्मामतिथौ प्रयापिते
सुरासुरास्ते सह देवयोनिभिः
सपङ्क्ति पार्श्वद्वय उत्थिताः पथः
"महन् ! जयस्ते भवतात् सदातनो,
महन् ! तपस्ते भवतात् समुज्ज्वलम्,"
अमूदृश-स्वागत-गीति-गायनाः
सगुच्छक-स्रग्भिरमुं समार्हयन् । १४-१५

विमानघाटलाई छाडेर एक योजन (२० किलोमिटर) भरको दूरीमा पर्ने सुधर्मा सभातर्फ अतिथिलाई हिँडाएपछि सम्पूर्ण सुर असुर र यक्ष, रक्ष, सिद्ध, गुह्यक, गन्धर्व, किन्नर आदि देवयोनिविशेष समेत बाटाको दुवैतर्फ पङ्क्तिबद्ध भई खडा भएका थिए । उनीहरूले– "हे महान्, तपाईंको शाश्वत जय होस्, हे महान्, तपाईंको तप समुज्ज्वल बनोस् । " यस किसिमका स्वागत गीतहरूले गुँथिएका, समायोजित गरिएका (स्वागतगानको साथ साथै) फूलका थुँगा र मालाहरूले अतिथिको स्वागत-सम्मान गरे ।

आकर्णयन् सोऽपि नवीननादितं
भिन्दन्महाकाशमपूर्ववादितम्
दिव्यां सुदूर्वामयभूमिमादृतां
मन्दं स्पृशन् नम्रशिरास्तदाऽक्रमीत् । १६
प्रत्युद्यियासाऽऽयसनेन चाग्रिमैः
पेपीयमानैरिव वीक्षितोऽक्षिभिः
संप्रीयमाणः सह संप्रयायिभिः
पश्चाच्चलद्भिश्च ससौहृदय्यकैः । १७

अतिथि कहिल्यै नसुनिएका आवाजहरू र आकाशभेदी वाद्य ध्वनिहरू सुन्दै असल मौलाउँदो दूवोले ढाकिएको पवित्र भूमिलाई पाइलाले स्पर्श गर्दै शिर निहुराएर हिँड्नुभयो । उहाँलाई स्वागत गर्ने इच्छाले आतुर अगाडितर्फका देवताहरूले अत्यन्तै पिउन आँटे जस्ता आँखाले हेर्थे भने अतिथिको सँगसँगै दायाँ बायाँतर्फ हिँड्नेहरू र पछाडिपट्टि हिँड्नेहरूले अति सौहार्दपूर्वक स्नेह प्रकट गरिरहेका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पश्चाद्भवां विस्तृतपङ्क्तिमेकिकां
पङ्क्तिद्वयं सन्नतमग्रतोऽतिथेः
संबिभ्रती सा शुशुभे सभासृतिः
कृष्णात्रिशूल्योरिव संगमस्थली । १८

अतिथिका पछाडिपट्टिको देवगणको पङ्क्ति फराकिलो र एउटै थियो भने अगाडिपट्टि बाटाको दायाँ बायाँ दुई किनारामा नम्रतापूर्वक उभिने देवगणका दुई पङ्क्ति थिए । त्यस बेला सुधर्मा सभातर्फ जाने बाटाको शोभा देवघाटमा काली र त्रिशूलीको सङ्गमस्थली जस्तै देखिन्थ्यो ।

एवं सुरैः परिवृतः परिचर्यमाणो
वाद्यैः स दुन्दुभिमुखै जयगीतिशब्दैः
गन्धर्वगान-सुरवारवधू-सुनृत्यै-
र्विश्वेश्वरः प्रविशति स्म सभां सुधर्माम् । १९

यस प्रकार देवताहरूद्वारा घेरिएर, दुन्दुभि आदि बाजाहरू, गन्धर्वका गीत, जयगानमय ध्वनि र अप्सराहरूका रमणीय नाचहरूले समेत सेवित अतिथि सुधर्मा सभामा प्रवेश गर्नुभयो ।

सा 'पारिजातवन' नामविशालशाला
संसारभारहरसारविसारशीला
निःशेषसौरसरणिं सरतां वनीयं
लोकेषु विश्रुतिमितास्ति सभा सुधर्मा । २०

त्यो 'पारिजात वन' नाम भएको विशाल क्षेत्र (रमणीय उपवन, सभा गर्ने खुला हल) संसारको भार हर्ने सारभूत तत्त्व, आनन्दप्रद छ । त्यो समस्त सौरमण्डलका बासिन्दाहरूले आनन्द लिने बगैंचा हो र लोकहरूमा 'सुधर्मा सभा' भन्ने नामले प्रख्यात छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यां द्वारकाङ्गणविभूषणतां निनीषून्
स्वीयान् विदन् व्यपचकर्ष हरिर्द्युलोकात्
गोलोकयानसमये समयेन भूयः
प्रत्यार्पिपद् मघवते स ततः सभां ताम्। २१

"संयुक्तलोकसमुदाय" उपासनीये
तस्याधिकारसमतां नियमै र्वहन्ती
ऐन्द्रीं पुरीं समधितिष्ठतु शश्वदेषा।
हर्योः समानसमयोऽपरिहार्य एषः। २२

जुन सुधर्मालाई द्वारकामा विभूषण स्वरूप राख्न चाहने आफ्ना मानिसहरूको अभिप्राय बुझेर भगवान् श्रीकृष्णले स्वर्गबाट अपहरण गरी द्वारकामा ल्याउनुभएको थियो, पछि श्रीकृष्ण द्वारकाबाट गोलोक प्रस्थान गर्दा कुनै एउटा शर्तमा इन्द्रलाई नै त्यो सभा फर्काइदिनुभयो। त्यो शर्त के थियो भने "एउटा 'संयुक्त लोक सङ्घ' नाम भएको अन्तरलौकिक सङ्घको स्थापना हुनेछ, यो सुधर्मा इन्द्रलोकमै हमेशा रहोस्, यसमाथि कसैको पनि व्यक्तिगत अधिकार रहनेछैन, यसले नियमतः सङ्घको स्वामित्वभित्र, सङ्घकै अधिकार अन्तर्गत रहनुपर्नेछ।" श्रीकृष्ण र इन्द्रका बीचमा भएको यो सम्झौता सुदृढ, अकाटच भयो।

सा वासुदेवमथ वासवमात्मनाथौ
संमुच्य संघपरवत्त्वमुपेयुषी द्राक्
"संयुक्तलोकसमुदाय" सदो भवन्ती
दिष्टाद् बहो र्दिविषदां सदने सुदीप्ता। २३

त्यस सुधर्मा सभाले आफ्ना पुराना व्यक्ति-मालिक श्रीकृष्ण तथा इन्द्रलाई छोडेर तुरुन्त सङ्घको अधीनता प्राप्त गऱ्यो र "संयुक्त लोक सङ्घ" नामक अन्तरलौकिक सङ्घको सभा भवन (कार्यालय)का रूपमा धेरै समयदेखि अमरावतीमा चम्केको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिग्लोकभूमिवलयप्रमुखाः समासन्
संयुक्तलोकसमुदायसदस्यभूताः ।
वीटाधिकारसबला अथ शक्तिलोकाः
पञ्चैव विष्णु-शिव-शक्र-विरिञ्चि-कालाः । २४

"संयुक्त लोक संघ"को गठन हुँदा सम्पूर्ण दिशाका लोकहरू, पृथ्वीमण्डल आदि सबै लोकहरू सदस्य बने । निषेधाधिकारप्राप्त शक्ति-सम्पन्न लोक पाँचवटा मात्र थिए– विष्णुलोक, शिवलोक, इन्द्रलोक, ब्रह्मलोक र यमलोक । ('ईट गतौ' धातुबाट 'घञ्' प्रत्यय गरेर 'ईट' बन्छ, वि+ईट= वीट; 'वीटाधिकार'को अर्थ निषेधाधिकार वा विशेषाधिकार हुन्छ ।)

संघीयकार्यपरिचालननेतृतायां
प्रारम्भतः कलियुगस्य हरिर्नियुक्तः ।
बुद्धोऽथ विक्रमरविस्तत आस्त गान्धी
पश्चात्ततोऽप्यधिकृतोऽस्ति जयप्रकाशः । २५

"संयुक्त लोक सङ्घ"को कार्य-सञ्चालक नेता (अध्यक्ष)का रूपमा कलियुगको प्रारम्भमा श्रीकृष्णलाई नियुक्त गरियो । त्यसपछि क्रमशः बुद्ध, विक्रमादित्य, गान्धी र जयप्रकाश नारायणलाई नियुक्त गरिएको थियो । (वर्तमान अध्यक्ष जयप्रकाश नारायण हुनुहुन्थ्यो ।)

"संस्थापितो नवजनः सदसोऽधिपत्वे
सञ्चालयिष्यति न वा महतीं सुधर्माम्,"
तन्निर्णयाय बहुधा न्वनुयोक्तुमेनं
सामाजिका उपगताः सकुतूहलं ते । २६

"नयाँ आगन्तुक व्यक्तिलाई सभाको नेतृत्व दिइँदा यस महनीय सभाको सञ्चालन होला वा नहोला" यस कुराको निर्णय गर्न इच्छुक सभासद्हरू उनलाई पर्याप्त प्रश्न गर्न बडो चाखसित उपस्थित थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आवेशिके विशति सा विशदा विशाला
शाला स्वरेण मुखरीक्रियते स्म चारु,
अभ्युत्थितै र्जयजयध्वनिमुन्नयद्भिः
सभ्यैःसुरैः समुदितं समुदीरितेन । २७

अतिथिको प्रवेश हुँदा एकै पटक भित्रका सम्पूर्ण सभासद् देवहरू उठी सामूहिक रूपमा जय जय शब्दको उच्चारण गरे, जुन ध्वनिले त्यो निर्मल र विशाल सभा सुमधुर रूपमा मुखरित भयो ।

अन्योन्य-सत्कृति-नमस्कृति-संस्तुतीनां
प्रत्यर्पणा-प्रतिविधि-प्रकृतेः परस्तात्
अन्वासिते ऽतिथिवरे ऽतिविशिष्टबृष्यां
तूष्णीकतामुपगता त्वरितं सुधर्मा । २८

आपसमा आदर-सम्मान, अभिवादन र प्रत्यभिवादन तथा परिचयसम्बन्धी आदान-प्रदानको प्रकरण (सिलसिला) समाप्त भएपछि, अति विशिष्ट आसनमा श्रेष्ठ अतिथिलाई बसालिसकेपछि, सुधर्मा सभा शान्त भयो । सबै सभासद्हरू चूपचाप लागे ।

तत्रैकतो न्यधिकृता अधिलब्धवीटा
निर्देशिता दिशि दिशि स्म दिशामधीशाः,
भौमाश्च भूम्नि विबभु र्भुवि भूतिभूता,
मध्येसमित्यतिथिमञ्च उदञ्चति स्म । २९

त्यस सभाभवनभित्र एकातिर वीटो अधिकार पाउने लोकहरूका स्थान निर्धारित थिए, इन्द्र आदि लोकपालहरूलाई आ-आफ्ना दिशा विदिशा मिलाएर बस्ने ठाउँ तोकिएको थियो, पृथिवी लोकमा विभूति स्वरूप मानिएका पार्थिव देवताहरू अत्यधिक सङ्ख्यामा आ-आफ्ना निर्धारित स्थानमा बसेका थिए । बीचमा अतिथिको मञ्च सुशोभित थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संघीय-प्रकृति-परम्परोपचाराद्
भूमूलेऽतिथिपुरुषे सुरे विधेये
पीयूषाऽभरित-पवित्र-पानपात्र-
मागन्तौ सपदि समार्पिपत् सुरेशः । ३०

अन्तरलौकिक सङ्घको स्वाभाविक परम्परागत आचार अनुसार पृथिवी-मूलका अतिथि व्यक्तिलाई देवता बनाउँदा गर्नुपर्ने चलन बमोजिम सुरराज इन्द्रले आगन्तुकलाई अमृतले भरिएको एउटा पवित्र पानपात्र (करुवा) टक्र्याए ।

अथो पिबन्नतिथिवरः सुरैर्वृतो
जरारुजामरणहरां सुधां वराम्
धगद्धगज्ज्वलितवपुः स नैमिषे
महासवे हुतभुगिवाबभौतमाम् । ३१

त्यसपछि देवताहरूले घेरिएका ती श्रेष्ठ अतिथि जरा, व्याधि र मृत्युलाई नाश गर्ने श्रेष्ठ अमृत पिउँदा पिउँदै धपक्क बलेको अति तेजोमय शरीर प्राप्त गरी नैमिषारण्यको महायज्ञमा ऋषिहरूका बीचमा रहेको अग्नि झैं सुशोभित देखिए ।

प्राकारवेष्टनबहिः समिता सभाया
मन्दाकिनी निवहते परितः प्रसन्ना ।
यत्र ब्रुडत्-सुरवधू-गण-कोमलाङ्ग-
श्वासानुषङ्ग-सुरभिः पवनः प्रवाति । ३२

त्यस सुधर्मा सभाका पर्खालको घेराबाहिर वरिपरि, अत्यन्त सङ्लो अमृतमय जल भएकी स्वर्गनदी मन्दाकिनी सुसङ्गत रूपमा बगिरहेकी छन् । त्यहाँ डुबुल्की मार्ने, क्रीडा गर्ने देवीहरूको कोमल अङ्ग र साससँग सम्पर्क राख्ने सुगन्धित हावा बगिरहन्छ र सभासद्हरूको सेवा गर्छ ।

केन्द्राद् मिलत्रितयमा परितस्तताया:
प्राकारनिर्मितिरलक्ष्यत दिव्यरूपा ।
यत्राधिलोक-मृगणाऽऽहृत-रत्नखण्डा:
स्वर्गीय-शिल्पमहिमानमुदाहरन्ति । ३३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुधर्मा सभाकक्ष, सभा-क्षेत्रलाई एउटा वृत्ताकार कक्ष मानेर, त्यसको केन्द्रबिन्दुबाट परिधिगत पर्खालसम्मको नापो वरिपरि सर्वत्र तीन मील बराबर विस्तृत छ । त्यस बेलाको आवश्यकतानुसारको यो परिमाण हो । त्यहाँको पर्खालमा प्रयोग गरिएका, पर्खालका निमित्त उपयुक्त रत्नखण्डहरू प्राय: सबै लोकहरूबाट खोजेर ल्याइएका थिए । त्यो पर्खाल देख्दा स्वर्गका कारीगरी (सीप)को नमूना बुझ्न सकिन्छ ।

पौराणिका: प्रणिगदन्ति– "यथेष्टमेषा
विस्तारसंकुचितते सदनस्य कृत्वा
कोटिं सहस्रमयुतं दश वा शतं वा
सामाजिकान् परिगणय्य ददाति मञ्चान् । ३४

शैत्यातप-श्वसनवेग-रवार्द्रशुष्कं
छायर्तु-संचरण-सौरभ-चिन्तनं वा
यावच्च यत् स्पृहितमस्ति तदेव तावत्
सर्वं समर्पयति कामसमर्पिकेयम् ।" ३५

पुराण-वेत्ता विद्वान्‌हरूको भनाइ यस्तो छ– "सुधर्मा सभाले आफ्नो सभाकक्ष (सभा हल) आवश्यकतानुसार ठूलो र सानो, जुन बेला जत्रो चाहिन्छ, त्यत्रै बनाइदिन्छ । बैठक वा सभा-सम्मेलनमा सहभागीहरूको सङ्ख्या हेरेर एक करोड, लाख, दश हजार, हजार, सय, दश हजार, दश; जति सहभागी हुन्छन्, त्यो हेरेर त्यति नै मेचहरू राखिदिएर सो अनुरूपको सभाकक्ष खडा हुन्छ । त्यस्तै सभासद्‌हरूमध्ये ज-जसले जे जस्तो पर्यावरणीय सामग्री चाहेको छ, सो माग अनुसार गर्मी, ठण्डी, हावाको वेग, ध्वनि, आर्द्र, शुष्क, छाया, ऋतु-परिवर्तन, सुगन्ध, चिन्तन जस्ता वातावरणीय चीज जे जति परिमाणमा खोजिन्छ, त्यति परिमाणमै प्रत्येक सहभागीले छुट्टाछुट्टै पाउँछ ।

स्निग्धातपेन तपतस्तपनस्य तापो
मन्द-प्रसारि-सुरसेव्य-समीरणश्च
दिव्यातिदिव्य-पतगाञ्चित-पुष्करस्थौ
तत्रत्य-सांसदवरान् वरिवस्यत: स्म । ३६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अति कोमल तापले तताउने सूर्यको ताप र सुस्त सुस्त बग्ने देवगणसेव्य हावाले पनि दिव्य र अतिदिव्य चराहरूको उडाइले सेवित रमणीय आकाशमार्गबाट त्यहाँका ती श्रेष्ठ सभासद्हरूलाई सेवा टहल गर्दथे ।

सा पारिजातवनराजिविराजिता, यत्-
प्रत्यन्तरं प्रविलसन्ति निकुञ्जवासाः,
संघीय-मेलन-विधेरवधिं समेता
भूरादिलोकपतयो हि वसन्ति यत्र । ३७

त्यो सुधर्मा पारिजात वन-पङ्क्तिले शोभित छ, जुन पारिजात वृक्षहरूको प्रत्येक बीच बीचमा अन्तरमा, कुञ्जहरू (लहराका घरहरू) छन्, जहाँ सङ्घीय सम्मेलनको कार्यक्रमको अवधिभर भूर्लोक, भुवर्लोक आदि लोकका स्वामीहरू बस्ने गर्छन् ।

सस्वस्वपार्षदपताकतया विशेष्यै-
र्दिक्पाल-देवगण-भूपतिभिः सदस्यैः
संबाधिताऽप्यतितमां वितता सुधर्मा
नैवाधिकं मुखरिता धृतकान्तिशान्तिः । ३८

आ-आफ्ना पार्षद (अनुचर सहवासी)हरू र झण्डाको चिह्नद्वारा चिन्न सकिने दिक्पाल, देवगण र पार्थिव राजा-महाराजा, विशिष्ट महानुभावहरू आदि सदस्यहरूले भरिँदा पर्याप्त भीड हुनुपर्नेमा पनि असाध्य फैलिएको त्यो सुधर्मा चमकदार तथा शान्त थियो, कचकच, कोलाहल कतै थिएन ।

संयुक्तराष्ट्रसमुदायसदस्यभूतः
क्ष्मालोक-नायक-गणोऽध्युषितः पृथक्त्वे,
नेपालपस्त्रिभुवनः सपताक आस्त
प्रत्नै र्नवैश्च सहितैः सममेवमन्ये । ३९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथिवीमा संयुक्त राष्ट्र सङ्घको सदस्यता पाएका सम्पूर्ण राष्ट्राध्यक्षहरू वा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका नेताहरू आ-आफ्नो अलग अस्तित्वसाथ बसेका थिए। जस्तै नेपालका राष्ट्राध्यक्ष श्री ५ त्रिभुवन चन्द्रसूर्याङ्कित झण्डासहित पुराना २००७ सालअघिका र नयाँ २००७ साल पछिका सहिदहरूसँगै बस्नुभएको थियो। यस्तै किसिमले अरू राष्ट्रका राष्ट्राध्यक्षहरू पनि बसेका थिए।

वार्धक्य-रोग-निधनाधि- विमोह-शोक-
क्षुत्-तृड्-विकार-विमनस्त्व-विरोध-गर्वाः
कोपाऽक्षमाऽपकृति-मत्सरतादयोऽस्यां
नैवाभियान्ति नृशरीरगता निसर्गाः । ४०

त्यस सुधर्मा सभामा बुढचाइँ, रोग, मृत्यु, मानसिक व्यथा, व्याकुलता, शोक, भोक, तिर्खा, अनर्थक हाँसो र अधैर्य, वैमनस्य, विरोध, घमण्ड, रिस, अक्षमा, अपकार, डाहाड, इत्यादि मानवीय शरीरका प्रकृतिहरूले कतै कुनै पनि सदस्यलाई आक्रमण गर्दैनन्।

पश्यन्ति चान्योन्यमदोषबुद्ध्या
स्निह्यन्ति चार्हन्ति मितं सदस्याः ।
विचार-सिद्धान्त-मतिप्रभेदा
नाचारसाधर्म्यमतिव्रजन्ति । ४१

त्यहाँका सदस्यहरू आपसमा एकअर्कालाई निर्दोष बुद्धिले हेर्ने गर्छन्, आपसमा प्रेम र आदरको व्यवहार परिमित मात्रामा हुन्छ; कसैले कसैलाई आवश्यकताभन्दा बढी प्रेम वा सम्मान गर्दैन। विचारमा, सिद्धान्तमा र मतमा अवश्य भिन्नता हुन्छ, तर ती कुराहरूले सामान्य व्यवहारमा विरूपता ल्याउँदैनन्।

सुस्वागतोपक्रमतः प्रवृत्ते
विश्रामिते नर्तनगीतवाद्ये
समेषु सभ्येषु समासितेषु
स्वस्वासनानि प्रतिगृह्य मौनम्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशिष्ट-भौमातिथि-सत्क्रियार्थे
संघीयरीतिं परिपालयद्भिः
सभामुखोऽन्हाय जयप्रकाशः
संकेतितः स्वागतभाषणाय । ४२-४३

अतिथिलाई स्वागत गर्ने सिलसिलाबाट शुरु गरिएको– चलिरहेको नाचगानबजा रोकिएपछि, सबै सभासद्हरू आ-आफ्ना आसनमा चूपचाप बसेपछि, विशिष्ट पार्थिव अतिथिको स्वागत-सत्कार गर्ने सन्दर्भमा सङ्घको परम्परागत रीतिलाई पालन गर्ने सभासद्हरूले तुरुन्तै सभाका तत्कालीन अध्यक्ष जयप्रकाश नारायणलाई स्वागत भाषण गर्न अनुरोध गरे ।

इति प्रथमद्वारम्

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीयद्वारम्

हिमानीभूमिसंभूतिमतिथिं समितेः पुरः
संस्तोतुं घनगम्भीरनिर्ह्रादाह्लादिनी र्गिरः
प्रस्तुवन् स सभास्तारमूर्धन्यो लोकनायकः
समदर्शी समुत्थाय स्वागतं समभाषत । १-२

हिमाली देश नेपालका सुपुत्र (नेपालका विभूतिस्वरूप) अतिथिलाई सभासमक्ष परिचय दिन मेघको झैं गम्भीर ध्वनिले आह्लाद पैदा गर्ने वाणी उच्चारण गर्दै सभासद्हरूमध्ये मूर्धन्य अध्यक्ष समदर्शी लोकनायक जयप्रकाश नारायण उठेर स्वागत भाषण गर्न लाग्नुभयो ।

भोः श्रद्धेया भुवनपतयो लोकपाला महान्तो !
भौमा देवास्त्रिभुवनमुखाः स्वाधिकारार्थदेहाः !
सर्वेऽत्रत्या अमरनगरीवासिनो मान्यधन्या !
नेपालीयं नयचणमणिं बोधयामोऽधुना वः । ३

श्रद्धेय चौध भुवनका पतिहरू, महामहिम इन्द्र आदि लोकपालहरू, त्रिभुवन आदि पार्थिव देवहरू, जसको भौतिक शरीर मानवाधिकारका लागि समर्पित थियो तथा मान्य र धन्य स्थानीय अमर-नगरनिवासी देवहरू, अहिले हामी नेपालका नीतिवेत्ताहरूका मणिस्वरूप अतिथिबारे परिचयात्मक जानकारी यहाँहरू समक्ष प्रस्तुत गर्दै छौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यावर्तोऽस्त्यवनिवलय-प्रोच्च-मस्तिष्क-सिन्धु-
र्जम्बूद्वीपान्तरितविषये भारतीयान्तरीपे,
विद्याधारा प्रवहति यतो मानवान् तर्पयन्ती,
तच्छीर्षस्थो हिमगिरिवनान्तर्गतो रम्यदेशः
नेपालाख्यो जगति विदितः सार्वभौमः स्वतन्त्रः
शान्तिं प्रेप्सुः श्वसुरभवने क्रीडतीशोऽपि यत्र,
आर्यानार्या विविधपुरुषाः संगता एकराष्ट्रे
कार्याकार्यावगतिविनता यत्र जीवन्ति शान्ताः । ४-५

जम्बूद्वीपभित्रको क्षेत्रमा पर्ने भारतीय महाद्वीपमा पृथिवीमण्डलको उच्च मस्तिष्करूपी सागर आर्यावर्त छ, जहाँबाट मनुष्यमात्रलाई तृप्त पार्ने ज्ञान-धारा बगेको छ; त्यसै आर्यावर्तको शिरतर्फ (माथिल्लो भागमा) हिमाली खण्डको काननभित्र रहेको 'नेपाल' नामको रमणीय देश छ, जो संसारमा प्रख्यात छ, सार्वभौमसत्तासम्पन्न स्वतन्त्र छ, जुन देशमा शान्तिकामी भगवान् शङ्कर आफ्ना ससुरा हिमालयको घरमा क्रीडा गर्नुहुन्छ; जहाँ आर्यजाति र अनार्य जातिका विभिन्न थरी मानिसहरू एक राष्ट्रियताभित्र मिलेर आ-आफ्ना काममा दत्तचित्त भई कर्तव्य र अकर्तव्यको ज्ञानद्वारा विनम्र भएर नै शान्तिपूर्वक जीवन बिताइरहेका छन् ।

तन्नेपालप्रियतनुजनिश्चैष विश्वेश्वराख्यो
वाराणस्यामजनि जननीकुक्षितः शल्यकारात्,
अङ्के मातुस्त्रिशरदहह ! क्रूरतन्त्रेण देशान्-
निर्वास्यत्वे स्वजनसहितस्तां पुनश्चाध्यवात्सीत् । ६

यहाँ त्यसै नेपालका सपूत विश्वेश्वर हुनुहुन्छ, वाराणसीमा माताको कोखबाट जन्म लिँदा संयोगवश शल्यक्रिया पनि अपनाउनुपरेको थियो र तीन वर्षको उमेरमा, साह्रै खेदको कुरा छ, देशको क्रूरतन्त्रद्वारा निर्वासित हुनुपर्दा बाबु आदि परिवारका सबै सदस्यहरूसमेत फेरि पनि वाराणसीमा बस्नुपरेको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गौराङ्गाणां दमनविधिना विश्वसाम्राज्यभाजां
दासीभूतैरधिकृतिगति र्भारतीयैरभीष्टा,
नेपालीयाऽप्यखिलजनता मोक्तुकामैकतन्त्रा-
दासीदेवं शिशुसमयतः क्रान्तिरेवान्वभावि । ७

संसारका अनेकौं देशहरूलाई उपनिवेशका रूपमा अधीन तुल्याउन चाहने साम्राज्यवादी अङ्ग्रेजको दमननीतिले गुलाम बनाइएका भारतीयहरू मूल मानवाधिकार प्राप्त गर्न, भारतलाई स्वतन्त्र बनाउन चाहँदै थिए, नेपाली जनता एकतन्त्री राणा शासनको दमनबाट मुक्ति चाहन्थे । यहाँको जन्म समयताक आर्यावर्तको यही दुर्दशा थियो । यहाँले बाल्यकालदेखि क्रान्तिकै अनुभव गर्नुभयो ।

सामान्येनाध्ययनविधिना प्राच्य-पाश्चात्य-विद्या
गाम्भीर्येणार्थ-नय-विधयो द्व्यष्टवर्षेण लब्धाः ।
पश्चात् ख्यातः सुविधिकुशलो राजनीतेरभिज्ञः,
सप्तद्वीपप्रचलितविधेः कूटनीतेश्च वक्ता । ८

यहाँले सोन्ह वर्षको उमेर हुँदासम्म सामान्य अध्ययनद्वारा पौरस्त्य र पाश्चात्य धर्म, दर्शन, साहित्य संस्कृति आदिको अध्ययन गर्नुभयो, गहिरोसित अर्थशास्त्र, राजनीति एवं कानुनको अध्ययन गर्नुभयो । त्यसपछि कानुनवेत्ता, राजनयिक, सबै द्वीपहरूमा चलेका नीति-विधिको ज्ञाता र कूटनीतिक वक्ताका रूपमा ख्याति प्राप्त गर्नुभयो ।

यदा गौराङ्गाणां प्रबलतम-तन्त्रं दवयितुं
व्यरुन्धन् तान् गान्धि-प्रमुख-प्रभवो भारतसुताः,
तदा काश्यां विद्याध्ययनरत एषोऽपि बहुशः
सतीर्थ्यैः स्वैश्छात्रैः सपदि निगृहीतः प्रहरिभिः । ९

जब अङ्ग्रेजहरूको बलिष्ठ शासनलाई छ्यानब्यान गरी निर्मूल पार्न गान्धी आदि नेताहरूले अंग्रेज शासनको विरोध गर्नुभयो, त्यसबेला वाराणसीमा अध्ययन गर्ने यहाँलाई पनि अङ्ग्रेज सरकारका पुलिसहरूले यहाँका सतीर्थ्य साथीहरूका साथ अनेक पटक गिरफ्तार गरेका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"अरे आङ्ग्लाः शीघ्रं परिहरत नो भारतधराम् !"
यदा संघर्षेऽस्मिन् सुपथिशपथा आग्रहपराः
परोलक्षाः काराभवनमगमन् क्रूरनयतो
वरो वीरो वैरी बिपिरपि च कारागृहमगात् । १०

"अरे अङ्ग्रेजहरू हो ! हाम्रो भारतभूमिलाई तुरुन्तै छोड ।" जब यस सङ्घर्षको सुमार्ग सत्यतामा अडिग र आग्रही लाखौं वीर सपूतहरूले कठोर नीतिको कारणले जेल जानुपरेको थियो, त्यस बेला त्यस आन्दोलनमा सक्रिय भाग लिंदा अङ्ग्रेज सरकारका विरोधी बनेका वीर बीपीलाई पनि जेल जानुपरेको थियो ।

समोतीहारी-भारतपरिहृति-क्रान्तिचरणै-
र्दृढो मानी भूत्वा प्रबलहृदयः कौटनयिकः
विदेशे नैपालान् विदधदधिकारैः परिचितान्
विरोधे सत्तायाः समघटयदाप्तान् दलनये । ११

मोतीहारी काण्डदेखि भारत छोड आन्दोलनसम्मका सङ्घर्षका चरणहरूबाट यहाँ दृढ र स्वाभिमानी बन्नुभयो, अनि बलियो हृदय र कूटनयज्ञताका आधारमा विदेशस्थित नेपालीहरूलाई मानवाधिकारसँग परिचित गराएर आत्मीय (नेपाली)जनहरूलाई राणासत्ताको विरोधमा दलीय सिद्धान्त-सूत्रमा सङ्गठित गर्नुभयो । (एउटा दल गठित गर्नुभयो ।)

"प्रजातन्त्रोद्देश्ये घटितदलयोः सोदरतया
नभिन्नप्राप्यत्वादपि दलमनंशं समुचितम्,
समाच्छेद्यं शीघ्रं परुषतमतन्त्रं" निगदता
स 'नेपालीकाङ्ग्रेस' इति समुदायः सुघटितः । १२

"प्रजातान्त्रिक उद्देश्यले गठित दुईवटा दल सहोदर (दुई भाइ) हुन्, यिनीहरूको लक्ष्य (पुग्ने ठाउँ) एउटै छ, यसैले अखण्ड पार्टी हुनु सार्है बेस हुन्छ, किनभने छिटोभन्दा छिटो हामीहरूले अति दारुण सत्ता पल्टाउनु छ ।" यसो भन्दै यहाँले (काङ्ग्रेस नामका दुई प्रजातान्त्रिक पार्टीहरूलाई मिलाएर) "नेपाली काँग्रेस" नामको एउटा दल गठित गर्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राणासत्ता-चरम-चरणे प्रादुरासीद् भवाँस्तत्-
काले कुत्स्यं कलितकलुषं काल्यमानं कुलीनम्
क्रूरं तन्त्रं सकलमनुजानेडकीयत् प्रवृत्तं
स्वच्छन्दं स्म प्रचलति जनान् यातयद् रुक्षयच्च । १३

यहाँ (बीपी) राणा सत्ताको अन्तिम चरणमा जन्मनुभएको थियो, जुन बेलाको कठोर शासन निन्दनीय, पापमय, अपराधपूर्ण, आफूलाई कुलीन ठान्ने, त्यस्तै उपदेश दिने तथा जनतालाई भेडा बनाएर चलेको थियो, स्वेच्छाचारी रूपमा जनतामाथि रूखो व्यवहार गर्दै यातना र दण्डको बलमा सरकारको शासन चल्दथ्यो ।

दास्यान्मुक्तौ प्रकृतिसुलभ-स्वत्व-संस्थापने च
नानाव्याजैः प्रयतमनसाऽऽन्दोलिता नागरा ये
तेषां धर्मो दशरथचनः शुक्रराजोऽथ गङ्गा-
लालश्चैते महितचरिता घातिताः प्राणदण्डैः । १४

एकतन्त्री शासनको दासताबाट छुटकारा पाउने र नैसर्गिक मानवीय स्वत्व (मूल अधिकार)को स्थापना गर्ने सन्दर्भमा (गीता प्रवचन आदि) अनेक बहानाले पवित्र हृदय लिई आन्दोलनमा उत्रेका नागरिकहरूमध्ये गङ्गालाल, दशरथ चन्द, धर्म भक्त र शुक्रराज– यी महान् चरित्रवाला प्रमुख नेताहरू प्राणदण्ड दिएर सहिद बनाइए ।

उन्मत्तायां जनबलरिपौ राजनीतौ समस्ताः
सामाजिक्यो विविधगतयो व्यङ्गतां यान्ति नूनम् ।
स्वाम्युन्मादात् प्रकृतिकुटिले गूढवैरे कुटुम्बे
सञ्जायेत स्वभवनगति र्व्यस्त-विभ्रष्ट-नष्टा । १५

जब राजनीतिक क्षेत्र (सरकार) जनबलको शत्रु बन्छ, उन्मत्त हुन्छ; त्यसबेला समाजका समस्त गतिविधिहरू (शिक्षा, संस्कृति, कला, अर्थतन्त्र, उद्योगधन्दा आदि) विकृत, विकलाङ्ग बन्दछन् । कुनै घरको मालिक उन्मत्त भयो भने सम्पूर्ण परिवार भित्रभित्रै शत्रु बन्छ, स्वभावतः टेढिन्छ, त्यस अवस्थामा घरको सम्पूर्ण व्यवस्था छ्यान्नब्यान्न हुन्छ, नष्ट-भ्रष्ट हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रागुत्सिक्तं सहिदरुधिरैस्तप्तरक्तं समेषां
घोरां शास्तिं विशसितुमथ प्राधिकाराप्तिहेतोः
सर्वे लग्ना विमलमतयः स्व-स्व-शक्त्या समेताः
संघर्षेऽस्मिन् महति महती नेतृताऽऽकाङ्क्षिताऽभूत् । १६

पूर्वोक्त सहिदहरूको रगतले सम्पूर्ण नेपालीहरूको तातो रगत उम्ल्यो, मानवाधिकारका लागि भीषण शासनतन्त्रको अन्त्य गर्न स्वच्छबुद्धि सबै नेपाली आ-आफ्ना शक्तिले जुटेर सङ्घर्षतर्फ लागे, यस महान् आन्दोलनमा महत्त्वपूर्ण नेतृत्वको अपेक्षा थियो ।

संघर्षे चलिते विराटनगरे न्यग्राहि नेता भवान्,
पद्भ्यामेव हि पञ्चविंशतिदिनैः कान्तिं पुरीं प्रापितः
कारायां निहितश्च नैकदिवसान् पश्चाद् विमुक्तस्ततो
राणा-तन्त्र-विरोधि-गुप्त-महतीं संस्थां समास्थापयत् । १७

जन-आन्दोलनका सन्दर्भमा नेतृत्व लिनुभएपछि विराटनगरको सङ्घर्षमा यहाँलाई गिरफ्तार गरियो । २५ दिनसम्म पैदल हिँडाएर काठमाडौं पुऱ्याई धेरै दिनसम्म जेलमा राखियो । जेलबाट छुटेपछि गोप्य महत्त्व भएको भूमिगत रूपमा काम गर्ने संस्था यहाँले स्थापित गर्नुभयो ।

तत्संचालन-नेतृतां च भवतो विच्छेदयच्छासनं
कारायां न्यदधादिमं सनिगडं दुर्यातयद् दारुणम् ।
तत्राऽमृत्यु दृढव्रतेऽत्रभवति प्रायोपवेशे स्थिते
गान्धी राममनोहरोऽहमपि, यैः संमोचितो बन्धनात् । १८

त्यस गोप्य सङ्गठनको सञ्चालन गर्ने नेतृत्वबाट यहाँलाई अलग्याउन सरकारले नेलसहित कठोर दुर्यातना दिँदै जेलमा राख्यो । जेलमा यहाँले कठोर नियमसहित आमरण अनशन गर्नुभएपछि, महात्मा गान्धी, राममनोहर लोहिया र मैले (राणाशासनलाई अनुरोध गरेर) जेलबाट छुटायौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रान्त्युल्का ज्वलिताऽस्त्रशस्त्रसहिता मेचीं महाकालिकां
व्याप्नोद् भारतवासिनोऽपि तरुणा धीराः स्वदेशेऽविशन् ।
ओजःशौर्यपराक्रमैरथ भवान् नेतृत्व-भारं वहन्
विश्वस्तो जनताजनार्दनहृदा साफल्यमापद् द्रुतम् । १९

मेचीदेखि महाकालीसम्म सशस्त्र क्रान्तिको राँको बल्यो । त्यस बेला देशभित्रका तरुणहरू बाहेक भारतमा बसेका नेपाली युवकहरू धैर्यसाथ स्वदेश पसे । ओज, शूरता र पराक्रमसँग नेतृत्व-भार बोक्नुहुने यहाँले जनताको विश्वास पाएर छिटै नै क्रान्तिमा सफलता पाउनुभयो ।

❀ ❀ ❀

संस्मर्तव्यमिहास्ति यत् त्रिभुवनो विक्रान्तवीरो महान्
राजा क्रान्तिमहोत्सवे जनतया सार्धं स्थितो दीक्षितः ।
अन्योन्यं जनता-महीपति-गतौ श्रद्धानुरागौ तदा
श्रीमद्दाशरथि-स्थितिं स्मरयतः स्मैवं जना जानते । २०
संसारस्थितराजतन्त्रविषयान् प्रारम्भकालात् कले-
रन्विष्य क्व नु लभ्यते जनमतं संमानयन् भूपतिः ?
औदार्याज्जनतन्त्रतादरभरादुल्लङ्घयन् तत्स्थितिं
त्यागादर्शमयायने त्रिभुवनो वीरोऽद्वितीयोऽभवत् । २१

यहाँनेर सम्झनुपर्ने कुरा के छ भने महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव जनतासँगै क्रान्ति-महायज्ञमा दीक्षित हुनुभयो । त्यस बेला मौसुफ र जनताको बीचमा देखिएको सम्बन्ध आपसमा जनताको राजाप्रति श्रद्धा र राजाको जनताप्रति अनुरागले रामराज्यको आदर्श मर्यादालाई सम्झाउँछन्; यही कुरा नेपालीहरू जान्दछन् । कलियुगको प्रारम्भकालदेखि आजसम्मको संसारका राजतन्त्रको इतिहासमा अनुसन्धान गरेर हेरे पनि त्यसरी जनमतको कदर गर्ने राजा कहाँ पाइन्छ ? श्री ५ त्रिभुवनले जनमतको कदर नगर्ने परिपाटीको उल्लङ्घन गरी त्याग र उदारताको आदर्श मार्ग अपनाएर अद्वितीय हुनुभयो ।

❀ ❀ ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राणासत्ताव्युदासोदितदृढजनसंघर्षसाफल्यपश्चा-
दस्थैर्ये नेतृराणासमयसमुदिता मन्त्रिपर्षत् परीष्टा,
यस्यामन्तर्विभागेऽत्रभवति निहिते मोहनाख्यः प्रधानो
ऽवैरायिष्टाधिनेता, विदलितघटिकाखण्डिका नैव योज्या । २२

राणाशासन उखेल्नाका निम्ति उठेको प्रबल जन-आन्दोलन सफल भएपछि एउटा अस्थिर (अन्तरिम) सरकारको बन्दोबस्त भयो, त्यसमा काङ्ग्रेसी नेताहरू र राणाको मिश्रित मन्त्रिपरिषद् गठित थियो । त्यसको गृह विभागमा यहाँ (विश्वेश्वरप्रसाद कोइराला) रहनुभयो, परन्तु तानाशाही मनोवृत्ति भएका प्रधानमन्त्री मोहनशमशेर जननेतासँग कठोर शत्रुता राख्न थाले । फुटेको घैँटाका टुक्राहरू जोड्न कहाँ सकिन्छ र !

"संधानीयं जनानां प्रतिनिधिसदनाऽधायकं संविधानम्"
इत्थं क्रान्तान्तजाते नृपजनसमये ध्यानमाक्रष्टुकामः
भद्रावज्ञादिनानाव्रतनियमपरस्तप्यमानस्तपो ऽयं
बाह्यस्तत्सर्वकाराज् जनबलकलने संप्रवृत्तः स्वतन्त्रः । २३

"जनप्रतिनिधि सदनको निर्मापक संविधान तर्जुमा गर्नुपर्छ" भन्ने सम्झौता क्रान्तिको अन्त्यमा राजा र जनताको बीचमा भएको थियो । त्यस सम्झौताप्रति सबैको ध्यान आकृष्ट गर्ने इच्छानुसार यहाँले राजीनामा दिई सरकारबाट बाहिर बसेर भद्रअवज्ञा आन्दोलन जस्ता व्रत र नियम लिनुभयो । त्यसरी कठोर तपस्या गर्दै स्वतन्त्र रूपमा जनताको माझमा रही यहाँ जनबल बटुल्न प्रवृत्त हुनुभयो ।

विश्वासोज्जासयासा अपि दलनिषिताः खुण्डिताः स्वार्थहेतोः
केचिन्निर्बन्धतत्त्वोन्नमनमनुरता व्यस्मरन् रक्तपातम् ।
भाता राणाविमुक्तेरनु चपलतमा राजनीतेः प्रदीप्तिः
पातङ्गीव प्रभाते हिमगिरिपतिताऽनुक्षणं भिन्नवर्णा । २४

पार्टीको बन्धन-(अनुशासनसूत्र)मा बाँधिए तापनि केही काङ्ग्रेसी नेताहरू विश्वासघातमा प्रयत्नरत भए, धोखेबाज बने, तुच्छ स्वार्थका निमित्त टुक्रिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रान्तिकालीन रक्तपात र बलिदानलाई चटक्कै बिर्सेर दुर्मन्त्रद्वारा निरङ्कुश तत्त्व उठाउने काममा रमाए । फलतः राणातन्त्र समाप्तिपछि नेपालको राजनीतिक छवि चौपट्टै चञ्चल (अस्थिर) भई चम्क्यो । बिहानै हिमचुलीमा जसरी सूर्यको प्रभा छिनछिनमा रातो-पहेँलो-सेतो हुँदै बदलिन्छ, त्यसै गरी नेपालको राजनीतिक आभा (२००७ देखि २०१५ सम्म) प्रायः बदलिइरह्यो ।

इत्थं नेपालराष्ट्रे तमसि निपतिते सप्त वर्षाणि भूयः
सौम्ये स्वप्ने जनानां परशुविनिहते काङ्क्षतां शासनं स्वम्
देशं राष्ट्रीचिकीर्षौ व्रतयति नितरां नेतृवर्गे प्रजानां
संमिश्र्यार्धार्धतन्त्रं कथमपि विवशैः साधितं संविधानम् । २५

यसप्रकार राणा शासनको अवसानपछि फेरि पनि सात वर्षसम्म नेपाल राष्ट्र अस्थिर सरकारको शासनमा, निश्चित दिशाको अभावमा अन्धकारमा डुब्यो, जनराज्य-कामना गर्ने जनताको मधुर सपनामा कुठाराघात भयो, तर देशलाई राष्ट्र बनाउन चाहने नेताहरूले संविधानका निम्ति कठोर तप गर्दै रहे । अनि विवशतावश चौथाइ भाग प्रजातान्त्रिक तत्त्व मिसिएको संविधान तयार पारी स्वीकृत गरियो ।

येनापूर्णेन भुग्ना कपट-पट-कटा धारिका धारिताऽऽसी-
दङ्गीकुर्वन् भवाँस्तत्परपरदिवसैर्लोकतन्त्रानुकूलम्
भागं गृह्णँस्तदाद्ये प्रतिनिधिचयने संविधानादघोषि
नेता मन्त्री प्रधानोऽपि च विजयिदलात्तुर्यभागप्रहीणात् । २६

जुन अधूरो संविधानभित्र कपटरूपी टालोको ढकनीस्वरूप कुटिल धारा पनि थियो, त्यस्तो संविधानलाई यहाँले भविष्यमा सुस्त सुस्त क्रमिक रूपमा प्रजातन्त्रको अनुकूल तुल्याउन सकिएला भन्ने आशा राखी स्वीकार गर्नुभयो र प्रथम आमनिर्वाचनमा भाग लिनुभयो, जसमा चौथाइ सिट छोडेर ७५ प्रतिशत सिट पाई विजयी हुने पार्टीको नेता र सांविधानिक ढङ्गले प्रधानमन्त्री समेत हुनुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीयेतिहासेऽभिनव-नय-चणै र्योजनायां वृतायां
संमान्यो मन्त्रिमुख्यो विवृतमकृत तं योजनायोगमेषः ।
तत्काले तस्य कक्षेऽधिकृतभृतिभुजो भाषिताः सूक्तिमेतां
"नीतिज्ञा ! भूपचित्रं धरत तृणकुटीस्थार्तिमत्सीरिचित्रैः ।" २७

नेपालको इतिहासमा नौलो नीतिको निर्माता विद्वान्हरूको तत्त्वावधानमा योजना-सञ्चालन गर्ने तर्जुमा हुँदा प्रधानमन्त्री यहाँ (बीपी कोइराला)ले योजना आयोगको उद्घाटन गर्नुभएथ्यो । त्यस अवसरमा योजना आयोगको कार्यालयमा (जहाँ राजाको तस्वीर टाँगिएको थियो) यहाँले नीतिनिर्माता योजना आयोगका पदाधिकारीहरूसमक्ष यो सुभाषित भन्नुभएथ्यो– "नीतिवेत्ता योजनाकारहरू ! तपाईहरूले यो चित्र (राजाको तस्वीर)सँगै खरले छाएको झोपडीमा बस्ने दीनहीन हली (कृषक)को तस्वीर पनि राखेर योजना बनाउनुहोस् ।

राणासत्तावधौ या ब्रिटिशमभिरता सा तटस्थीकृता द्राङ्
नीती राष्ट्रान्तरीया स्वकविषयहिता शक्तिपक्षानपेक्षा ।
संयुक्ते राष्ट्रसंघेऽपि परममहतीं भूमिकां निर्वहन् स
नेपालोऽभूत् सुबद्धोऽतिबहुलविषयै र्दौत्यसंबन्धसूत्रे । २८

राणाशासनकालभर ब्रिटिशतर्फ झुकेको वैदेशिक नीति नेपालका निम्ति आवश्यक र हितकर बनाउन यहाँले शक्तिराष्ट्रको गुटसँग असम्बद्ध तटस्थ परराष्ट्र नीतिको अवलम्बन गर्नुभयो । संयुक्त राष्ट्र सङ्घमा साह्रै ठूलो भूमिका निभाउँदै नेपालले त्यस बेला विश्वका अनेक राष्ट्रहरूसँग दौत्यसम्बन्ध स्थापित गरेको थियो ।

सीमा-संबद्ध-वादे ससगरशिखरे "त्यज्यते नेञ्चमात्रम्"
इत्थं दाढर्येन सीम्नो नयपरसमयो मित्रचीनेन जातः ।
भू-स्वामित्व-व्यपाये व्यरचि दृढविधिः संसदीय-प्रकारैः
सामन्तानां विरोधेऽप्यथ च सुघटिता शासकीय-व्यवस्था । २९

चीनसँग सीमा-विवाद उठ्दा सगरमाथाको चुचुरो कता पर्ने भन्ने कुरा उठेर तीव्र चर्चामा आयो । त्यस बेला यहाँले दृढतापूर्वक "हामी आफ्नो भूमि एक इञ्च पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोड्दैनौं" भन्नुभयो । पछि मित्रराष्ट्र चीनसँग सीमा-नीतिसम्बन्धी सम्झौता सम्पन्न भयो । त्यस बेला संसदीय प्रणालीद्वारा "बिर्ता उन्मूलन ऐन" लागू गरियो । यद्यपि त्यसमा सामन्तहरूले घोर विरोध गरे । प्रशासनिक पुनर्गठन पनि त्यस बेला गरिएको थियो ।

भूपं श्रीमन्महेन्द्रं प्रतिवदति भवानेकदा स्मानुयुक्तो
ग्रासं वासोऽथ वासं सकलजनपदावासिनः सँल्लभन्ताम् ।
शिक्षां भैषज्यमेतत् सुकरमिति दृढं विश्वसिम्याशयाहं,
लक्ष्यञ्चैतत् प्रपूर्य दशभिरथ परं पञ्चभि र्हायनानाम् । ३०

एक पटक यहाँले महाराजाधिराज श्री ५ महेन्द्रका प्रश्नको जवाफमा मौसुफसँग भन्नुभएको थियो– सम्पूर्ण नेपालीहरूलाई गास, कपडा, आवास, शिक्षा र ओखतीमूलो उपलब्ध हुनुपर्छ । यो प्रबन्ध सजिलोसँग गर्न सकिन्छ भन्ने कुरामा मलाई आशा एवं दृढ विश्वास छ । यो लक्ष्य १५ वर्षमा पूरा गर्न सकिन्छ ।

लोकं राष्ट्रं समाजं भरण-विकसनै र्दीपितान् लक्षयन्तो
दासत्व-प्राप्त-पिण्डाः प्रपिशुन-शुनका बुक्किता ईर्ष्ययेद्धाः ।
तस्मात् सार्धैकवर्षे विविधि विघटिता पञ्चवर्षाऽपि संसद्,
कारायां मन्त्रि-पर्षत् प्रतिनिधिसहिता यातनाभिर्निबद्धा । ३१

यहाँको शासनकालमा प्रजातन्त्र, राष्ट्रियता र समाजवाद पालनपोषण र विकासद्वारा चम्किला तुल्याइएका देखेर ईखले जलेका, दासताबाटै पिण्ड (धन पैसा) पाउने सिद्धान्त भएका चापलूस-कुकुरहरू भित्रभित्रै भुक्न थाले । फलतः पाँच वर्षका लागि गठित संसद् डेढ वर्षमा असंवैधानिक ढङ्गले विघटित गरियो । समस्त प्रतिनिधिहरूसहित मन्त्रीहरू कठोर यातानाका साथ जेलमा राखिए ।

"अपि नयपथो निर्बाधो वा समस्तु नृणां सुगो ?
ननु जनमनोमान्यो न स्यान्महीमहितो भवान् ?
द्रविण-समता-दानाद् रच्या विलक्षण-संस्थिति ?"
रितिमतियुतैः कारागारेऽदयं दुरयात्ययम् । ३२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

के नीतिको बाटो निर्बाध रूपमा सम्पूर्ण जनताका लागि सुगम हुनु ठीक होला ? (राजनीतिक स्वतन्त्रता जनतालाई दिन हुन्छ ? अहँ, यो त ठीक भएन ।) जनताको हृदयद्वारा सम्मानित यिनी (बीपी कोइराला) पृथिवीभरमा यश पाएर प्रतिष्ठित होलान् ? (त्यसरी प्रतिष्ठित हुन त दिनुहुन्न ।) जनतालाई आर्थिक समानता दिएर अनौठो सामाजिक रचना बनाउनु उचित छ ? (त्यस्तो त ठीक भएन ।)" यस्तो मति भएकाहरूले यहाँलाई निर्दयतापूर्वक दुर्यातनामा पारेर जेलमा राखे ।)

अहह ! सकलक्रान्तेरन्तोऽभवज्जनविप्लव: !
सुदृढरचना राष्ट्रस्याभूत् सुदासतयाऽऽवृता !
निवहनिगद: संक्रान्तोऽभून्निजे भजने ! जना
अधिनयमयु: स्वाधीनत्व-प्रशासन-शंसिन: । ३३

हाय ! २००७ सालको क्रान्तिको परिणाम आतङ्क, विप्लव, सन्त्रास र थर्थरीमा पुगेर टेकियो । नेपाललाई बलियो राष्ट्र बनाउने सङ्कल्प दासता (नोकरशाही)मा अडियो– राष्ट्रियता दासत्वमा परिणत भयो । समाजवाद व्यक्तिको भजन-स्तुतिगानमा सरुवा भयो । जसलाई समाजवादको पाठ सिकाइन्थ्यो, त्यसलाई व्यक्तिको भजन गाउन सिकाउन थालियो । जनताको राज्य (स्व-राज्य) चाहने जनता तानाशाही पिँजडामा जाकिए ।

जनदृशि रज: प्रक्षेप्त्री सा विलक्षण-पद्धति:
श्रुतिमनुसृता प्रोक्ता तृष्णग्धुरीणकपण्डितै:,
अविदितगति र्व्यैतिह्याहो ! फणिश्रवणायिता-
ऽप्यनुकृतिचणै र्बाह्या वाह्यीकृता जनजीवने । ३४

त्यसपछि जनजीवनमा (नेपालीहरूमाथि) एउटा अनौठो पद्धति जबरजस्ती लादियो, जो अनुकरणद्वारा बाहिरबाट (पाकिस्तानी तानाशाह अयूब खाँको शैलीबाट) ल्याइएको, जनताको आँखामा छारो हाल्नु मूल उद्देश्य भएको, अज्ञात चाल भएको, फेद-टुप्पो इतिहास नभएको, सर्पको कान जस्तै असम्भाव्य स्थितिको थियो । जनजीवनभन्दा नोटका टुक्रा नै साध्य मान्ने लोभीका धुरन्धर पण्डितहरूले त्यस (पञ्चायत) प्रणालीलाई वेदानुसारी छ भन्ने दुष्प्रयास पनि गरें ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ बिपिरयं कृष्णः सिंहोऽपि ते जननायका
भृगु-पुलहक-व्यासादीनां पथा तपसि स्थिताः ।
विपिनवसना मुक्तिं प्रैप्सन् पुरातन-तापसा,
निगडवसनाः क्रूरात् तन्त्राद् विमुक्तिमिमेऽधिपाः । ३५

त्यसपछि यहाँ बीपी, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह जस्ता ती जननायकहरू भृगु, पुलह, व्यास आदिको मार्गले तपस्यमा रहनुभयो । फरक यत्ति थियो कि पुराना भृगु आदि तापसहरू वनमा बसी तपद्वारा मुक्ति चाहन्थे, यहाँहरू नेलसहित जेलमा बसी क्रूरतन्त्रबाट छुट्कारा (समाजको स्वच्छता र समुन्नति) चाहनुहुन्थ्यो ।

❀ ❀ ❀

इहभवकतो वंश्यो भ्राताऽभवद् गिरिजाभिधो
नवतरुणकै र्मान्यो नेता, समस्तजनार्हिते
परिवृढगणे कारां नीते विपन्नपरिस्थितौ
स नयकुशलः प्रावर्तिष्ट स्वकृत्य-विनिश्चये । ३६

द्रढयितुमना लोकायत्तं बलं स दलानुगं
व्यचरदभितः प्रायोऽदृश्यो निरङ्कुशशासकैः ।
समवगमयन् छात्रान् यूनश्च कुत्सितशासनं
स समघटयत् 'सैन्यश्चैकोऽह' मित्यनुसंगृणन् । ३७

यहाँका वंशजात भाइ गिरिजाप्रसाद कोइराला नवयुवकहरूका मान्य नेता हुनुहुन्थ्यो । संसद्विघटनपछि सम्पूर्ण जनताका मान्यवर नेताहरू जेलमा थुनिनुभएपछि, निर्देशन दिने प्रामाणिक व्यक्ति कोही भएन । त्यस बेला एउटा विपन्न, सङ्कटपूर्ण परिस्थिति आयो ! तब नीतिकुशल गिरिजाबाबू 'अहिले मेरो कर्तव्य के हो ?' भन्दै घोरिएर आफ्नो कर्तव्य निश्चय गर्नेतर्फ लाग्नुभयो । उहाँले जनबल जरैदेखि बलियो पार्ने र त्यसलाई पार्टीगत सूत्रमा मजबूत तुल्याउने आँट लिनुभयो । उहाँ नेपालका शासकहरूबाट प्राय: लुकीछिपी स्वदेश र भारतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जतातत्तै घुम्नुभयो । उहाँले (बनारस आदि ठाउँमा ?) विद्यार्थीहरूको जमात र अरू तन्नेरीहरूलाई नेपालको घृणित शासनको जानकारी दिनुभयो । 'म एउटा सिपाही हुँ' भन्दै तिनीहरूलाई बलियो साङ्गठनिक सूत्रमा बाँध्नुभयो ।

❀ ❀ ❀

पुनरधिवसन् कारामष्टौ समा अचिकित्स्यरुग्-
निगलितवपु र्जातः खिन्नाः समेऽथ विमोचितः ।
कृशतनुरयं तावत्कालं हि भारतमावसन्
नयमनुसरन् प्रत्यावृत्तोऽथ राष्ट्रियमेलनम् । ३८

यहाँ बीपी फेरि पनि (२००७ सालको क्रान्तिपूर्वको जेल बाहेक २०१७ सालदेखि) आठ वर्ष जेलमा रहनुहुँदा औषधि गर्न नसकिने कठोर रोगले शरीरै निल्ला जस्तो गरी पीडित हुनुभयो । सबै जनता खिन्न भए । त्यसपछि जेलबाट छुट्कारा पाउनुभयो । दुर्बल शरीर लिई आठ वर्ष भारतमा रहनुभयो । अनि राष्ट्रिय मेलमिलापको नीति अनुसरण गरी भारतबाट (२०३३ मा) स्वदेश फर्कनुभयो ।

अवमतिचरं कृत्वा पञ्चा इमं समभर्त्सयन्-
नधिगतधनाश्चत्वारिंशच्छतायतनेषु ते ।
महितयशसा सार्धं मूल्यं ततो भवतः समे
नवतरुणकाः प्रत्याय्यन्त प्रतीपपथेन तैः । ३९

यहाँ (बीपी)लाई अपमानको लक्ष्य बनाएर सरकारको तर्फबाट पर्याप्त धन पाएका पञ्चहरूले चार हजार निकायमा भर्त्सना गरे । (जिल्ला पञ्चायत, नगर पञ्चायत र गाउँ पञ्चायतमा यस्तो व्यापक भर्त्सना भयो । नेपाल सरकारबाट पारपत्र नपाई भारतबाट पारपत्र लिई औषधोपचारार्थ अमेरिका जानुहुँदा बीपीप्रति भर्त्सना र भारतप्रति क्षोभ व्यक्त गरिएको थियो) यस्तो प्रतिकूल (विरोधी) बाटोबाट नै पञ्चहरूले यहाँको महान् यश र मूल्य नयाँ पीढीलाई विदित गराए । (२०१७ सालपछिका नवयुवकहरूलाई पञ्चहरूको बीपीप्रति प्रस्तुत निन्दा-भर्त्सनाले नै प्रजातन्त्र र बीपीवाद खोज्ने अवसर दियो ।) बीपी के थिए र यी पञ्चहरू यसरी गाली गर्छन् भनी नयाँ युवकहरू बीपीको सिद्धान्त खोज्ने काममा लागे, यसर्थ पञ्चहरूको गाली बीपीका निमित्त मूल्यवान् साबित भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यरचि विमला ख्याति: पञ्चैरतो भवत: स्थिरा,
प्रचुरविभवं प्रादात् तेभ्यो भवान् ननु भौतिकम् ।
जलवितरणाच्छक्र: क्ष्मां, तं धरापतिरध्वरात्
समुपकुरुतोऽन्योन्यं स्मेति स्थिति: समयुज्यत । ४०

यस प्रकार पञ्चहरूले निन्दा र अपमान गर्दा बीपीको यश उज्ज्वल भई आत्मिक उपकार भयो, अर्कोतर्फ बीपीको निन्दाबाटै पञ्चहरूले प्रशस्त धन कमाई भौतिक लाभ उठाए– बीपीद्वारा उपकृत भए । प्राचीन कालका भारतीय राजाले यज्ञद्वारा इन्द्रको उपकार गर्थे, इन्द्रले पानी वर्षाएर पृथिवीको उपकार गर्थे । यस्तो परस्पर उपकारात्मक आदान-प्रदान, शत्रुताकै बलमा पनि, बीपी र पञ्चहरूको बीचमा, संयोगवश, भयो ।

द्विषति जनतां राष्ट्रामित्रे निरङ्कुशमानिनि
कथयति नृपं 'पाश्योऽसा' वित्यनुत्तरदायिनि
अतिबलरुज: स्वास्थ्यायास्मै प्रयातुममेरिकां
सदयहृदयो लक्षं मुद्रा अदादवनीपति: । ४१

जनविरोधी, राष्ट्रशत्रु, आफूलाई निरङ्कुश सम्झने अनुत्तरदायी तत्त्वले महाराजाधिराजसमक्ष "यसलाई फाँसी दिनुपर्छ" भनिरहेकै बेलामा दयालु हृदय भएका श्री ५ महाराजाधिराजबाट अत्यन्त बलियो रोगबाट स्वास्थ्यलाभार्थ अमेरिका जानाका निम्ति यहाँलाई लाख रुपैयाँ प्रदान गरिबक्सेको थियो ।

अथ भवति तत् सप्तासत्याभियोगनिपातनं
वितथमकरोन् न्यायाधीश: श्रुताप्तविवर्णन: ।
नय-परिगतिर्द्वीपान्त:स्थाऽपि बीजमभूत्तदा,
वदति जनता- 'जीवन् सोऽयं सहीद' इति स्म सा । ४२

त्यसपछि यहाँमाथि लादिएका सातवटा झूटा अभियोगहरूलाई यहाँबाट प्रामाणिक र विशिष्ट बयान सुनेर न्यायाधीशले असत्य सावित गरिदियो । यसमा एसिया महाद्वीपको तत्कालीन राजनीतिक परिवर्तनको लहर पनि कारण थियो । यसैले जनताले यहाँलाई 'जिउँदो सहिद' भनी पुकार्ने गर्दथ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ भारतशासनं चिरं त्रिदशाब्दान् दलमेकमाश्रितम्,
शरदो द्वितयं तदिन्दिरा परुषीकृत्य जनानपीडयत् । ४३

(तत्कालीन राजनीतिक परिवर्तनको सन्दर्भमा भारतको राजनीतिक स्थितिबारे केही चर्चा गर्न चाहन्छु)– स्वाधीनतापछि भारतमा तीस वर्षसम्म एउटै काङ्ग्रेस पार्टीको शासन स्थिर रह्यो । पछिल्ला दुई वर्ष इन्दिरा गान्धीले शासनलाई क्रूर, रूखो बनाएर जनतालाई पीडा दिइन् ।

निहतं जनतन्त्रमञ्जसाऽऽभरितं बन्धनवेश्म नेतृभिः
सह मादृशनेतृभिः परेऽपरिमेया दमिता हि दुर्जयाः । ४४

सजिलैसँग तुरुन्तै लोकतन्त्रको हत्या भयो, नेताहरूलाई थुनेर जेल भरियो, म जस्ता नेताहरूसँगै अरू असङ्ख्य दुर्जय नेताहरू-प्रजातन्त्रप्रेमीहरू दण्डित गरिए, दमनका शिकार बने ।

अधिनायकुशास्ति-तर्दितानसमीक्ष्यैव विरक्तनागरान्
स्वदलीय-जयाऽशया तया जन-निर्वाचन-घोषणा कृता । ४५

जनता तानाशाही कुशासनद्वारा पीडित छ र आफ्नो शासनप्रति विरक्त छ भन्नेतर्फ ध्यानै नदिई आफ्नै पार्टीको जित हुनेछ भन्ने आशाले इन्दिरा गान्धीले आम निर्वाचनको घोषणा गरिन् ।

जनतन्त्र-दल-प्रसूनकै र्ग्रथितं माल्यमयं मनोहरम्
जनता-दलमेककं मयाऽरचि काङ्ग्रेस-विकल्प-कल्पिना । ४६

सम्पूर्ण प्रजातान्त्रिक पार्टीरूपी फूलका थुँगा उनेको सुन्दर मालास्वरूप एउटा जनता पार्टी मैले स्थापित गरें । काङ्ग्रेसको विकल्प सोँचेर यस्तो गरिएको थियो ।

दलनायक-चन्द्रशेखरो मणिभूतो नु समाजवादिनाम्
प्रतिभाकिरणै र्मनोहरै र्नयवेत्ता समभासयद् दलम् । ४७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाजवादीहरूका मणिस्वरूप चन्द्रशेखर पार्टीका नेता हुनुहुन्थ्यो । नीतिवेत्ता उहाँले आफ्नो प्रतिभारूपी किरणले पार्टीलाई प्रकाशित तुल्याउनुभएको थियो ।

जनता जनतादलाय च बहुमूल्यं मतमार्पिपत् ततः,
समुरारि-प्रधानमन्त्रिकः सरकारो जनतामजीजिवत् । ४८

त्यसपछिको चुनावमा जनताले आफ्नो बहुमूल्य मत जनता पार्टीलाई दियो । मोरारजी देसाई प्रधानमन्त्री भएको सरकार-(जनतन्त्रको जीवक)ले जनता बचाउने भयो ।

अधिनाय-विनाशिते पुनर्जनतन्त्रेऽभ्युदिते हि भारते
नयपाल-जनाः समुत्थिता जनतन्त्रे पठनार्थि-दोलिताः । ४९

तानाशाही शासनले नष्ट पारिएको लोकतन्त्र भारतमा फेरि उदायो । त्यसपछि नेपाली जनता प्रजातन्त्रको पुनःस्थापनार्थ जुर्मुरायो, यो जुर्मुराइ विद्यार्थीहरूको आन्दोलनबाट चम्केको थियो ।

जनता-मत-संग्रहाऽग्रही जनतन्त्रार्थि-नृपोऽन्वजूघुषत् -
"चलितां सृतिमेव वा बहुदलमिच्छन्तु जना यदृच्छया ।" ५०

जनमत-सङ्ग्रहका आग्रही प्रजातन्त्रप्रेमी श्री ५ महाराजाधिराजबाट घोषणा गरिबक्स्यो– "प्रचलित पद्धति (पञ्चायत व्यवस्था) अथवा बहुदलीय शासन व्यवस्था जनताले स्वेच्छया रोजून् ।"

अथ सर्वदलानि घोषणां महतीं स्वागत-वाग्भिरार्चिचन्,
भवता सविशेषमर्हिता जनतन्त्राध्वनि दीपितेति सा । ५१

त्यसपछि सबै दलहरूले त्यस महान् घोषणालाई स्वागत वाक्यहरूले सम्मान गरे । खास गरेर यहाँले (नेपाली काङ्ग्रेसले) प्रजातान्त्रिक बाटोमा चम्किलो पाइलो भनी आदर गर्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्विदशायन-सूत्र-चालकः सरकारोऽर्बुद-रूप्यक-व्ययैः
जयिनीं व्यदधाच्च निर्दलां स्वहितामल्पमतान्तराग्रगाम् । ५२

बीस सूत्री कार्यक्रमको सञ्चालन गरी अरबौं रुपैयाँ खर्च गरेर सरकारले निर्दल व्यवस्थालाई साह्रै कम मतको फरकमा जितायो, किनभने कतिपय व्यक्तिहरूको फाइदा त्यसैबाट थियो ।

ततः प्रजातन्त्रमयानि कृत्वा द्वित्राणि तत्त्वानि विमिश्रितानि,
तत् संविधानं समशोध्यतेवापलक्षितं विंशति-लक्ष-लक्ष्यम् । ५३

त्यसपछि दुईतीनोटा प्रजातान्त्रिक तत्त्व मिसाएर उही पहिलेको संविधान संशोधित गरे झैं गरियो । बीस लाख चेतनशील राजनीतिक बुद्धिजीवीहरूको मान्यतालाई कुदृष्टिले हेरियो ।

निर्वाचनञ्चात्रभवद्दलेन दलान्तरैः सार्धमभर्त्सि नूत्नम्,
सर्वाः क्रिया निष्फलतां प्रयाता, निर्यात आखुः खनतो महाद्रिम् । ५४

त्यसपछि भएको नयाँ किसिमको पञ्चायती निर्वाचन यहाँको दल (नेपाली काङ्ग्रेस) तथा अन्य सबै दलहरूद्वारा भर्त्सनापूर्वक बहिष्कृत भयो । सम्पूर्ण क्रियाकलापहरू– जनमत सङ्ग्रह, संविधान-संशोधन, आमनिर्वाचन व्यर्थ थिए– "खोदा पहाड निकली चूहिया ।"

तपः प्रधानं व्यतियाप्य जीवनं व्रतार्जितादम्यदुरामयार्दितः
स्व-कीर्तितो जीवित एव पार्थिवं वपुर्विहायाद्य भवान् समागतः । ५५

तपः प्रधान जीवन बिताएर, जेलजीवन-प्राणसङ्कट आदिद्वारा उपार्जित अचिकित्स्य दुर्व्याधिले पीडित भई कीर्तिमय शरीरले बाँचेरै पार्थिव शरीर छोडी आज यहाँ यस स्वर्गमा पाल्नुभएको छ ।

"राजशक्ति-जनशक्ति-समृद्ध-सार्वभौम-महिमाचलसंपद्
राष्ट्रकं मम हिमाचलसंपद् भासताम् हृदि सता" मयसत् सन् । ५६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँको कल्पना थियो– "राजशक्ति र जनशक्तिबाट सम्पन्न, सार्वभौम महिमाको अविचल सम्पन्नताले युक्त, हिमाली भूमिको सम्पत्ति स्वरूप मेरो राष्ट्र नेपाल सज्जनहरूको दृष्टिमा चम्किरहोस् ।"

"एडकायित-जनौघ-सुसेव्ये जम्बुकायित-कुशासन-तन्त्रे
नात्मविक्रयसमर्पणरूपो मेल-मेलक-नयो नृ-नृपास्थः । ५७

यहाँले कल्पना गर्नुभएअनुसार मेलमिलापको नीति राजा र जनताको आपसी श्रद्धा, आस्था र अनुरागमा अडिने नीति हो, न कि भेडातुल्य बनाइएका जनताद्वारा विवशतावश मान्यता दिइनुपर्ने शृगाल-तुल्य निकृष्ट शासनमा आत्मा बेच्ने काम र आत्मसमर्पण ।

वंशजातवसुधाधिप एव स्थैर्य-गौरव-गुणै र्हि वरीयान्
लाघवत्व-परिवर्तन-वृत्तान् निश्चितावधिक-राष्ट्रपतेः स्यात् । ५८

राष्ट्रिय मेलमिलापकै सन्दर्भमा यहाँ भन्नुहुन्थ्यो कि हल्कापन र परिवर्तनमा आधारित निश्चित अवधिका लागि चुनिने राष्ट्रपतिभन्दा वंशपरम्परागत राजा नै स्थिरता र गरिमाले श्रेष्ठ हुन्छ ।

राजकीय-गरिमाऽभरणेनालंकृता प्रकृतिरस्ति चिरत्ना
सैव हृद्य-जनतन्त्र-सुतन्त्री नित्यतन्त्रिततया चिरगन्त्री ।" ५९

किनभने राजमर्यादाको गरिमा-रूप आभूषणले सिँगारिएको अति पुरानो प्रकृति (स्वाभाविकता, संस्कृति) हाम्रो छ र त्यही नै मनोरम प्रजातन्त्रको स्पन्दक वीणास्वरूप छ, त्यही नै हमेशा राजा र प्रजाको आपसी श्रद्धा-अनुरागमा अडिएकोले चिरकालसम्म अविच्छिन्न रूपले चलिरहनेछ ।

"प्रजागता राजगता च ये स्थिती समन्वयः प्राञ्जलमञ्जुलस्तयोः
भवेद् भवे भावुक-भावितो" भवान् सदा सदादर्शमिमं समैहत । ६०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजमर्यादा र प्रजा-मर्यादाको सरल सुमधुर समन्वय हुनुपर्छ । यस्तो राजशक्ति र प्रजाशक्तिको समन्वय, संसारमा मङ्गलमय हुनेछ । यहाँले हमेशा यही महान् आदर्श चाहनुभयो ।

राष्ट्रीचिकीर्षु र्हिमवत्सुदेशं प्रजा भवान् नागरतां निनीषुः
यथा स्वमज्ञं सुकविं विधित्सु र्वाल्मीकिरुल्लेख्यतपा अतप्त । ६१

जसरी वाल्मीकिले मूर्ख आफूलाई पूर्ण रूपमा परिवर्तन गरी असल कवि बनाउन कठोर तप गरेका थिए, त्यसै गरी यहाँले हिमाली सुन्दर देश नेपाललाई राष्ट्र बनाउने र नेपालीलाई रैतीबाट नागरिक बनाउने ध्येयले कठोर तप गर्नुभएको हो ।

समाजवादान्तरराष्ट्रसंघेष्वनेकधा बद्ध इतो भवाँस्तत्
अन्तेवसन्तोऽपि च यस्य नैके, विशेषतो भारतवासिनस्ते । ६२

यहाँ अन्तरराष्ट्रिय समाजवादी सङ्घमा अनेकधा सम्बद्ध रहनुभयो, यसैले समाजवादकै सन्दर्भमा यहाँका अनेक शिष्यहरू थिए, खास गरेर भारतवासीहरू यहाँका शिष्य थिए ।

साहित्य-पीयूष-रसार्द्र-चित्ताश्चिन्तन्त्यमुं गद्यकृतं, यतोऽसौ
आख्यायिका राष्ट्रगिरा नवीनाः प्राबन्धयद् मानववृत्तिमुख्याः । ६३

यहाँलाई (राजनीतिक समाजवादी व्यक्तित्व नबुझ्ने, तर) साहित्यरूपी अमृत रसले हृदय भिजाउने रसिक सहृदयी व्यक्तिहरू गद्य-साहित्यकार सम्झन्छन्, किनभने यहाँले राष्ट्रभाषा नेपालीमा आख्यायिका (उपन्यासहरू) लेखेर मानवीय प्रवृत्ति प्रधान भएको एउटा नौलो मोड ल्याउनुभएको हो ।

कारास्थितं द्रष्टुमिमं गतं मां न्यषेधयल्लोकविरोधितन्त्रम् ।
प्रावोच "मर्वागिह शाक्यसिंहादाद्यो महापूरुष एष" यूनः । ६४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक पटक जेलमा यहाँलाई भेट्न भनी म काठमाडौं गएको थिएँ, लोकविरोधी शासनले मलाई रोक्यो । पत्रकार, संवाददाता आदि युवकहरूसँग मैले भनेको थिएँ– "नेपालमा शाक्यसिंह बुद्धभन्दा पछि जन्मने महापुरुषहरूमध्ये यहाँ प्रथम महापुरुष हुनुहुन्छ ।"

धन्यो भवेद् भव्यवपु: स देशो, यन्नागरोऽस्त्यत्र भवान्, वयोऽस्य
कृत्स्नं प्रजातन्त्रमयं समाजं निर्मातुकामस्य तपस्ययाऽगात् । ६५

कल्याणकाय त्यो देश धन्य हुनुपर्छ, जुन देशका नागरिक यहाँ हुनुहुन्छ, जसको समस्त आयु प्रजातान्त्रिक समाज-रचना गर्ने इच्छाले तपद्वारा बित्यो ।

हा दुर्विधिं ! वैध-विधीय-राज्य-विधित्सुताऽभिग्रह-बन्धितस्य
निर्माणनैपुण्य-सुपुण्यनीति-निष्णातताभ्यां न स नन्दितोऽभूत् । ६६

दुर्दैवलाई धिक्कार छ ! सांविधानिक र कानुनी राज्य संस्थापित गर्ने इच्छा नै अभियोग भई जेलमा राखिएका यहाँको निर्माण-कुशलता र पवित्र नीति-निष्णातताद्वारा त्यो देश समृद्ध हुने अवसरबाट वञ्चित भयो ।

फणीव निष्क्रान्तमणि र्हि तस्य विश्वेश्वरे निर्गमिते शताब्द्या:
अर्धं प्रजातन्त्र-बिपि-प्रपूर्णो नि:स्वो भवेद् राजनयेतिहास: । ६७

परन्तु (बीपीद्वारा समृद्ध हुन नपाए तापनि) आधा शताब्दी (५० वर्ष) भरको त्यस देशको राजनीतिक इतिहास, जो प्रजातन्त्र र बीपीले भरिएको छ, विश्वेश्वरलाई निकालिदिने हो (माइनस् गर्ने हो) भने त्यतिकै श्रीहीन र अस्तित्वहीन हुन जान्छ, जत्तिको मणि निकालिएको नागराज हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इह भवदितिवृत्तं सर्व-संघर्ष-सर्ग-
मतिनगणितवाण्या वर्णितं वर्णवन्तः !
अतिथिमनुरुणध्मि व्यक्तये स्वीय-सूक्ते-
रभिमतमनुयोगं योजयन्तां सदस्याः । ६८

विद्वान् सभासद्हरू ! यहाँको मानव-जीवनको इतिहास, जो सम्पूर्ण सङ्घर्षै सङ्घर्षको अध्याय हो, अति सङ्क्षिप्त, नगण्य मात्रामा मैले वर्णन गरें । अब आफ्नो वक्तव्य प्रकट गर्न अतिथिमहोदयलाई अनुरोध गर्दछु । विद्वान् सदस्यहरू ! यहाँहरूले आ-आफ्नो रुचि अनुसार अतिथिसमक्ष प्रश्नहरू प्रस्तुत गर्नुहोला, अतिथिबाट प्रश्नहरूको उत्तर पाउनुहुनेछ ।

इति द्वितीयद्वारम्

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीयद्वारम्

अथातिथिस्तदवसरे महीयितो महीतले बिपिपदविश्रुतोऽधिभूः
सुधासवस्फुरितसरस्वतीवरः समुत्थितः प्रतिवदति स्म सांसदान् । १

त्यस अवसरमा त्यहाँ देवसभामा अतिथिका रूपमा सम्मानित भएका, पृथिवीतलमा छँदा 'बीपी' भन्ने छोटकरी नामले प्रसिद्ध नेता, त्यहाँ केही बेर अगाडि अमृत रस पिउनाले सरस्वतीको अनुग्रह प्राप्त गरी अन्तःकरण समुज्ज्वल भएका ती अतिथि उठेर सभासद्हरूलाई सम्बोधन गर्दै प्रत्युत्तर दिन लाग्नुभयो ।

"महत्तमा हततमसः सभासदः ! समर्पितो मयि सदसा सदादरः
समीक्षणान्नरवपुषः कृते र्मम भवेन्न किं तुहिनगिरि र्हि पङ्गवे ? २

अज्ञान-अन्धकारबाट दूर प्रकाश मार्गमा रहनुभएका अति महान् सभासद्हरू ! आज यस सभाले मप्रति जुन वरिष्ठ स्वागत-सम्मान समर्पित गऱ्यो, त्यो पृथिवीमा रहँदा मानवशरीरधारी मैले गरिएका कर्महरूको लेखाजोखा गर्दा धेरै उच्च छ । त्यो त मेरा लागि लङ्गडाका निम्ति हिमाचल पर्वत झैं अगम्य छैन र ?

सभापतिस्त्वनतिततां वचस्ततिं भवत्पुरो व्यतनुत मां समीचयन्,
समुत्पतत्पतगदृशा स्थविष्ठया प्रपञ्चिता मम नृजने र्यथार्थता । ३

परन्तु यहाँ सभापति (जयप्रकाश नारायण)ले मलाई श्रेष्ठ प्रमाणित गर्ने किसिमको बयान, नालीबेली, यहाँहरूसमक्ष सङ्क्षिप्त वाग्विस्तर प्रस्तुत गर्नुभयो, त्यसमा (स्वागत-कथनमा) मेरा मानव जीवनको यथार्थता प्रपञ्चित छ । उडिरहेका चराले भूतलका मोटामोटी वस्तु देखे जस्तो स्थूलदृष्टिबाट नै मेरा मानव जीवनयात्राका स्थूलघटना यथार्थ रूपमा प्रस्तुत गरिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनन्तसंसृतिसरणाणुतां गतो नृविग्रहं कतिचिदहान्यधिष्ठित:
अहो इहातिथिरिति चाहमर्हितोऽधुना पुनस्त्रिदिवितया प्रतिष्ठित: । ४

म यस अनन्त संसार ब्रह्माण्डभित्र विचरण गर्ने, त्यसैको अवयवावयवस्वरूप एक सूक्ष्म परमाणुमात्र हुँ । म केही दिनसम्म मानव शरीर धारण गरी भूतलमा विचरण गरें । ओहो ! अहिले अतिथिका रूपमा यहाँ सम्मानित भएँ, फेरि स्वर्गीका रूपमा प्रतिष्ठित हुने सौभाग्य पाएँ ।

मनीषिणो मम धिषणा-गवेषणा-प्रमाणत: प्रवदत मां प्रपृच्छया ।
धियो धरानुभवभवा भवादृशां दृशां पुर: प्रकटयितुं यते यत: । ५"

विद्वान् सभासद्हरू, यहाँहरूले मेरो बौद्धिक क्षमताको खोजी गरी त्यसैको नापतौलका आधारमा मलाई प्रश्न सोध्ने काम गर्नुहोस्, जसबाट पृथ्वीतलमा मैले बटुलेका अनुभवजन्य ज्ञानहरू यहाँहरू जस्ताका अगाडि प्रकट गर्न, आफ्नो शक्तिअनुसार प्रयास गर्नेछु ।

यदृच्छाकृतसंकेता अथ केचन सांसदा:
अजिज्ञासन्त ते सन्तोऽतिथिस्तान् प्रत्यभाषत । ६

त्यसपछि कतिपय सभासद्हरूले आ-आफ्ना सङ्केत (हात उठाउनु इत्यादि)द्वारा प्रश्न गर्न थाले, अतिथिले क्रमश: उत्तर दिन लाग्नुभयो ।

✡ ✡ ✡ ✡

प्रश्न: (याज्ञवल्क्य:)

कथन्नु वावेदानी-माम्नायमामनन्ति किलार्यास:,
किन्नु खलु चात्राभवान् प्रामाण्ये तस्य विश्वसिति ? ७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिजोआज आर्यहरू (हिन्दूहरू)ले वेदको प्रामाणिकताको सम्बन्धमा के कस्तो धारणा राख्दछन्, कसरी त्यसको महत्त्व प्रतिपादन गर्छन् ? वेदको प्रामाणिकताबारे यहाँको के कस्तो विश्वास छ ? (यस पद्यमा वैदिक भाषाको प्रयोग छ ।)

उत्तरम् (विश्वेश्वर:)

भवद्भि र्मार्जितं मार्गमादिकालाद् महत्तमम्
मानयन्तोऽधुनाऽप्यार्या विदन्तीत्थं परम्पराम् । ८

तपाईंहरूले पवित्र भनी मानिआएको बाटो, जो आदिकालदेखि प्रचलित छ र श्रेष्ठ मानिन्छ; –लाई नै परम्परागत रूपमा आर्यहरूले स्वीकार गरिरहेका छन् । उनीहरूको सोँचाइ र विश्वास यस्तो छ–

वेदा मान्या ईश्वरोच्चारितत्वात् तन्मूलत्वाद् धर्मशास्त्रञ्च पूज्यम्
वेदोऽध्येय: षड्भिरङ्गै: समेतो विप्रै: सर्वैरागमोँक्तोऽयमध्वा । ९

ईश्वरद्वारा उच्चारित भएकाले वेदहरू मान्य छन्, वेदमूलक भएकोले नै धर्मशास्त्र (स्मृति) पनि पूज्य छ । सम्पूर्ण ब्राह्मणहरूले छ अङ्गसहित वेदको अध्ययन गर्नुपर्छ, यही आगमोक्त मार्ग हो ।

आस्माकीना रीतयो वेदमूला विज्ञानं वा ज्ञानमाधारभूतम्,
संस्कारास्ते चार्यधर्मानुकूला ब्राह्मी ब्राह्मी सर्वमेतत् पिपर्त्ति । १०

हिन्दूहरू मान्दछन् कि हाम्रा सम्पूर्ण रीतिरिवाजहरूको मूल जरो वेद हो, हाम्रो ज्ञानविज्ञान र आर्यधर्मानुरूप संस्कारहरू जे जति छन्, ती सबैलाई वेदवाणीले पोषित गरेको छ ।

अगणितसमयाद् महीमहत्ता श्रुतिवचसा परिवर्धितेति विद्म: ।
विविधविधय आर्यजीवनस्य गतिमितवन्त इदन्तयाद्य यावत् । ११

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यहरूको सोँचाइ छ– अतीव अतीत कालदेखि, गन्नै नसकिने समयदेखि, वैदिक वाङ्मयले नै पृथिवीको महिमा बढाइरहेको छ भन्ने कुरा हामी जान्दछौँ । आर्यजीवनका विविध विधिहरू वैदिक वाग्धाराबाट यो यस्तो भनी अनुप्रेरित भएरै अहिलेसम्म गतिशील भएका छन् ।

अवयवसहिता श्रुतिस्तदन्तरुदयमितानि वरिष्ठदर्शनानि,
ननु कृतयुगतो महर्षिवर्यैः कुलपुरुषैरधिसंमतान्यतर्कम् । १२

साङ्ग वेद तथा तन्मूलक वरिष्ठ आस्तिक दर्शनहरू सत्ययुगदेखि नै हाम्रा कुलपुरुष महर्षिहरूले विनातर्क सम्मानित गरिए, यसैले हामी तिनको यथेष्ट सम्मान गर्दछौँ ।

ईश्वरनिश्वसिततया नाहमन्धः संस्तं प्रमाणितवान् ।
तस्य शाखोपशाखा रचिता व्यासेन भवदादिभिश्च । १३

वेदका बारेमा आर्यहरूको पूर्वोक्त मान्यता र धारणा भए तापनि मैले ईश्वरनिश्वसित हुनाको कारणले त्यस्तो हो भनेर अन्ध बनी वेदलाई प्रामाणिक मानिनँ । म जान्दछु कि वेद र त्यसका शाखा उपशाखाका रचयिता वेदव्यास थिए, तथा तपाईंहरू (याज्ञवल्क्य आदि) हुनुहुन्थ्यो ।

परं शाश्वतीं मन्ये तन्निहितां सामाजिकीं व्यवस्थाम् ।
प्रागेव जन्युजनुषः समाजधारणा धरण्यामासीत् । १४

परन्तु वेदमा निहित सामाजिक व्यवस्था म शाश्वत (अनादि, नित्य) मान्दछु । किनभने पृथिवीमा मानवजीवनको उपक्रमभन्दा पहिल्यै पनि सामाजिकता, समाजधारणा विद्यमान थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्नः (महर्षि व्यासः)

मामकानि पुराणानि दृश्यन्ते कीदृशा दृशा ?
सभारतानि तानि मे कृतानि विकृतानि नो ? १५

वर्तमान युगमा मेरा पुराणहरूप्रति के कस्तो दृष्टि राखेको पाउनुहुन्छ ? महाभारतसहित ती मेरा पुराणहरू कतै विकृत भएका त छैनन् ?

उत्तरम् (विश्वेश्वरः)

अर्वाचीनैतिह्यं सविस्तरं प्रस्तुवत् किल भारतम्
अविकृतमधुना यावत् तनोति कीर्तिकल्पवल्लीं भवतः । १६

महाभारतले भारतवर्षको अर्वाचीन इतिहास विस्तारपूर्वक प्रस्तुत गरेको छ । त्यो अहिलेसम्म अविकृत रहेरै तपाईंको कीर्तिरूपी कल्पलता फैलाइरहेको देखिन्छ ।

पुराणानि तु यावन्ति कथ्यन्ते कृतयस्तव,
आर्यावर्तेऽधुना तानि संसन्ति चेति संशये । १७

पुराणहरू भने जति सङ्ख्यामा तपाईंका (व्यासका) रचना भन्ने गरिएका छन्, अहिले तिनीहरू आर्यावर्तमा छन् भन्ने कुरामा मलाई सन्देह छ (विश्वास छैन) ।

नाम्ना ते यानि लभ्यन्ते तान्यर्वाचीनपण्डितैः
कृतानि सम्प्रदायस्थैर्विभिन्ने समयावधौ । १८

जुन जुन पुराणहरू तपाईंका नामले (व्यासका हुन् भन्दै) प्रचलित गरिएका छन्, ती विभिन्न सम्प्रदायमा रहेका अर्वाचीन पण्डितहरूले विभिन्न समयावधिमा रचेका हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शैवाः शाक्ताः सौरा वैष्णवा गाणपताः सम्प्रदायाः
आर्यावर्तक्षेत्रे विभक्ता आर्यधर्मे बहुशाखाः । १९
अधीत्य हि वैष्णवानां कृष्णीयपूतनावधादिलीलाः
प्रणीतमनुकरणचणै र्गाणपतै र्गणेशीयं पुराणम् । २०

आर्यावर्तमा आर्यधर्म (हिन्दू धर्म)का अनेक शाखा विभक्त भए, जुनमध्ये शैव, शाक्त, सौर, वैष्णव, गाणपत, सम्प्रदाय प्रसिद्ध छन् । वैष्णव सम्प्रदायको (सर्वोत्तम पुराण श्रीमद्भागवतमा) श्रीकृष्ण चरित्र, पूतनावध आदि लीला पढेर, त्यसैको छाया जस्तै यथार्थ नक्कल गरेर गाणपत सम्प्रदायका पण्डितहरूले गणेशपुराण रचे । (तुलना गर्नुहोस्– भागवतमा श्रीकृष्णको बाललीला र गणेशपुराणमा गणेशको बाललीला ।)

✡ ✡ ✡ ✡

प्रश्नः (महर्षिर्वसिष्ठः)

राज्यं धार्मिक-मार्गेण चलेद् वा शून्य-वर्त्मना
स्वभूतिमनुभूतिःका भवतो भूतलेऽभवत् ? २१

राज्यको सञ्चालन प्रत्यक्ष धार्मिक मार्गको आडमा, धर्मसापेक्ष रूपमा, उचित हुन्छ वा धर्मशून्य बाटोमा, धर्मनिरपेक्ष रूपमा ? यसबारे तपाईंले आफ्नो मानव जीवनभर पृथ्वीतलमा के कस्तो अनुभव गर्नुभयो ?

उत्तरम् (विश्वेश्वरः)

धर्मानुशिष्टे नृसमाज आदिमे रामादिराज्यं भवता प्रदीपितम् ।
अद्यत्व आदर्श-सुराज्य-राजिका विभ्राजते तन्निरपेक्षपक्षतः । २२

आदिमकालको समाज धर्मप्रधान-धार्मिक अनुशासनभित्र आबद्ध थियो । त्यसबेला राम आदिको राज्य धर्मसापेक्ष नै उज्ज्वल हुन गयो । तपाईंहरूले त्यस बेला धर्मसापेक्ष राज्य चम्किलो तुल्याउनुभयो । परन्तु आजका आदर्श राज्यहरू, जो धर्मनिरपेक्ष छन्, तिनै अत्यन्त चम्किला बनेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्म्ये विधावद्यतना निरङ्कुशा
आतङ्क-हाहाकृति-चीत्कृतादिभिः
निघ्नन्ति नेतॄन् नयवेत्तृतल्लजान्
लज्जाविहीना रुधिरं पिपासवः । २३

आजकाल पृथिवीमा जुन राज्यहरू धर्मसापेक्ष छन्, धर्मप्रधान संविधान वा कानुनको आडमा शासन चलाउँदै दण्डविधानको प्रयोग गर्छन्, त्यस्ता राज्यका निरङ्कुश शासकहरू निर्लज्जतापूर्वक निर्दोष नागरिकहरूको रगत पिउन चाहन्छन्, श्रेष्ठ नीतिवेत्ता नागरिक नेताहरूलाई मारिरहेका छन्, तिनका राज्यमा आतङ्क, हाहाकार र क्रन्दनमात्र छ ।

तस्मात् प्रजातन्त्रमये विधानके
स्वातन्त्र्यमालाविलसत्सुगुच्छकः
स्वाभीष्टधर्मो निजकर्णिकायुतः
स्वीकार्य इत्येव मदीयधारणा । २४

त्यसैले प्रजातान्त्रिक संविधानमा स्वतन्त्रतारूपी मालामा सुशोभित थुँगास्वरूप स्वेच्छया सम्मानित धर्म नै नागरिकले मान्न पाउनुपर्छ, स्वतन्त्रताको वर्णनमा धार्मिक स्वतन्त्रताको पनि उल्लेख हुनुपर्छ, धर्मको कुनै पनि शाखा वा सम्प्रदाय नागरिकले स्वेच्छया ग्रहण गरोस् । राज्यले धर्ममाथि कहिल्यै कुनै प्रकारको हस्तक्षेप नगरोस् । यही कुरा नै उचित होला भन्ने मेरो धारणा छ ।

✡ ✡ ✡ ✡

प्रश्नः (नेमुनिः)

नेपालनाम राष्ट्रं तु धर्मसापेक्षमीक्ष्यते ।
संविधानं हि तत्रत्यं हिन्दूराष्ट्रं न वक्ति किम् ? २५

नेपाल राष्ट्र त धर्मसापेक्ष देखिन्छ । त्यहाँको संविधानले नै हिन्दूराष्ट्र भनी घोषणा गरेको छैन र ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरम् (विश्वेश्वरः)

हिन्दूत्व-स्वं द्वयमपि हतं– चातुराश्रम्यमेवं
चातुर्वर्ण्यं च नवविधिना, संविधानं तु धर्म्यम्
हिन्दूराष्ट्रं प्रवदति सदा झर्झरारावरम्यं,
निःश्रृङ्गो यः किमु स वृषभस्तीक्ष्णश्रृङ्गोऽभिधेयः ? २६

चार वर्ण, चार आश्रम अर्थात् वर्णाश्रम व्यवस्था नै हिन्दूत्वको प्राण, आत्मतत्त्व हो । नवविधि (नयाँ मुलुकी ऐन)द्वारा त्यो आत्मतत्त्व (वर्णाश्रम व्यवस्था) मारिइसकेको छ । अर्कोतिर संविधानले भने झ्याली पिटी पिटी जसरी हुन्छ, राम्रो गराएर "हिन्दू राष्ट्र", धर्मप्रधान हिन्दूराष्ट्र भन्दछ सदाकाल । (बिना हिन्दूत्व हिन्दूराष्ट्र कस्तो होला ?) जुन गोरुको सिङै छैन उसैको नाम तिखे भएन र ?

✡ ✡ ✡ ✡

प्रश्नः (वाल्मीकिः)

श्रूयतेऽनुदिनं ह्रासं गच्छन्ती सुरभारती
कथं समुद्गता तादृगार्यावर्तेऽपि दुर्दशा ? २७

सुनिन्छ कि संस्कृत भाषा प्रत्येक दिन ह्रासमा प्राप्त हुँदै छ रे ! आर्यावर्तमा पनि त्यस्तो दुर्दशा कसरी उदाउन गयो ?

उत्तरम् (विश्वेश्वरः)

अनुदिनमहो ! ह्रासं प्राप्ता कथं सुरभारती ?
प्रतिवदति निष्पक्षः पृच्छामिमामितिहासविद् ?
विघटितधियो बद्धाः संकीर्णचिन्तनतन्तुभि-
स्त्रिदशवचसो ह्रासे मूलं ध्रुवं सुरगीः प्रियाः । २८
विगतसमयः काश्याः कान्त्याः पुरश्च समीक्ष्यतां,
विबुधवचसा व्याख्यातारो जनेषु सगर्वकैः
अधिकृतजनै र्वान्तक्ष्वेडप्रवाष्पणदूरिता
वृतिबहिरिता मान्या भूयिष्ठसंस्कृतशिक्षिताः । २९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समधिकविदो न्यूनज्ञानाश्च संस्कृतसेविनो
न हि नियमिता हार्द-श्रद्धा-समादर-तन्तुभिः ।
विकृतहृदया अन्योन्येभ्योऽपकारमुपाहरन्,
निजिगलिषितः स्वीयो वर्गो हि सागरजन्तुभिः । ३०

दिनदिनै संस्कृत भाषाको ह्रास किन भइरह्यो ? के यस प्रश्नको उत्तर कुनै निष्पक्ष इतिहासकारले देला ? यसको प्रथम कारण के छ भने बौद्धिक रूपमा असङ्गठित संस्कृतप्रेमी पण्डितहरू नै सङ्कीर्ण सोँचाइरूपी धागोले कसिएका छुँदा संस्कृत भाषाको ह्रासमा कारण हुन पुगे ।

बितेको समयमा काशी तथा कान्तिपुरीमा संस्कृतद्वारा जनसमाजको सेवा गर्न चाहने वरिष्ठ विद्वान्हरू वृति(बार)बाट बाहिर हुत्त्याइए । त्यसरी हुत्त्याउने सरकारी पदमा नै संस्कृत विभागमा बस्ने संस्कृतवेत्ता अधिकृतजनहरू थिए । ठूलो घमण्डले युक्त भएका उनीहरूको विषवमनको बाफ सहिनसक्नु भई ठूलाठूला संस्कृत-विद्वान् पन्छिनुपऱ्यो । (स्मरणीय छ, यस शताब्दीका सर्वोच्च संस्कृत कवि कुलचन्द्र गौतम, जसलाई संस्कृतवेत्ता अङ्ग्रेज विद्वान्हरूले कालिदास र क्षेमेन्द्रको शैलीका अद्वितीय कवि मान्दथे, रानीपोखरी संस्कृत पाठशालामा सानो जागीर माग्दा सो नपाएर बार बाहिर परी वाराणसी जानुपरेको थियो ।)

संस्कृत भाषाको सेवामा रत अपेक्षाकृत अधिकज्ञ वा न्यूनज्ञ व्यक्तिहरू परस्पर प्रेम, श्रद्धा र समादररूपी तन्तुले बाँधिएनन्, तिनीहरूको हृदय विकृत भयो, एकअर्कोको अपकार गर्न चौपट्ट प्रवृत्त भए । समुद्रको माछाले (जल जन्तुले)झैं आफ्नै वर्गलाई निल्न, आफ्नै वर्गको अपकार गर्न तत्पर भए । आपसमा अपकाररूपी उपहारको आदान-प्रदान भयो ।

एतद्भाषाकुशलविदुषां पूर्णपूर्यस्पृहाणां
पौरोहित्यं व्यवसितिरभूज्जीविकासारसारा
तादृक्पक्षं प्रति जनतया लक्ष्यमाणप्रमाणा
दैवी भाषा स्म ह्रसति शनै र्दुर्विचाराभिभूता । ३१
शब्दब्रह्मावगमसरणी वारणी भ्रष्टवाचः
संसाराब्धेः सुदृढतरणी वेदवर्ष्माविकारा ।
सन्तप्तानां चरमशरणीकार्यतां याति याऽसौ
पौरोहित्ये सरलहृदयैः सीमिताऽपाङ्किता च । ३२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्या भासाऽधिमहि वितता भूत्रिमा लोकभाषा
विभ्राजन्तेऽविदितदिशया स्वप्रभानिर्विशेषम्,
सेयं ब्राह्मी तमसि पतितैः केवलं याजकानां
विप्राणां सेत्यपगणनया भ्रान्तिरुत्पादिताऽहो !३३

संस्कृत भाषाको ह्रासमा अर्को कारण के थियो भने यस भाषामा निपुण विद्वान्हरूले जीविकाको आधारभूत लक्ष्य पौरीहित्य ठानी त्यसै व्यवसायमा लागे; त्यतिबाटै पूरा हुनुपर्ने आफ्ना इच्छाहरू पूर्ण ठाने । समाजले पनि के सोँच्यो भने यो त पुरोहितको विद्या हो । यसरी गलत धारणाबाट आक्रान्त भएर संस्कृतभाषाको सुस्त सुस्त ह्रास हुँदै गयो ।

जुन भाषा वास्तवमा शब्दब्रह्मज्ञानको उपाय मानियो, अपभ्रंश वाग्व्यवहारको निवारक मानियो, संसार-सागरबाट पार पुग्ने मजबूत नौका ठानियो, वेदमय शरीर भएको र अविकृत ठानियो, साथै सन्तप्तहरूका लागि अन्तिम शरणको उपाय पनि स्वीकारियो; सो भाषालाई पछि आएर अज्ञानी सरल हृदय भएका मानिसहरूले पौरोहित्यको साधन मानी सङ्कीर्ण घेराभित्र राखे, नजानेरै त्यसलाई कलङ्कित पारे ।

जुन भाषाको आभाले पृथ्वीभरमा फैलिएका समस्त लोक-भाषाहरू पालित-पोषित, धारित र प्रकाशित भएरै नजानिँदो पाराले आफ्नै आभा छरे झैं चम्किला बनेका छन्, त्यही संस्कृत भाषाबारे अज्ञानमय अन्धकारमा रहेका मानिसहरूले यो त खालि यज्ञ गराउने ब्राह्मणहरूको भाषा हो भन्ने गलत गणनाद्वारा भ्रमजाल फैलाए ।

तदष्टकं साधु सवृत्तिवार्तिक-मजूघुषन् पूर्वभवा निरालसाः
अमूल्यकं घोषणशाणदीपितं समाप्नुवन् ज्ञानमणिं यथातथम् । ३४
अथो नवीनास्तु विनैव घोषणं मनस्सु मिम्नासव एव मानिनः
समुल्लसल्लास्यविलासलालसाः सदालसा नाभिलषन्ति सद्धियम् । ३५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत ह्रासको अर्को कारण के भयो भने आधुनिक पाठकहरूले घोक्न अल्छी गरे । पहिले पहिलेका अध्येताहरू पाणिनीय अष्टाध्यायी वृत्ति र वार्तिकसहित अल्छी नगरीकनै घोक्थे । उनीहरूले घोकाइरूपी सानले चम्किलो तुल्याइएको स्वच्छ ज्ञानरूपी मणि यथार्थरूपमा प्राप्त गरे ।

आधुनिक मानिसहरू भने घोक्नामा अल्छी छन् । घमण्डले गर्दा मनमनै मात्र अभ्यास गरे झैं गर्छन् । आधुनिकहरूमा अनेक प्रकारका अयस आराम चैन, मोजमज्जाका भावना जागृत भए, तपोमय जीवन भएन । उनीहरू वास्तविक ज्ञान सद्‌बुद्धि चाहँदै चाहँदैनन् ।

विलसति वसुमत्यामुन्नतिर्यन्त्रमूला,
ह्रसति भरितरत्ना संस्कृतिः सा चिरत्ना ।
विकसति जडवादे शर्शरीके प्रतीच्ये
विचलति परमार्थ-प्राच्यबुद्धेः किमार्यः ? ३६

पृथिवीमा यान्त्रिक उन्नति भइरहेको छ, रत्नै रत्नले भरिएको पुरानो प्राच्य-संस्कृति ह्रासोन्मुख देखिन्छ; किनभने घातुक पश्चिमी जर्जर जडवाद विकसित भइरहेको देखेर अनार्यबुद्धि आर्य परमार्थ-पौरस्त्य विचारबाट विचलित भइरहेको छ ।

यदातनी जीवनपद्धति र्यथा, तदातनी लोकमतिश्च तादृशी,
गवेषणीयाऽधिजिगांस्यमानया स्वजीविकायाः सृतिराशु विद्यया ।
प्रतिग्रहार्था सुरवाग् यदा मता, तदाऽन्यविद्या भृतिहेतवः कृताः,
समुन्नयेनाऽधुनिकेन मानवैरधीतिमात्रं व्यवसाय इङ्गितम् ।
प्रमाणपत्रं पठनेन प्रेप्स्यं, प्रमार्गणीया परिवारपुष्टिः
एवं स्थितौ संस्कृतवाङ्मयस्य पाठप्रवृत्तिः परितः प्रणष्टा । ३७-३९

संस्कृत भाषाको ह्रासमा एउटा बलवान् कारण के थियो भने अध्ययनको लक्ष्य ज्ञान नभएर जीविकाको उपाय भयो । जुन बेलाको जीवन-पद्धति जस्तो हुन्छ, त्यस बेलाको मानवीय बौद्धिक धरातल पनि त्यस्तै हुँदो रहेछ, यसैले मानिस त्यस्तो विद्याको अध्ययन गर्नेतर्फ लाग्यो; जुन पढ्न खोजिएको विद्याले तुरुन्तै जीविकाको बाटो भेटाउन सकियोस् । जब संस्कृत भाषालाई प्रतिग्रह, पौरोहित्यमा लगेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टेकाइयो, तब अन्य विद्या पनि तुरुन्त जागीर दिने कारणका रूपमा सम्मान गरिए । आधुनिक उन्नतिका हाराहारीमा मानिसहरूले जुनसुकै अध्ययन वा विद्यालाई पेशाको लिस्नो बनाए । यस प्रकार पढाइबाट पाउनुपर्ने अभीष्ट कुरा प्रमाणपत्र भयो । त्यसैलाई साधन तुल्याएर जहान परिवार पाल्ने बाटो खोज्न लागियो । यस्तो स्थितिमा संस्कृत वाङ्मय पढ्ने प्रवृत्ति जताततै नष्ट भयो ।

✡ ✡ ✡ ✡

प्रश्नः (कुलचन्द्रगौतमः)

किमु सहृदय-हृदयानां द्रागानन्द-सन्दोह-सन्दायी
कम्रा कविता-वनिता क्वणति सुपर्वणां सरसया वाण्या ? ४०

के सहृदय जनहरूका हृदयमा झट्ट आनन्दको मुस्लो (अत्यधिक आनन्द) दिने सुन्दरी कवितारूपी वनिता रसिलो देववाणीमा बोलिरहेको छ ? (हिजोआज संस्कृतमा कविता लेखिन्छन् ?)

उत्तरम् (विश्वेश्वरः)

प्रोक्तो मया संस्कृतपाठह्रासः
शब्दा न चेत् काव्यकृतेः क्व वार्ता ?
द्रुमादृते कुत्र फलोद्भवोऽस्तु ?
कृषिश्च कार्या क्व विनाऽवनिं स्यात् ? ४१

भर्खरै मैले यहाँहरूसमक्ष संस्कृत अध्ययनसम्बन्धी ह्रास बताएँ । भाषै छैन भने, शब्दहरू छैनन् भने त्यसमा काव्य लेख्ने भन्ने कुरै उठ्दैन । रूखै छैन भने फल कहाँबाट पैदा हुन्छ र ? जमीनै छैन भने खेती गर्ने ठाउँ नै कहाँ हुन्छ र ? सुकुमबासीले खेती केमा गरोस् ?

✡ ✡ ✡ ✡

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्नः (लक्ष्मीप्रसाददेवकोटाः)
नेपाले वीतदशके शिक्षापद्धतियोजना
किमुद्देश्या किमाकारा चालिता कां दशां गता ? ४२

विगत दशाब्दीमा नेपालमा कुन उद्देश्यको र कुन रूपको शिक्षा पद्धतिको योजना चलाइयो ? त्यसको अवस्था के कस्तो भयो ?

उत्तरम् (विश्वेश्वरः)
पञ्चायत्ताधिनायस्य स्थिरतैकप्रयोजना
आयापिताऽमेरिकातः सत्रशिक्षणपद्धतिः । ४३
जनयितृषु पश्यत्सु प्रणाल्याश्च प्रणेतृषु
सप्तवर्षा हता चासावुद्देश्ये प्रतिकूलिते । ४४

नयाँ शिक्षा योजनाका नाममा अमेरिकाबाट सत्र पद्धति (सिमेस्टर प्रणाली) ल्याइयो; जसको मूलभूत उद्देश्य थियो– पञ्चायती तानाशाही व्यवस्थालाई स्थिर, मजबूत तुल्याउनु । तर उद्देश्य विपरीत भएपछि, राजनीतिक उद्देश्य पूरा नभएपछि सातै वर्षको सो प्रणाली मारियो । त्यसका जन्मदाता, नीतिनिर्माता, प्रणालीप्रणेता हेरेको हेर्‍यै भए ।

या सत्रान्तप्रणाली जनहृदयसरोजातसूरायिताऽभूद्,
या नैपाल्यां धरायां शिखरिवननदी र्भासयन्तीव दृष्टा,
यस्या राष्ट्रार्थलक्ष्यश्रवणविचलिताः शास्तिमापादनीयाः,
सोपालब्धा प्रबाला मृदुलतनुवती बालचालप्रपालैः । ४५

जुन सिमेस्टर प्रणाली जनताका हृदयरूपी कमलमा सूर्यसमान भयो, जुन प्रणाली नेपाली धरतीमा पर्वत, वन र नदीहरूलाई चम्किला बनाइरहने भान पर्दथ्यो; जुन प्रणालीको राष्ट्रिय लक्ष्य सुन्दा मन नपराई कुरा काट्न खोज्नेहरूलाई राष्ट्रविरोधी भन्दै दण्ड दिनुपर्दथ्यो; सो प्रणाली अत्यन्त कोमलशरीरकी बालिका नै बालगतिका संरक्षकहरूद्वारा मारिई । (बालरोगविशेषज्ञको उपकुलपतित्वमा सिमेस्टर प्रणाली समाप्त पारियो भन्ने तात्पर्य हो ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"वैरायन्ते प्रणालीप्रणयननिपुणाः पुण्यगैर्वाणवाण्या
हिन्दूसंस्कारमर्मापरिचितपुरुषः पद्धतिं निश्चिनोति ।"
एतादृक्स्वीयभावं ध्वनयितुमनसो देशमान्या महान्तः
सावज्ञं प्रेक्ष्यमाणाः सुमहितमहसो दण्डनीया अभूवन् । ४६

-एक जना महनीय तेजस्वी देशमान्य महान् व्यक्तिले सिमेस्टर प्रणालीबारे आफ्नो यस्तो विचार प्रकट गर्नुभएथ्यो– " शिक्षा-प्रणालीका निर्माता योजनाकारहरू पवित्र संस्कृत भाषासँग विद्वेष राख्दछन्, हिन्दू संस्कारको मर्मबाट अपरिचित व्यक्ति नै पद्धतिको निर्धारक छ ।" तर उहाँजस्ता विद्वान्लाई सान्है अपमानपूर्वक हेरियो र दण्ड दिइयो ।

नानारूपाः परीक्षाः कतिपयशरदः पीठकेन्द्राधिकारे
स्वातन्त्र्येणैव चाल्याः सदृशमतिमतः साधयन्ति स्म सर्वान्,
तीक्ष्णां मन्दां च मेधां न हि समजगणन् सर्वकारात्सुरक्षा-
प्रत्याभूतिप्रहीणा विगलितहृदयाः शिक्षका मूल्यनार्थे । ४७

सिमेस्टर प्रणाली लागू भएपछि त्यसका अनेक किसिमका परीक्षाहरू केही वर्षसम्म क्याम्पसहरूलाई केन्द्र तुल्याएर स्वेच्छया क्याम्पसको सर्वाधिकारभित्र सञ्चालन गरिए, ती क्याम्पसहरूले सम्पूर्ण विद्यार्थीलाई समानमेधा भएका तुल्याए; किनभने मूल्याङ्कनकर्ता प्राध्यापकहरूले सरकारबाट सुरक्षाको ग्यारेण्टी पाएनन्, उनीहरूको हृदय खिन्न भयो, ज्यूधनको सुरक्षाहेतु तीक्ष्णबुद्धि र मन्दबुद्धि छात्र छुटचाई यथार्थ मूल्याङ्कन गर्न असमर्थ भए ।

मूलं कृन्तामराणां गिर, इहि जनतां, तत्र नर्नृद्धि रुच्यं,
मस्तिष्कं चिन्तकानां भ्रमय, विरमय प्राकृतान् वावदूकान्,
आचार्यैः शास्तितन्त्रं नमय, पिपठिषून् राष्ट्रवक्तॄन् विधेहि,
स्वाञ्चान्ते नाशयेत्थं प्रहसनमकरोत् सत्रशिक्षाप्रणाली । ४८

सिमेस्टर प्रणालीले संस्कृत भाषाको जरो काटचो, त्यो प्रणाली जनताको सामु पुग्यो, त्यहाँ चौपट्टै राम्रो नाच देखायो, विचारकहरूको दिमागलाई चक्कर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खुवायो, स्वाभाविक बोलक्कडहरूलाई चूप गरायो, प्राध्यापक(क्याम्पस प्रमुखसमेत)हरूलाई शासनतन्त्रका अगाडि झुकायो, विद्यार्थीहरूलाई राष्ट्रवादी बनायो (बनाउने कोशिश गऱ्यो), अन्त्यमा आफैलाई नष्ट पाऱ्यो । यसरी यसले एउटा प्रहसन (हँस्यौली) रच्यो ।

पूर्वान्त्ये द्वे परीक्षे वरय, जहिहि ते छात्रवर्गानभीष्टे,
सत्रान्तीयां परीक्षां गमय परिसरान् संपरीक्षानुयाताम्,
तामप्याच्छिन्धि तेभ्यः, प्रतिसमविधये सत्ररीतिं निरस्य,
नानारूपा नटीवाभिनयमरचयत् सत्रशिक्षाप्रणाली । ४९

कहिले प्रथम र अन्तिम (प्रवेश र कम्प्रिहेन्सिभ) परीक्षालाई स्तरीय बनायो (बनाउने कोशिश गऱ्यो), छात्र आन्दोलनपछि ती दुवैलाई हटाइदियो, कहिले सिमेस्टर परीक्षा स्कुटिनीसहित क्याम्पसमै गरायो । फेरि (यसरी भएन भन्दै) क्याम्पसहरूबाट सो परीक्षा खोस्यो, फेरि वार्षिक प्रणाली लागू गर्न सिमेस्टर प्रणाली नै हटायो । यस प्रकार सिमेस्टर प्रणालीले अनेक रूप भएकी नटीले झैं विभिन्न अभिनयहरूको रचना गर्दै रह्यो ।

✡ ✡ ✡ ✡

प्रश्नः (शुक्रराजशास्त्री)
हतेष्वस्मासु तन्त्रेण क्रूरेण वधदण्डतः
दशमेऽब्दे तु तत् तन्त्रं युष्माभिः परिवर्तितम् ।
तत्सत्तोत्सत्तितः पश्चात् कस्कः पक्षः समुन्नतः ?
प्रजातन्त्राभिलाषाश्च जनतायाः प्रपूरिताः ? ५०-५१

क्रूरतन्त्र (राणाशासन)ले मृत्युदण्डद्वारा हामीहरूलाई मारेपछि, दशौं वर्षमा (दश वर्षपछि) तपाईंहरूले त्यो सत्ता उल्टाउनुभयो । त्यो सत्ता समाप्त भएपछि देशमा कुन कुन क्षेत्रमा राम्रो उन्नति भयो ? जनताका प्रजातान्त्रिक अभिलाषाहरू पूरा गरिए कि ? त्यत्तिकै रहे ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरम् (विश्वेश्वर:)

त्रिंशद्वर्षेष्वतीतेषु राणासत्ताविपर्ययात्
अभ्यस्यति प्रजातन्त्रं जनतेत्युपचर्यते । ५२

राणासत्ता पल्टाएको तीस वर्ष बितेपछि बल्ल नेपाली जनता प्रजातन्त्रको अभ्यास गर्दैछ भनी औपचारिक भाषणमा भनिन्छ । तर प्रजातन्त्रप्राप्तिको कुरा धेरै टाढा छ ।

महर्घताचौर्यविपण्यमद्यमुत्कोचितानुत्तरदायिते च
साहित्यसंपज्जनवाग्विलासा समुन्नतिं यान्ति विकासवन्ति । ५३

हाल समुन्नत र विकसित पक्षहरू छन्– नेपाली भाषामा साहित्य, महँगी, तस्कर-व्यापार, रक्सी, घूसखोरी तथा गैरजिम्मेदारी ।

आन्दोलयन्तो जनतन्त्रमार्गणे युष्मत्स्पृहारक्तगृहीतचोदना:
बद्धा: प्रजातन्त्रविरोधिभि र्वयमत्याक्ष्म भौमं वपुरात्मनिष्ठया । ५४

तपाईंहरू हामीहरूलाई प्रजातान्त्रिक सङ्घर्षका लागि केही नगरी निष्क्रिय रहेको नठान्नुहोला, किनभने हामीहरू तपाईंहरूको सपना र रगतबाट प्रेरणा लिई प्रजातन्त्रप्राप्तिका निम्ति आन्दोलन गर्दै रह्यौं, जसबाट प्रजातन्त्रविरोधी तत्त्वले हामीहरूलाई जेलयातना दियो, सो यातना खपेरै आफ्नो सिद्धान्तलाई नछोडीकन पार्थिव शरीर त्याग गर्‍यौं ।

✡ ✡ ✡ ✡

प्रश्न: (जुल्फीकार अलीभुट्टो:)

न्यायालयाग्रेऽतिमृषाभियोगै र्भवानुपास्थाप्यत यद् यथाऽहम्,
प्रतीक्षितो वध्यतयाऽपि लोकै र्नेत: कथं प्राकृतमृत्युमापत् ? ५५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेताजी, जसरी ममाथि अभियोग लगाई, म न्यायालयसमक्ष खडा गरिएँ र मलाई मृत्युदण्ड दिइयो, त्यही किसिमले अत्यन्त झूटा अभियोगहरू लगाई न्यायालयसमक्ष तपाईं उभ्याइनुभयो र बयान लिइयो । मलाई झैं तपाईंलाई पनि कहिले फाँसी दिइन्छ भनी मानिसहरू पर्खेका थिए । कसरी तपाईं स्वाभाविक मरणबाट मर्ने सौभाग्य पाउनुभयो ?

उत्तरम् (विश्वेश्वरः)

भिन्ने संस्थे आवयोर्लोकनेत्रो-
स्तानासाहात् सैन्यनेतु र्वधस्ते,
नेपालोऽसौ पालितो राजशक्त्या
यत्सौजन्यान्मादृशा नैव पाश्याः । ५६

हो, तपाईं र म नागरिक नेताका रूपमा बराबर थियौं, तर दुवै देशको राष्ट्रिय राजनीतिक प्रणाली भिन्न छ । सैनिक प्रशासक तानाशाहबाट तपाईंलाई मृत्युदण्ड दिइयो । नेपाल भने राजशक्तिद्वारा पालित छ, त्यहाँ राजतन्त्र छ, जसको सौजन्यबाट मजस्ता विख्यात नेतालाई मृत्युदण्ड दिइँदैन ।

हार्दं दृढं कलुषयज्जनराजशक्त्योः
प्रच्छन्नदृश्यनिकरद्वयमस्ति तत्त्वम्,
देशं निहन्तुमधिनीतिदिशा प्रयस्यन्
वैरायते नृपसमाजसुराज्यराष्ट्रैः । ५७

त्यसो भए त नेपालमा तानाशाही तत्त्व छँदै छैन कि भन्ने नसम्झनुहोला, किनभने नेपालमा प्रजा र राजाको, जनशक्ति र राजशक्तिको, सुमधुर बलियो सम्बन्ध– आपसी श्रद्धा र अनुरागको सूत्रलाई धमिल्याउने द्विविध तत्त्व छ– प्रच्छन्न र दृश्य । यसै तत्त्वले तानाशाही दिशाबाट देशलाई विनाश गर्ने प्रयास गरिरहेको छ । त्यो तत्त्व राजाको, जनताको, सुराज्य-प्रजातन्त्रको र राष्ट्रको समेत शत्रु हो ।

✡ ✡ ✡ ✡

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्नः (यज्ञभीमादयः)

याचने प्राणभिक्षायाः प्राप्तेऽप्याश्वासने तथा
जननेतः ! कथं तर्हि राजतन्त्रे वयं हताः ? ५८

जननेताजी, हामीहरूले प्राणको भिक्षा मागेका थियौँ, आश्वासनसमेत पाएका थियौँ । तपाईंको विवेचनाअनुसार राजतन्त्रमा हामी नमारिनुपर्ने ? कसरी मारियौँ ?

उत्तरम् (विश्वेश्वरः)

प्रोक्तं मया नृपजनान् द्विषदस्ति तत्त्व-
मुद्दण्डता-मलिनता-विकृत-स्वचेतः,
औद्धत्य-दुर्बलतयो र्ज्वलिता निदृष्टि-
र्यूयं हता ! न पुनरेष जनो ! विचित्रम् ! ५९

राजा र जनताको शत्रु तत्त्व छ भन्ने कुरा मैले बताइसकें । उद्दण्डता र मालिन्यले उसको चित्त विकृत छ । त्यसैको उद्दण्डता र कमजोरीको ज्वलन्त उदाहरण हो– तपाईंहरू मारिनु र म नमारिनु, आश्चर्यको कुरा छ ।

✡ ✡ ✡ ✡

प्रश्नः (हिटलरः)

अधिनीतितन्त्रे दृढा राष्ट्रियतैकता शान्तिर्विकासः ।
अतोऽहमधिनेताऽऽसं निन्दसि तादृशं तन्त्रं किमर्थम् ? ६०
यातितोऽहं सनिगडः परेतराडुपनिवेशे रौरवे ।
ममास्य सदस्यतायै वीटाधिकारप्रयोगो न्याय्यः ? ६१

तानाशाही शासनमा राष्ट्रियता, एकता, शान्ति र विकास मजबूत हुन जान्छन् । यसैले म तानाशाह बनेको थिएँ । किन तपाईं त्यस्तो शासन, निरङ्कुश तानाशाहीलाई निन्दा गर्नुहुन्छ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई यमराजको उपनिवेश रौरव(नरक)मा नेल लगाएर ठूलो यातना दिइँदैछ । (म यमदूतद्वारा हथकडीसाथ यहाँ उपस्थित छु) मलाई यस अन्तर्लौकिक सङ्घको सदस्यता दिने कुरामा शक्तिलोकहरू वीटो प्रयोग गर्छन् । के यसरी निषेधाधिकारको प्रयोग गर्नु न्यायिक छ ?

उत्तरम् (विश्वेश्वर:)

अपावृतं मानवताविनाशकं निरङ्कुशं राष्ट्रियताविलोपि तत्
श्मशानशान्त्या विकसत् सुविप्लवे, विरोधितं सन्ततमेव
मादृशै: । ६२
वयं नृपाला जनतन्त्रकामिन: समाजवादाध्वनि बन्धनार्थिन:
अभू नृशंसो जनतां द्विषन् भवान् समाजशत्रु र्गतबन्ध एकक: ।
६३
यहूदयो लक्षश आततायिना हतास्त्वया ते ददति क्षमां यदि,
अथोपयुज्येत गतत्रपस्य ते समत्वयाच्ञान्तरलौकिके गणे । ६४

निरङ्कुश तानाशाही शासन मानवताको विनाशक, स्वेच्छाचारी हुन्छ, यसले राष्ट्रियताको लोप गर्छ । यसको शान्ति श्मशाने शान्ति हो र यो ठूलो विप्लव-हत्या आतङ्क त्रासमा विकसित हुँदै जान्छ । यसकारण मजस्ता प्रजातन्त्रवादीले सदासर्वदा नै त्यस्ता शासनको विरोध गर्दै आएका छन् ।

हामी मानवताका संरक्षक, प्रजातन्त्रका इच्छुक र समाजवादी मार्गमा सामाजिक बन्धनभित्र जेलिन चाहने व्यक्ति हौं । यसविपरीत तपाईं मानवताका हत्यारा, क्रूर, जनताका विरोधी, समाजका शत्रु, निरङ्कुश र एक्ला हुनुभयो ।

तपाईं आततायी हुनुहुन्थ्यो (अग्निदो गरदश्चैव शस्त्रपाणिधर्नापह:, क्षेत्रदारापहर्ता च षडेते आततायिन: । साठी लाख यहूदीहरूलाई जिउँदै चितामा जलाएको हुनाले हिटलर आततायी थिए) तपाईंले जुन लाखौं यहूदीहरूको निर्मम हत्या गर्नुभयो, ती यहूदीहरू (यहीं कतै होलान्) यदि तपाईंलाई क्षमा दिन्छन् भने तपाईंले लाज सरम इज्जत पन्छाएर यस अन्तर्लौकिक सङ्घमा समानताको माग पेश गर्न सक्नुहुन्छ ।

✡ ✡ ✡ ✡

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्नः (राजर्षि र्जनकः)

आहैमभागं किल भारतोर्व्यां विभक्तराज्यानि बहून्यभूवन्,
अहं तदा मैथिलराज्यपालः सुनीतितः स्वीयजनानशासम् । ६५
तदेकतन्त्रं फलितं समृद्धं समुन्नतं शान्त्यभिवर्षि मन्ये,
अमूदृशं तन्त्रमपाचिकीर्षु र्विकत्थसेऽहो ! किमु लोकतन्त्रम् ? ६६

प्राचीनकालमा हिमचुलीसम्मको सम्पूर्ण भारतवर्षमा अनेकौं साना-साना टुक्रा राज्यहरू-रजौटाहरू थिए । त्यसबेला म मिथिला नगरीको शासक, राजा थिएँ । मैले नीतिपूर्वक आफ्ना जनतामाथि शासन चलाएको थिएँ ।

त्यसकारण एकतन्त्रलाई नै म शान्तिको धारा बगाउने फलित, समृद्ध र समुन्नत शासन मान्छु । किन तपाईं त्यति राम्रो तन्त्रलाई पन्छाउन चाहनुहुन्छ ? र लोकतन्त्रको सराहना गर्नुहुन्छ ?

उत्तरम् (विश्वेश्वरः)

राजर्षे ! लोकमान्यै र्गुरुकुलनिलयैः सीमितं राजतन्त्रं
वैधं ते, नैकतन्त्रं, महिततमगतिः पद्धति र्नोत्तमाऽस्याः ।
तानासाहं द्विषद्भि र्नयगतसमतामीहमानैरभीष्ट-
मस्माभिः कालभिन्नं निहितजनहितं तादृशं तन्त्रमेव । ६७

राजर्षि जनकज्यू, तपाईंको राजतन्त्र निरङ्कुश एकतन्त्र थिएन, त्यो वैधानिक राजतन्त्र थियो । गुरुकुलनिवासी विद्वान्हरूद्वारा तपाईंको राजतन्त्र सीमित-साङ्कुश थियो । ती विद्वान् मत नदिईकनै छानिएका जनताका निर्विवाद प्रतिनिधि थिए । उनीहरूको आवाज जनआवाज हुन्थ्यो । चौपट्टै सम्मानित सञ्चालन भएकोले त्यसभन्दा (वैध राजतन्त्रभन्दा) उत्तम पद्धति कुनै पनि हुन सक्तैन । निरङ्कुश तानाशाहीका विरोधी र सम्पूर्ण नागरिकहरूलाई राजनीतिक अधिकारको समानता चाहने हामीहरू पनि तपाईंकै जस्तो राजतन्त्र स्थापित गर्न चाहन्छौं । जनताको हितमात्र ध्यानमा राखिने तपाईंको वैध राजतन्त्र र आजको वैध राजतन्त्रमा युगानुसार अलिकतिमात्र फरक हुन सक्छ । (तपाईंको युगमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुकुल नै प्रतिनिधिसभा हुन्थ्यो भने आधुनिक युगमा जननिर्वाचित संसद् सर्वेसर्वा हुन्छ ।)

✡ ✡ ✡ ✡

प्रश्नः (त्रिभुवनवीरविक्रमशाहदेवः)

न पूरिताः प्रजाया मे प्रजातन्त्रीयकामनाः
हन्त मे विफलो यत्नो विषीदामि जनाधिप !
प्रतिवर्षं प्रजातन्त्रदिवसस्य महोत्सवे
प्रतिष्ठा मामकी दृष्टा महासंमर्दसम्मदैः
औपचारिकभाषायां सहिदानां तथा तव
स्मरणं मन्यते मन्तु र्विषीदति भवाँस्तदा ? ६८-७०

जननायक ! मेरा प्रजाका प्रजातान्त्रिक अभिलाषाहरू पूरा हुन सकेनन्, मेरो प्रयास व्यर्थ भयो, यसबारे मलाई विषाद छ ।

प्रत्येक वर्ष प्रजातन्त्र दिवसको महोत्सवमा ठूलो भीड लाग्छ र हर्षोल्लासपूर्वक मेरो सम्मान प्रतिष्ठा राख्ने गर्छ । तर औपचारिक भाषा-भाषणमा सहिदहरूलाई र तपाईंलाई सम्झन अपराध मानिन्छ । यसबारे तपाईं विषण्ण हुनुहुन्छ कि ?

उत्तरम् (विश्वेश्वरः)

यदि सत्कारदुत्कारै र्व्यचलिष्यं प्रजाप्रिय !
वैपरीत्यं ममैतिह्येऽभविष्यन्नृतनोस्तदा । ७१

प्रजाका प्रिय सरकार ! यदि सम्मान र अपमानले मलाई (मेरो धैर्यलाई) डगमग पार्दा हुन् त मानव जीवनको मेरो जुन इतिहास छ, त्यो त्यस्तो नरही अर्कै किसिमको उल्टो हुने थियो ।

निमन्त्रितो बन्धन एव नैकशः प्रधानमन्त्रित्वपदे चटूक्तिभिः
अपास्य तद् बन्धनमभ्युपागमं, कथा विषादस्य कथं भवेन्मम ।
समार्थयिष्ये यदि तन्निरङ्कुशं कुशासनं सैन्यबलेन वाहितम्,
पदच्युतानेहस आस्वजीवनं प्रधानमन्त्री ह्यभविष्यमेककः । ७२-७३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई प्रधानमन्त्री बनाउने प्रस्ताव लिएर अनेक पटक चापलूसहरू आए जेलमा; त्यस पदलाई अस्वीकार गरेर मैले जेल नै रोजें; तब मेरा लागि विषादको कुरा के भयो ?

यदि मैले सैन्यबलद्वारा लादिएको त्यस निरङ्कुश कुशासनलाई समर्थन गर्दो हुँ त प्रधानमन्त्री पदबाट च्युत गरिएको थोरै समयपछि (लगत्तैपछि) को समयबाट आफ्नो जीवनभर ममात्रै एक्लो प्रधानमन्त्री हुने थिएँ (मेरो इतिहास अर्कै हुने थियो ।)

क्रान्तेः समाप्तौ जनतासमक्षं कृतो भवद्भि र्य उदर्कसन्धिः,
कृतेऽपि यत्ने न स पूर्णतामैदतो व्यषाषद्यत मेऽन्तरात्मा । ७४

२००७ को जनक्रान्ति समाप्त भएपछि सारा जनतालाई सम्बोधन गर्दै मौसुफबाट जुन उदर्कसन्धि (अब उप्रान्तको घोषणा) भएको थियो, त्यो सन्धि (घोषणा), मैले ठूलो प्रयास गर्दा गर्दै पनि पूरा हुन सकेन । यसमा भने मेरो अन्तरात्मा चौपट्टै विषण्ण भइरह्यो, हमेशा म खिन्न भइरहें ।

✡ ✡ ✡ ✡

प्रश्नः (पुष्पलालः)

तव कतिपया यत्ना नासन्नबुद्धिपुरस्सराः ?
'जनमतविधिः पञ्चाचारान् प्रपूर्य भवत्वथ,
बहुदलधियामेको मञ्चोऽस्तु वाच्यसमन्वया'-
दिति परमतं न्याय्यं हृद्यं भवान् समुपैक्षत । ७५

तपाईंले प्रजातन्त्रका निम्ति जुन प्रयासहरू गर्नुभयो, तीमध्ये केही प्रयासहरू अबुद्धिपूर्वक (बुद्धि नपुऱ्याइएका) थिएनन् र ? जनमत सङ्ग्रहको दौरानमा तपाईंको विपक्षी समूहबाट न्यायपूर्ण राम्रा प्रस्तावहरू आएका थिए– पाँच पूर्वशर्त पूरा गरेर मात्र जनमत सङ्ग्रह हुनुपर्छ भन्ने उनीहरूको भनाइलाई तपाईंले बेवास्ता गर्नुभयो । त्यस्तै वक्तृताको एउटै रेखा कोरेर (दलीय व्यवस्थाको आवश्यकता बताउने, आपसमा आक्षेप प्रत्याक्षेप नगर्ने) बहुदलवादीहरूको एउटै सभामञ्च हुनुपर्छ भन्ने उनीहरूको कुरालाई पनि तपाईंले स्वीकार गर्नुभएन ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरम् (विश्वेश्वरः)

निरस्ता नृपविश्वासाज्जनतामतसंग्रहे
ताः पूर्वाः संविदः पञ्च निष्पक्षत्वप्रयोजनाः ।
सूत्राणां विंशतेः कार्यक्रमपूरणयोजितैः
पञ्चायत्तनये लग्नै र्दलरीतिपराजये
स्यन्दिष्यन्ते विकासार्थमुद्राणां शतसिन्धवः
मयेदृक्छलमार्गास्तु न स्मृतो नृपगौरवात् । ७६-७८

जनमत सङ्ग्रहको निष्पक्षताका लागि उहाँहरूले पाँच पूर्व शर्त राख्नुभएको हो, त्यस्तो निष्पक्षतासम्बन्धमा महाराजाधिराजप्रति विश्वास गरेरै मैले ती शर्तहरूलाई अनावश्यक सम्झेको हुँ ।

"बीस सूत्री कार्यक्रम लागू हुनेछ, दलीय प्रणालीलाई हराउन र पञ्चायतलाई जिताउन विकास बजेटबाट रुपैयाँका सयकडौं नदीहरू बगाइनेछन्" भन्ने छलकपटको मार्ग मैले किन सोचिनँ भने म महाराजाधिराजप्रति गौरवमय भावना राख्दथें ।

निसर्गतो द्वेष्म्यधिनीतिपद्धतिं तदेकतन्त्रं जनवादनाम वा
अतोऽधिनायाप्लुतमानसैः समं समत्ववार्ताऽतिविसंगता मम । ७९

जहाँतक समन्वय, मञ्च एकताको कुरा छ– म तानाशाही पद्धतिको नैसर्गिक विरोधी हुँ, त्यो चाहे एकतन्त्र होस्, चाहे जनवादको नामबाट चलेको होस् । तानाशाही भनेपछि सबै उस्तै हुन् । जसको मानसिकता अधिनायकवादले भिजेको छ, तिनीहरूसँग समन्वय, मिलेभगत देखाउनु मेरा लागि चौपट्टै विसङ्गतिपूर्ण हुन जान्छ ।

वैदेशनिर्देशमपास्य ते स्वतः सिद्धान्ततोऽनेकदलीयपद्धतिम्
यद्यादरिष्यन्त मया ससंमदं स्कन्धे न्यधास्यन्त समोपलब्धये । ८०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि उनीहरूले विदेशवाट आज्ञा नलिएर, विदेशी नीतिलाई छोडेर, आफूमै पूर्ण रही सिद्धान्ततः वहुदलीय शासन व्यवस्थालाई आदर गर्दा हुन् त मैले खुशी साथ उनीहरूलाई आफ्नो काँधमा राख्ने थिएँ, काँधमा काँध मिलाएर काम गर्न कुनै आपत्ति थिएन, किनभने हामी सबैको लक्ष्य उपलब्धि एउटै हुने थियो– बहुदलीय शासन व्यवस्था ।

✡ ✡ ✡ ✡

प्रश्नः (मोहनशमशेरः)

विस्मर्तव्यं त्वयि दुरुदितं क्रान्तिकाले मया यद्,
जिज्ञासे तत् त्रितयमभवद् वञ्चकं राजनीतौ –
दिल्लीसन्धिः, प्रतिनिधिचयो, रीतिनिर्वाचनोक्तिः,
तिस्रोऽपूर्णाः प्रगतिसृतयः संभ्रमे स्वीकृताः किम् ? ८१

क्रान्तिका समयमा मैले बोलेको दुर्वाच्य (प्रधानमन्त्री हुन पुर्पुरोमा लेखेको हुनुपर्छ वुझ्यौ जस्तो) बिर्सनुहोला । म तपाईंलाई सोध्छु कि– तपाईंको राजनीतिमा तीनवटा घटना धोखेवाज भए– १.दिल्ली सम्झौता, २. संसदीय चुनाव, ३. प्रणाली निर्वाचनको (जनमत सङ्ग्रहको) घोषणा । यी तीनोटै अपूर्ण प्रगति-चरण तपाईंले हडवडमा आत्तिएर स्वीकार गर्नुभएको हो कि ? पदलोलुपताले स्वीकार गरिएको त होइन ?

उत्तरम् (विश्वेश्वरः)

स्वीकृतं तत्त्रयं सम्यग् विश्रम्भाद् न तु संभ्रमात्,
विश्वस्ता हि वयं शश्वत् स्वस्मिन् राज्ञि जनेषु च ।
साफल्योपक्रमश्रेण्यः प्रजातन्त्रार्थिनां न ताः ?
उद्घाट्यं न बहिर्द्वारं देवमूर्तिं दिदृक्षुभिः ?
उपेक्ष्य कटुसिद्धान्तं व्यवहारनयो मतः,
परिवर्ति-स्थितिः साध्यं नेदयेदिति भावितम् । ८२-८४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती तीनोटै प्रगति-चरण विश्वासले स्वीकार गरिएको हो, न कि हडबडले । हामी हमेशा आत्मविश्वास, राज-विश्वास र जनविश्वासमा अडिग रह्यौं । के ती तीन चरण प्रजातन्त्रवादीहरूका लागि सफलताका प्रारम्भिक सोपान थिएनन् र ? के देवमूर्तिदर्शन गर्न चाहनेले पहिल्यै बाहिरी ढोका उघार्नुपर्दैन ?

अर्को कुरा कोरा सिद्धान्तलाई छोडेर व्यावहारिक राजनीतिलाई हामीले मान्यौं । हामीलाई के लागेको थियो भने बदलिँदो परिस्थितिले साध्यको नजीक पुऱ्याउला ।

✡ ✡ ✡ ✡

प्रश्नः (पृथ्वीनारायणशाहः)

षट्त्रिंशता जातिभिराश्रिता या वर्णैश्चतुर्भिः सह फुल्लवाटी,
मन्निर्मितं राष्ट्रमदभ्रदर्पं तन्मे विशालं विकसच्चकास्ति ? ८५

चार वर्ण छत्तीस जातको फूलबारी स्वरूप मैले निर्माण गरेको त्यो राष्ट्र, जो अतीव स्वाभिमानी र विशाल छ, के अहिले विकसित हुँदै चम्किलो बनेको छ ?

उत्तरम् (विश्वेश्वरः)

गोरक्षराज्यप्रतताभियाने सुगौलि-सन्धिं समवाप्य शान्ते
कोटिप्रजाध्यासितपुष्पवाटी नेपालभूस्त्वद्विजिगीषयाऽऽप्ता । ८६

गोरखा राज्य-विस्तारको अभियान सुगौली सन्धिमा पुगेर अडियो । मौसुफको विजिगीषाको परिणामस्वरूप करोड जनताको निवास फूलबारी नेपालभूमि (नेपाल देश) निर्मित भयो ।

नृणां तदात्वे क्व नु राष्ट्रचेतना ? विजेतृता ते न तु राष्ट्रनेतृता ।
'प्रणीतवान् राष्ट्रमसा' विति त्वयि महत्त्वमैतिह्यकृतं कृतेर्भुवः । ८७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मौसुफको विजय अभियानको फलस्वरूप नेपाली समाजको निवासयोग्य भूगोल-रचना नै सम्पन्न भएकोले वस्तुतः मौसुफ विजेता होइबक्सन्थ्यो, न कि राष्ट्रिय नेता । त्यस बेलाका जनतामा राष्ट्र-चेतना कहाँ थियो र ? (मौसुफलाई विजय अभियानमा साथ दिने रैती थिए, न कि नागरिक हकका लागि लड्ने नागरिक) अतः मौसुफलाई 'राष्ट्रनिर्माता' भन्दै दिइने ऐतिहासिक महत्त्व भूगोलरचनासँग सम्बद्ध छ ।

लुण्टाकराणाप्रभुतासमाप्तये क्रान्त्युल्मुकोद्दीपिसमस्तनागराः
अभ्युत्थिता राष्ट्रियभावनाप्लुता राष्ट्रोदयस्तत्प्रभृतीति मन्महे । ८८

जब लुटाहा राणाशासनको तख्ता पल्टाउने लक्ष्यले क्रान्तिको राँको सल्काउँदै देशका सम्पूर्ण नागरिक जुर्मुराए; त्यस बेला तिनीहरूको आत्मा राष्ट्रियताले ओतप्रोत थियो (उनीहरू नागरिक हकका लागि लड्दै थिए) । हामी ठान्दछौँ कि राष्ट्रचेतना, राष्ट्रियताको अभ्युदयकाल त्यही थियो ।

संसद्विनाशेऽधिकृतापहारे विमर्दिते द्राग् जनसर्वकारे
दृढा दशाब्दीमभिवर्धमाना सा चेतना दुष्कथिता विपन्ना । ८९

त्यसपछि जब संसद् विघटित भयो, मौलिक हक खोसिए, तुरुन्त जनताको सरकार निमोठियो, त्यस बेला जुन राष्ट्रियता दश वर्षसम्म विकसित र अभिवृद्ध हुँदै आएको थियो, त्यो नराम्ररी कुल्चियो, विपन्न अवस्थामा पुग्यो ।

✡ ✡ ✡ ✡

प्रश्नः (चार्ल्सप्रथमः)

किं भोः संसद्विघटनाद् राष्ट्रवादो न रक्ष्यते ?
अस्माभिः क्रथिता संसद्, न वयं राष्ट्रवादिनः ? ९०

के भन्नुहुन्छ, त्यस्तो हैं ? संसद् विघटन गर्दैमा राष्ट्रवादको रक्षा हुँदैन र ? हामीहरूले संसद् विघटन गरेका थियौं, के हामी राष्ट्रवादी थिएनौं ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरम् (विश्वेश्वरः)

ता व्यक्तयस्तावदनेहसं ध्रुवं प्राहुःस्म युष्मानपि राष्ट्रवादिनः,
प्रासादिनां पूर्णप्रसादसादितै र्द्रव्यैः कणेहत्य यकाः प्रतर्पिताः । ९१

अवश्यै, यहाँहरूलाई पनि, ती व्यक्तिहरूले त्यस बेलासम्म 'राष्ट्रवादी' भन्ने गर्थे; जुन व्यक्तिहरू दरबारियाहरूबाट पूर्ण प्रसन्नताले उपलब्ध गराइएको धनपैसाले डम्म अघाएका हुन्थे; जुन बेलासम्म तिनीहरूलाई दरबारबाट चाहिए जति धनपैसा ओइरिन्थ्यो ।

✡ ✡ ✡ ✡

प्रश्नः (लालबहादुरशास्त्री)

संसद्विघटनात् पश्चान्नेपाले याऽस्ति पद्धतिः,
किन्नु जोघुष्यते पूर्णप्रजातन्त्रात्मिकेति सा ? ९२

नेपालमा संसद् विघटनपछि जुन प्रणाली लागू छ, त्यसलाई 'यो पूर्ण प्रजातन्त्रात्मक छ' भन्दै बारम्बार चिच्याउने गरेको पाइन्छ । तपाईं भने प्रजातन्त्र भएन भनिरहनुहुन्छ । किन त्यसो भइरहेको हँ ?

उत्तरम् (विश्वेश्वरः)

यथाभृतं ध्वनिं तु शब्दवाहियन्त्रमुच्चरेत्,
पिनष्टि पेषणी मुखे निधापितं यदृच्छया,
अजस्रगामि सर्वकार-यन्त्रकं नियन्त्रितं
सुशासितं सुदासितं सुभाषितं सुभाषितम् । ९३

शब्दग्राहक यन्त्र(क्यासेट)ले जे जस्तो आवाज त्यहाँ पहिल्यै भरिएको हुन्छ, सोही आवाज पछिबाट बजाउँदा उकेलिदिन्छ । त्यस्तै निर्जीव यन्त्र जाँतोले गहुँ, मकै, कोदो जे राखिदियो त्यही पिसिदिन्छ । त्यस्तै निरन्तर चालू सरकारी यन्त्र छ, त्यो नियन्त्रित छ, शासनभित्र सम्यग् अवस्थित छ, दासत्वभित्र (पूर्ण अस्वतन्त्र) छ, राम्ररी भाषण गर्न लगाइएको छ, राम्ररी भुकाइएको छ । त्यस यन्त्रभित्र विश्लेषण, विवेचना र चिन्तनको प्रवेश निषिद्ध छ ।

✡ ✡ ✡ ✡

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्नः (गिरिप्रसादबूढाथोकीः)

पञ्चायत्त-सर्वकारे न किं लाभान्विता वयम् ?
प्रधानमन्त्रितादाने नायातो बन्धनाद् भवान् ? ९४

के पञ्चायती सरकारमा हामी लाभान्वित भएका थिएनौं ? तपाईंलाई त्यसबेला प्रधानमन्त्री बनाउन बोलाउँदा पनि आउनुभएन ।

उत्तरम् (विश्वेश्वरः)

उन्नता व्यक्तिरूपेण युष्मादृशां शतद्वयी,
दुर्दशायास्तदातन्याः प्रस्तौम्येकं निदर्शनम् । ९५

व्यक्तिगत रूपले, निजी स्वार्थलाई लक्ष्य गराएर तपाईंजस्ता दुई सय व्यक्ति उन्नत भएका थिए । त्यस बेलाको दुरवस्थाको एउटा उदाहरण प्रस्तुत गर्छु ।

'सामन्ताः सन्ति केचित् ?' 'न हि धरणिपते,'
'साम्प्रतं ते क्व याताः ?'
'पञ्चास्ते सर्वकारे' नृपतिकृषकयो र्वेत्सि संवादमेवम् ।
ज्येष्ठोऽभाषिष्ट पञ्चो 'वयमिह भषकाः स्वामिनोऽग्रे भषामः,
क्षिप्ते येनास्थिखण्डे सपदि च विरता-
स्तल्लिहन्तो मुदा स्मः ।' ९६

एक पटक गाउँमा राजाको र किसानको बीचमा कुराकानी भएछ, जुन कुरा तपाईंलाई थाहै छ– "यहाँ कोही फटाहा छन् ?" "छैनन् सरकार !" "अहिले तिनीहरू कहाँ गए ?" "सबै पञ्च बनेर सरकारमा गए ।" त्यस्तै तपाईंका जेठा पञ्चको भनाइ थियो– "हामी कुकुर हौं । मालिकको अगाडि भुक्छौं । मालिकले हाडको टुक्रा फ्याँकिदिएपछि खुशी भएर त्यही चाट्छौं र तुरुन्तै चूपचाप बस्दछौं ।"

✡ ✡ ✡ ✡

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्नः (टिटोः)

अथात्रभवता कापि तृतीयविश्वमान्यताम्
गच्छन्ती गदिता वार्ता समाजवादिमेलने ? ९७

यहाँले समाजवादीहरूको जमघटमा तृतीय विश्वलाई मान्य हुने किसिमको कुनै वक्तव्य प्रस्तुत गर्नुभएको थियो कि ?

उत्तरम् (विश्वेश्वरः)

समाजवादिसंघस्य सिड्नी-संमेलने मया
तृतीय-जगतः स्मृत्याः प्रस्तुताः पञ्चवृत्तयः । ९८

समाजवादी सङ्घको सिड्नी सम्मेलनमा मैले (समाजवादीहरूले र) तेस्रो विश्वले सम्झनुपर्ने पाँच कुरा प्रस्तुत गरेको थिएँ । ती निम्नानुसार छन्–

१. तार्तीयीके जगति जनसात्कार्यतां राजनीति-
स्तत्संवर्ध्या धृतजनबला प्रोन्नमेदर्थनीतिः ।
नीती एते अधिनयचणो मन्यते द्वे पृथक्स्थे
स्वीकार्ये द्वे समुदयबुधै र्मार्गमेकं चलन्त्यौ । ९९

तेस्रो विश्वमा राजनीति पूर्णतः जनताको अधीनमा सुम्पिनुपर्छ । त्यसपछि जनाधीन राजनीतिले बढाइएको र जनताको सहभागिता प्राप्त गरेको आर्थिक नीतिले सम्यक् उन्नति गर्न सक्छ । निरङ्कुश तानाशाहले अर्थनीति र राजनीतिलाई अलग्याउँछ, बिना प्रजातन्त्र जबर्जस्ती आर्थिक उन्नतिको कोरा नारा लगाउँछ । परन्तु समाजवादीहरूले दुवैलाई एक अर्काको सहयोगी, एउटै मार्गमा साथ साथै हिँड्ने सम्झनुपर्छ ।

२. साहाय्यार्थं विकसनकृतावन्यराष्ट्रेभ्य आप्तं
सूद्योगं नोन्नमयति परं वर्गसृष्टिं करोति ।
भ्रष्टाचारैरधिकृतपदैश्चौर्यवाणिज्यलुब्धैः
क्रूरै र्धूर्तै र्नरकरटकैरात्मसाद्भाव्यते तत् । १००

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जब विकसित राष्ट्रहरूबाट औद्योगिक उन्नति वा विकास कार्यका लागि सहायतास्वरूप अर्थराशि प्राप्त हुन्छ; तब त्यस सहायताले राम्रा उद्योग बढाउनु र उन्नत गराउनुको सट्टा उल्टै वर्ग-सृष्टि गरेको देखिन्छ । त्यो अर्थराशि तस्कर व्यापारमा पल्केका भ्रष्टाचारी सरकारी अधिकारीहरूले नै, जो क्रूर, धूर्त र नररूपी काग छन्; आफ्नो व्यक्तिगत पूँजी बनाउँछन् ।

३. संचालितो विकसितैः प्रविधिः स्तरीयः,
प्रायापितोऽधनतमान् विषयान् प्रयुक्तः,
सम्यग् विकासकृति-साह्यप्रदो न भूत्वा
वैषम्यमेव जनयेद् धनिनिर्धनेषु । १०१

विकसित देशहरूमा सञ्चालन गरिएको स्तरीय प्रविधि अतिनिर्धन देशहरूमा हूबहू ल्याएर प्रयोग गर्न थालिन्छ । त्यस्तो प्रविधिले ती निर्धनतम देशहरूको विकास-कार्यमा के सहायता देला ? अन्ततः त्यो स्तरीय प्रविधि सहायक नभई धनी र निर्धनको बीचमा अरू ठूलो विषमता (खाडल) उत्पन्न गरेर छोड्छ ।

४. अर्थतन्त्रोन्नतौ नद्धाः केचित् समाजवादिनः
प्रजातन्त्र उदासीना दृश्यन्ते तन्न साम्प्रतम् । १०२

केही समाजवादीहरू अर्थतन्त्रको उन्नतिमा प्रयत्नशील भई प्रजातन्त्रतर्फ उदासीन देखिन्छन्, त्यो कुरा उचित होइन, विनाप्रजातन्त्र एकोहोरो आर्थिक उन्नति हुन सक्तैन ।

५. समाजवाद एवैति तृतीयविश्वमित्रताम्
इमं विना तटस्थास्ते गमिष्यन्त्यधिनेतृताम् । १०३

समाजवाद नै तेस्रो विश्वको मित्र हो । समाजवादलाई नअँगाल्ने हो भने ती तटस्थ राष्ट्रहरू तानाशाहीतर्फ ढल्कँदै जानेछन् ।

✡ ✡ ✡ ✡

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्नः (सुभाषचन्द्रबसुः)

सशस्त्रः शान्तिपूर्णश्च संघर्षः श्रूयते तव
मद्वादी वा भवान् गान्धीवादी संशेमहे वयम् । १०४

सुनिन्छ कि तपाईंले कहिले सशस्त्र सङ्घर्ष (क्रान्ति)को आह्वान गर्नुभयो भने कहिले शान्तिपूर्ण (अहिंसात्मक, मेलमिलापजस्तो) मार्ग अपनाउनुभयो । वास्तवमा तपाईं मजस्तै (सशस्त्र क्रान्तिवादी) हुनुहुन्थ्यो कि गान्धीवादी (अहिंसावादी) हुनुहुन्थ्यो ? यसबारे हामी सन्दिग्ध छौँ, बुझ्न सकिएन ।

उत्तरम् (विश्वेश्वरः)

हिंसाहिंसे न साध्ये, मम चरमगति र्लोकतन्त्रा हि रीतिः,
स्वाधीनत्वं द्वयोर्वामभिलषितफलं, तद् द्वयं नैव लक्ष्यम्,
प्राजातन्त्र्यं वदद्भिः प्रहरणसरणि र्निन्दिताऽस्माभि, रन्ते
लक्ष्याप्तौ शान्तिवर्त्माऽनृजु भवति तदा सायुधा क्रान्तिरिष्टा । १०५

वास्तवमा म दुवै होइन वा दुवै हुँ । मेरो अन्तिम लक्ष्य के हो भने प्रजातन्त्रीय शासन पद्धतिको स्थापना गर्नु । हिंसा र अहिंसा दुवै साध्य होइनन्, साध्य हो प्रजातन्त्र । तपाईंहरूका पनि ती दुवै लक्ष्य थिएनन् । तपाईंहरू दुवै(वसु र गान्धी)को अभीष्ट फल भारतीय स्वाधीनता थियो । हामी प्रजातन्त्रवादी हौं । आखिरमा प्रजातान्त्रिक लक्ष्य प्राप्तिका निम्ति कुनै पनि तरिकाले शान्तिमय मार्ग काम लागेन र त्यो कुटिल भयो भने सशस्त्र क्रान्ति पनि सम्भावित (आवश्यक पनि) हुन्छ भन्ने गरिएको थियो । (त्यस्तो मार्ग कुनै बेला अपनाइयो पनि ।)

✡ ✡ ✡ ✡

प्रश्नः (लेनिनः)

नेतारो ये प्रथितचरिता एसियायास्त्वदन्ये
दास्यान्मुक्ता जनहितकरीं रीतिमास्थापयँस्ते ।
इष्टिस्तादृङ् न खलु भवताऽऽसादिता सीदताऽपि
चेखिद्यन्तेऽध्यवनि न जना न्यूनतां ते समीक्ष्य ? १०६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एसियाका जुन जुन नेताहरू आफ्नो कार्य र चरित्रका निम्ति प्रसिद्ध छन्, तपाइं बाहेक ती एसियाली नेताहरू दासताबाट मुक्त भएपछि लोककल्याणकारी प्रणाली स्थापित गर्न, लक्ष्य प्राप्तिमा सफल भए । परन्तु तपाईंले भने अनेकौं कठिनाइ, यातना, दुःख कष्ट सहेर कार्य गर्दा गर्दै पनि त्यस्तो सफलता पाउन सक्नुभएन । यसबारे तपाईंको कार्यमा न्यूनता देखेर पृथिवीका जनताहरू साह्रै खिन्न नहुँदा हुन् ? (अवश्य खिन्न छन् ।)

उत्तरम् (विश्वेश्वरः)

सत्यं, तल्लोकतन्त्रे बलवदवसरं नाहमापं यथा त्वं,
चेखिद्येरँस्तरां तेऽपसरदवसरं तद्दिनं संस्मरन्तः;
यस्मिन् रुसेतिहासे जनभविकमुखं संविधानं विधित्सू-
नस्त्रैः संत्रास्य यूयं स्वदलमधिनयग्रस्तसत्तामनैष्ट । १०७

त्यो, तपाईंको भनाइ, साँचो छ । जसरी तपाईंले प्रजातन्त्र स्थापित गर्न एउटा बलियो अवसर पाउनुभएको थियो, त्यस्तो बलियो मौका मैले पाइनँ (यसमा मानव जाति खिन्न होला), परन्तु त्यसभन्दा बढी ती मानिसहरू चौपट्टै खिन्न हुने कुरा त अर्कै छ, जब अवसर गुमेको त्यस दिनलाई ती जनता सम्झन्छन्; जुन दिन रुसको इतिहासमा जनकल्याणमुखी प्रजातन्त्रीय संविधान बनाउन चाहने, बनाइरहेका(प्रजातान्त्रिक समाजवादी)हरूमाथि पेस्तोल तेर्स्याएर, बन्दुक सोझ्याएर तर्साउँदै तपाईंले आफ्नो दलको एकदलीय निरङ्कुश तानाशाही शासन स्थापित गर्नुभयो । (पृथ्वीका मानिसहरू मैले अवसर नपाएको कुरामा भन्दा रुसमा प्रजातन्त्र स्थापनाको सुवर्ण अवसर पाएर पनि तानाशाही शासन स्थापित गर्ने तपाईंको व्यवहारमा बढी खिन्न छन् ।)

✡ ✡ ✡ ✡

प्रश्नः (संजयगान्धी)

तरुणानां समावेशात् स्वदलं द्रढयन् भवान्
कच्चिदचूचुरत् पञ्चैः साधिष्ठान् सुहृदः स्वकान् ? १०८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तरुणहरूको समावेशद्वारा आफ्नो दललाई मजबूत तुल्याउन खोज्दा आफ्ना चौपट्टै दृढ मित्रहरू (सहयोगी)हरूलाई पञ्चद्वारा चोराउनुभयो कि ? (त्यस्ता वरिष्ठ साथीहरू पञ्चायततर्फबाट चोरिनु पनि तपाईंको राजनीतिक अदूरदर्शिता हो कि ?)

उत्तरम् (विश्वेश्वरः)

राष्ट्रस्वार्थाद् राजमार्गात् पलाय्य
व्यक्तिस्वार्थे कापथे ते प्रवृत्ताः
केचित् प्राप्ताः 'प्रस्थिता मांसमत्तुं
वृद्धा मग्ना दूरसे' किंवदन्तीम् । १०९

तिनीहरू राष्ट्रिय स्वार्थ भएको विशाल राजमार्गबाट भागेर व्यक्तिगत स्वार्थ भएको कुबाटोतर्फ लागेका थिए । त्यसरी भागेकामध्ये कही व्यक्तिहरू "चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी" भन्ने उखानका शिकार भए कि ।

✡ ✡ ✡ ✡

प्रश्नः (खुश्चेवः)

अस्ति सञ्चयवादस्य सार्धं श्रमिकशोषणैः
प्रजातन्त्रीयदेशेषु विकास उत्तरोत्तरः ? ११०

प्रजातन्त्र देशहरूमा श्रमिकहरूको शोषण र उत्तरोत्तर पूँजीवादको विकास हुँदै गएको होला हँ ?

उत्तरम् (विश्वेश्वरः)

चयवादविशोषणद्वयं विविधाकारतयाऽस्ति सर्वतः
अधिकारसुरक्षणं भवेज्जनतन्त्रे श्रमिणां प्रयाचने । १११
रुस आर्य ! स सञ्चयार्थिनां श्रमिकान् शोषयतां शिरोमणिः,
सरकारकृतेऽत्र शोषणे चयवादस्य च राजकीयता । ११२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'न हि याचत वाक्स्वतन्त्रतां सरकारः श्रमिकाः, स्वकोऽस्ति वः'
इदमुत्तरिता हि पोलिशा रुस-तन्मार्गवतां निदर्शनम् । ११३

पूँजीवाद र शोषण यी दुवै कुरा जहाँ तहीं छन्, तर स्वरूप फरक छ (प्रजातन्त्र देशहरूमा व्यक्तिगत पूँजीवाद, कम्युनिस्ट देशहरूमा राजकीय पूँजीवाद) । प्रजातन्त्र मुलुकहरूमा श्रमिकहरू माग पेश गर्न, हडताल गर्न सक्छन्, किनभने त्यहाँ मौलिक हकहरू सुरक्षित छन् ।

आर्य ! त्यो रुस नै अहिले श्रमिकहरूको शोषण गर्नेहरू र पूँजीवादी देशहरूको शिरोमणि (नाइके) छ । (संसारमा रुस जत्तिको श्रमिकलाई शोषण गर्ने पूँजीवादी देश अरू कुनै छैन ।) तर त्यहाँ श्रमिकको शोषण सरकार(राज्य)द्वारा नै हुन्छ र पूँजीपति पनि सरकार (राज्य) नै हो । यसैले त्यहाँको पूँजीवाद "राजकीय पूँजीवाद" हो ।

पोल्याण्डका शोषित मजदूरहरूले वाक्स्वतन्त्रता माग्दा "मजदूरहरू हो ! सरकार तिमीहरू (सर्वहाराहरू)कै हो । किन वाक्स्वतन्त्रता माग्छौ" भनी उत्तर दिइएछ । यस पोलिश श्रमिकहरूको दयनीय दशाले रुस र रुसपन्थी सबै कम्युनिस्ट देशहरूका श्रमिकहरूमा हुने उकुसमुकुसको वातावरण झल्काउँछ ।

✡ ✡ ✡ ✡

प्रश्नः (इरानशाहः रेजापहलवीः)

अहं राज्याच्च्युतः कस्मान् महतीं दुर्दशां गतः ?
ऐश्वर्ये सति तादृक्षे वासमात्रं न लब्धवान् ? ११४
मद्वंशो न स्थिरो जातो राज्यसिंहासनाश्रितः,
प्रतीपे साहिसैन्येऽहं किमपि कर्त्तुमक्षमः ? ११५

म राज्यबाट च्युत भएर ठूलो दुर्दशामा कसरी पुगेँ ? त्यत्रो ऐश्वर्य छँदा छँदै आखिर मैले एक जनालाई बस्न, सुत्न पुग्ने ठाउँ पृथिवीमा पाइनँ ? मेरो वंश राजगद्दीमा स्थिर भएर बस्न किन पाएन ? त्यस बेला, जब शाही सेना पनि मेरो प्रतिकूल हुन कसरी गयो ? म केही गर्न असमर्थ भएँ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरम् (विश्वेश्वरः)

अतीव कृपणोऽभूस्त्वं प्रजातन्त्रं द्विषन् सदा,
प्रजाविरोधिनो राज्ञो जीवनं शशश्रृङ्गवत् ।
मुकुटं नैव राष्ट्रस्य शिरःशोभाकरं तव,
राजदण्डो न राष्ट्रस्य प्रजाया मारकस्तव,
सेना च साहिसेनाऽभून्न तु राष्ट्रिय-सैन्यकम्,
सा प्रजाभक्षिका जाता न तु राष्ट्रसुरक्षिका ।
पारिवारिकसंस्थाऽभूद् राजसंस्था न राष्ट्रिया,
न प्रजासहगामित्वं प्रतिगामित्वमेव ते ।
प्रजातन्त्रं विना नास्ति राजतन्त्रस्य जीवनम्,
पानीयकं विना नास्ति मीनजातस्य जीवनम् । ११६-१२०

तपाईं प्रजातन्त्रविरोधी, साह्रै कृपण हुनुभयो । प्रजाविरोधी राजाको जीवन खरायोको सिङ झैं असम्भव कुरा हो । तपाईंको राजमुकुट राष्ट्रिय प्रतीक नभई शिरशोभा भयो, राजदण्ड राष्ट्रिय चिह्न नभई प्रजामारक भयो, तपाईंको सेना राष्ट्रिय सेना नभई शाही सेना भयो, त्यो राष्ट्ररक्षक नभई प्रजाभक्षक भयो । तपाईंको राजसंस्था राष्ट्रिय संस्था हुनुपर्नेमा पारिवारिक संस्था भयो । तपाईं जनतासँग साथै हिँड्ने र उभिने नभई प्रतिगामी हुनुभयो । प्रजातन्त्रबिना राजतन्त्रको जीवन छैन, पानी नभईकन माछाको जीवन कहाँ छ र ?

त्वत्प्रासादेऽनुरुद्धस्त्वं प्रधानमन्त्रिणा मया
'विकासे जनभागार्थं प्रजातन्त्रीकुरु द्रुतम्' १२१
प्रत्युक्तिस्ते 'प्रजातन्त्रं नेहन्ते निर्धना जनाः ।'
तदानीं सूचिताऽस्माभि र्भाविनी दुर्दशा तव । १२२

म प्रधानमन्त्री छँदा तपाईंकै दरबारमा मैले तपाईंसँग विकासमा जनसहभागिताका लागि छिटो प्रजातान्त्रिकीकरण गर्नुहोस् भनी अनुरोध गरेको थिएँ । तपाईंले "गरीब जनता प्रजातन्त्र चाहँदैनन्" भन्ने उत्तर दिनुभयो । त्यसै बेला मैले तपाईंको भावी दुर्दशातर्फ सङ्केत गरेको थिएँ ।

✡ ✡ ✡ ✡

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्नः (केनेडीः)

सर्वोच्चशक्तिसंपन्ना प्रजातन्त्रानुरागिणी
ददात्यमेरिका कच्चिद् विश्वस्मै सौम्यचिन्तनम् ? १२३

प्रजातन्त्रप्रति अनुराग राख्ने सर्वोच्च शक्तिसम्पन्न अमेरिका राष्ट्रले संसारलाई असल चिन्तनधारा, वैचारिकता दिन्छ कि ?

उत्तरम् (विश्वेश्वरः)

रुसोऽमेरिका चोभौ नरसंहारकास्त्रनिर्माणकृतौ
अहमहमिकया लग्नौ ससैन्यास्त्रबलमेव तयोः शक्तिः ।
यद्यप्यमेरिकायां जनतन्त्रीयपद्धति र्वर्वर्ति,
न चास्ति चिन्तनतन्तू रुसीयशक्तिप्रतिस्पर्धावत्वात् ।
तस्मात् तृतीयविश्वं ददाति विश्वस्मै चिन्तनधाराम्,
मनुजमस्तिष्कपुष्टिं विदधति समाजवादिनां विचाराः । १२४-१२६

रुस र अमेरिका दुवै शक्तिराष्ट्र तँछाड मछाडले नरसंहारक अस्त्र बनाउने काममा संलग्न छन्, फौज र अस्त्रबल नै ती दुवै राष्ट्रको शक्तिको आधार छ ।

हुनत अमेरिकामा हमेशा प्रजातन्त्रीय पद्धति रहिरहेको छ, तैपनि त्यहाँ चिन्तनधाराको विकास किन छैन भने ऊ रुसको होडमा रुसीय शक्तिको प्रतिस्पर्धामा छ ।

त्यसकारण विश्वलाई वैचारिकता, चिन्तनधारा दिन सक्ने तेस्रो विश्वमात्र छ । तृतीय विश्वका समाजवादीहरूका विचारहरूले मानव जातिको मस्तिष्कलाई पोषण तत्त्व दिइरहेका छन् ।

✡ ✡ ✡ ✡

प्रश्नः (जवाहरलालनेहरुः)

नेपाले जनतन्त्रबालविशरात्प्रादुर्भवन्ती स्थितिः
सर्वे भारतवासिभावुकजनै वैकल्यमासादयत्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आसीन्मामकशासनेन जनताशक्तिः समर्थ्या तदा,
विप्रालब्ध किमिन्दिरा जनबलं दृप्ताऽधिनीतिप्रिया ? १२७

नेपालमा भएको प्रजातन्त्र-शिशुको हननबाट उत्पन्न स्थितिले सम्पूर्ण भारतवासी भावुक जनलाई दुःखित, चिन्तित तुल्याएको थियो । त्यस बेला मेरो सरकारले जनशक्तिलाई नै समर्थन दिएको थियो । अधिनायकवादलाई मन पराउने गर्विणी इन्दिराले जनबललाई धोखा दिइन् कि ?

उत्तरम् (विश्वेश्वरः)

अन्तःसाह्यसमर्थने सहमतिश्चार्थ्यन्त वै भारताद्
नामन्त्रि स्वकराष्ट्रगौरवविदा वैदेशशक्तिर्मया,
नैरङ्कुश्यरतेन्दिरा जनबलन्यूनत्वकामाऽप्यभूद्
आसन् केऽपि समाजवादविदिता नेपालभव्यार्थिनः । १२८

आफ्नो राष्ट्रिय गौरवलाई ध्यानमा राखेर मैले वैदेशिक शक्तिलाई निम्त्याउन चाहिनँ, मैले भारतबाट नैतिक समर्थन, सहयोग र सहानुभूति चाहेको थिएँ अवश्य । निरङ्कुशतामा रमाउने इन्दिरालाई जनबलको कमजोरी पनि अभीष्ट थियो । कतिपय भारतीय समाजवादी नेताहरू मात्र नेपालका हितैषी हुनुहुन्थ्यो । नेपालमा प्रजातन्त्र होस् भन्ने चाहनुहुन्थ्यो ।

✡ ✡ ✡ ✡

प्रश्नः (चाउएनलाईः)

तावके शासने सन्ने विदेशनीतियोजना
नेपाले कीदृशी जाता ? कच्चिदासीत्तटस्थता ? १२९
संप्रभुत्व-स्वतन्त्रत्वे दृढीकर्त्तुं पुनस्त्वया
सम्बन्धो मन्यते कीदृक् चीनेन भारतेन च ? १३०

तपाईंको सरकार विघटित भएपछि नेपालको वैदेशिक नीति कस्तो थियो ? तटस्थता थियो कि ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालको सम्प्रभुता र स्वतन्त्रतालाई बढी मजबूत तुल्याउन तपाईं चीन र भारतसँग के कस्तो सम्बन्ध राख्न चाहनुहुन्छ ?

उत्तरम् (विश्वेश्वरः)

वैरं भारतवासिभिर्व्यवहृतौ ताटस्थ्यमाक्रन्दने,
दार्ढ्यायाधिनयस्य सा चलचला जाता न धीरस्थिरा,
चीनो दीनतमं स्म नर्तयति तं नेपालदेशं तदा,
सीमायै नियतो नयः प्रथमतः स्वैरं त्वयाऽऽमर्दितः । १३१

त्यस बेलाको (पञ्चायत कालको) नेपाली परराष्ट्रनीति व्यवहारमा भारतीय जनतासँग विरोधी (भारतविरोधी) र चिच्याहटमा तटस्थ थियो । अधिनायकतालाई मजबूत तुल्याउनु नै मूल प्रयोजन हुनाले धीरता र स्थिरता नभएको ढुलमुलाउँदो नीति थियो । चीनले त्यसबेला अति गरीब नेपाललाई आफ्नो इशारामा नचायो । अतः पहिल्यै (तपाईं र मेरा बीचमा) निर्धारित सीमानीतिलाई तपाईंले आफूखुशी निमोठनामोठ पार्नुभयो ।

चीनेन प्रतिवेशिना हि सुहृदा सौहार्दमालम्ब्यतां,
निर्वाह्या ननु भारतेन सरला नेदीयसी मित्रता,
धर्मप्राकृतसृष्टिसंस्कृतिदिशा नेदिष्ठसंबन्धव-
न्नेपालस्य निसर्गतो दृढतमं मित्रं भवेद् भारतम् । १३२

छिमेकी मित्र चीनसँग सौहार्दपूर्ण सम्बन्ध रहिरहनुपर्छ, भारतसँग भने सरल, निकटतर मित्रता निभाइनुपर्छ, किनभने धर्म, प्राकृतिक बनावट (भूरचना) र संस्कृतिको दृष्टिबाट निकटतम सम्बन्ध भएको भारत नैसर्गिक रूपले नेपालको दृढतम मित्र हुन आउँछ ।

✡ ✡ ✡ ✡

प्रश्नः (माओत्सेतुङ्गः)

तारतम्यस्य तात्पर्यं न जाने कीदृशं तव ?
किं वा ते भारते सम्यगाभिमुख्यं तटस्थता ? १३३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपाईंका तारतम्यको आशय के हो बुझ्नै सकिएन । तपाईंका विचारमा भारततर्फ झुकाव नै तटस्थता हो कि ?

उत्तरम् (विश्वेश्वरः)

नानानीतिसहिष्णुता प्रकृतितः स्वीकार्यतां भारते,
नेपालस्य च भारतस्य चलिते रीती द्विषन्तो दृढम्
चीनस्यैव समर्थका गतिविधिं स्वं कुर्वते भारते,
चीनः किन्न करोति तान् निजजनान् कार्ये रतान् तिब्बते ? १३४

स्वभावैले भारत नानानीतिको सहिष्णु छ, त्यहाँ राजनीतिक सहिष्णुता छ, यो कुरा तपाईं हामी सबैले मान्नुपर्छ । किनभने नेपालको र भारतको प्रचलित राजनीतिक प्रणालीका विरोधी चीनका कट्टर समर्थकहरू पनि भारतमा बसेर आफ्नो राजनीतिक गतिविधि चलाउँछन् । ती आफ्ना कार्यकर्ता एजेण्टलाई चीनले तिब्बतमा बसेर काम गर्ने छूट किन दिँदैन ? (त्यहाँ प्रजातन्त्र र राजनीतिक सहिष्णुता छैन ।)

✡ ✡ ✡ ✡

प्रश्नः (कार्लमार्क्सः)

श्रूयते मार्क्सवादीति भवन्तं ब्रुवते जनाः
रोचते मामकः कच्चित् सिद्धान्तोऽपि भवादृशे ? १३५

सुनिन्छ कि तपाईंलाई मानिसहरू मार्क्सवादी भन्छन् । के तपाईंजस्तालाई मेरो सिद्धान्त मन पर्छ ?

उत्तरम् (विश्वेश्वरः)

त्वत्सिद्धान्तः श्रमिकविषये सञ्चये चार्थसाम्ये
स्वारस्येनारुचदतितमां, तावताऽहं त्वदीयः,
स्वातन्त्र्ये वाऽधिकृतिसरणौ राजनीते र्नरस्य
मद्राद्धान्तो विवदति सदा साम्यवादि- प्रवादैः । १३६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपाईंको सिद्धान्त श्रमिकहरूका बारेमा, पूँजीवादका विषयमा र आर्थिक समानताका पक्षमा सही, यथार्थ हुनाले साह्रै मन पर्छ । त्यत्तिबाटै (आर्थिक पक्षमा मात्र) म मार्क्सवादी थिएँ । तर राजनीतिक स्वतन्त्रता र मानवीय अधिकारका पक्षमा मेरो सिद्धान्त साम्यवादीहरूका कुरासँग पटक्कै मेल खाँदैन ।

स्वतन्त्रतायै चलिता अतीताः क्रान्तीरमूर्नाङ्कतु रोटिकाभ्यः,
न मानवो मृण्मयपिण्ड एव स चेतनश्चेतयते नितान्तम् । १३७

स्वतन्त्रताका लागि भएका अतीतका ती पवित्र क्रान्तिहरूलाई रोटीका लागि थिए भनी कलङ्कित तुल्याउनुहुँदैन, किनभने मनुष्य कोरा भौतिक पदार्थ, माटोको डल्लोमात्र होइन, ऊ चेतन छ, संविज्ञानपूर्ण र संवेदनशील छ । ऊ स्वतन्त्र भएर बाँच्न चाहन्छ ।

✡ ✡ ✡ ✡

प्रश्नः (महात्मा गान्धी)

समाजवादसन्दर्भे किं ते मौलिकचिन्तनम् ?
नेपालस्य कृते कीदृक् समाजवाद आदृतः ? १३८

समाजवादका सन्दर्भमा तपाईंको मौलिक चिन्तन के थियो ? नेपालका लागि कस्तो समाजवाद चाहनुहुन्थ्यो ?

उत्तरम् (विश्वेश्वरः)

समाजवादसंक्षेपे चतुःसूत्री मयोदिता–
१.प्रजातन्त्रं विना देशविकासो नैव संभवेत् ।
२.तृतीयविश्वसंप्राप्या वैदेशिकी सहायता
पदस्थानां दुराचारान्नित्यं दुरुपयुज्यते ।
३.जना दीनतमाः सर्वे तृतीयविश्ववासिनः
एतदान्दोलने शश्वन्निसर्गात् सहयोगिनः ।
४. एवं तृतीयविश्वस्मै सहयोगं ददद् दृढम्
सक्रियं गतिशीलं च किञ्चित् संगठनं भवेत् । १३९-१४२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाजवादको सङ्क्षेपमा मैले चार सूत्र बताएको थिएँ– १. बिनाप्रजातन्त्र देशविकास असम्भव छ, २.तेस्रो विश्वले पाउने वैदेशिक सहायताको पदस्थ अधिकारीहरूको नै दुराचारद्वारा दुरुपयोग भइरहेको छ । ३. तेस्रो विश्वका समस्त गरीब जनताहरू समाजवादी आन्दोलनका सहयोगी हुन् र ४. तेस्रो विश्वलाई सहयोग दिन सक्रिय, गतिशील र मजबूत एउटा सङ्गठन हुनुपर्छ ।

राष्ट्रियता, प्रजातन्त्रं, समाजवाद इत्यदः
त्रितयं सहगामीति निर्दिष्टं सर्वदा मया ।
राष्ट्रियत्वं वरिवर्ति प्रजातन्त्रोपरि स्थिरम्,
प्रजातन्त्रस्य चाधारो न्यायपूर्णार्थतन्त्रकम् ।
राजनीतौ प्रजातन्त्रं, समाजवाद आर्थिके
क्षेत्रे समानतादर्शं संस्थापयत आदृतम् ।
समाजवादशब्दोऽयं यौगिको लक्ष्यते यतः
निर्यापिते प्रजातन्त्रे साम्यवादोऽवशिष्यते ।
जनानां स्वामिता राज्ये तेष्वेव सार्वभौमता,
उपस्थितिश्च तेषां स्यान्निर्बाधं राज्यकर्मणि । १४३-१४७

राष्ट्रियता, प्रजातन्त्र र समाजवाद– ती तीनोटैलाई मैले हमेशा सहगामी बताएको छु । प्रजातान्त्रिक व्यवस्थामा मात्र राष्ट्रियता सुदृढ भएर स्थिर रहन्छ, प्रजातन्त्रको आधार न्यायपूर्ण अर्थव्यवस्था हो । राजनीतिक क्षेत्रमा प्रजातन्त्रले र आर्थिक क्षेत्रमा समाजवादले समानताको सम्मानित आदर्श स्थापित गर्छन् । मलाई लाग्छ– समाजवाद शब्द यौगिक छ, जसबाट प्रजातन्त्र निकाल्ने हो भने साम्यवाद बाँकी रहन्छ । प्रजातन्त्रको माने हो– राज्यमा जनताको स्वामित्व, जनताहरूमा नै सार्वभौमिकता, राजकाजमा निर्बाध रूपले जनताको उपस्थिति ।

वैदिकस्मार्तबुद्धोक्तफोर्डीयगान्धिकादयः
ये ते समाजवादाः स्यु र्न नेपालोपयोगिनः ।
प्रतिशतं जनानां ते नवतिश्च कृषीवलाः
ग्रामीणा अधना अज्ञा आद्योद्देश्यं तदुन्नतिः ।
कर्षकाणां भुवः स्वाम्यं भूमिसुधारलक्ष्यकम्
सीमानिर्धारणाद् भूमे र्निर्भूमिभ्यो वितीर्यताम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नैपाली प्रकृतिं वीक्ष्य प्रयोगः प्रविधेर्भवेत्,
तथा सञ्चाल्यतां देशे स्वस्था प्रौद्योगिकी क्रिया । १४८-१५१

नेपालका लागि वैदिक, स्मार्त, बौद्ध, हेनरीफोर्डको र गान्धीको समेत समाजवाद काम लाग्दैनन् । नेपालका नब्बे प्रतिशत ग्रामीण गरीब अज्ञानी कृषकहरूको उन्नति नै प्रथम उद्देश्य हुनुपर्छ । भूस्वामित्व जोत्नेकै हुनुपर्छ, भूमिसुधारको लक्ष्य पनि त्यही हुनुपर्छ । जमीनको हदबन्दी निर्धारण गरेर सुकुमबासीलाई जमीन दिनुपर्छ । नेपालको प्रकृतिअनुकूल प्रविधिको प्रयोग गरिनुपर्छ । त्यसपछि देशमा स्वस्थ देश सुहाउँदो किसिमका उद्योगधन्दाको सञ्चालन हुनुपर्छ ।

✡ ✡ ✡ ✡

प्रश्नः (गौतमबुद्धः)

शान्तिक्षेत्रस्य प्रस्तावो बहुराष्ट्रैरसंमतः
नेपालाय समुद्दिष्टः, कीदृशं दर्शनं तव ? १५२

नेपालका निम्ति प्रस्तुत शान्तिक्षेत्र प्रस्ताव, जसलाई धेरै राष्ट्रहरूले मान्यता दिएका छैनन्, तपाईंको दृष्टिमा कस्तो छ ?

उत्तरम् (विश्वेश्वरः)

वासो-ग्रासाऽवास-भैषज्य-शिक्षा
नेपालीया भावयन्ते न यावत्,
मूलस्वत्वाद् वञ्चनान्नागराणां
तुष्टिश्वासो विद्यते नैव यावत्, १५३
भूपे लोके चैकता नास्ति यावत्
प्रस्तावोऽयं तावदीक्ष्येत मोघः;
अन्तर्ज्वालाऽशान्त्यशिक्षाऽऽमयाद्या
यत्र प्रेद्धाः शान्तिवादो न तत्र । १५४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जबसम्म नेपालीहरू गास, कपडा, आवास, औषधी र शिक्षा पाउँदैनन्, जबसम्म मूल अधिकारबाट वञ्चित नागरिकहरू सन्तोषको सास फेर्न पाउँदैनन्, जबसम्म राजा र प्रजामा एकता हुँदैन; तबसम्म शान्तिक्षेत्रप्रस्तावको कुनै अर्थ छैन । पेटमा भोकको ज्वाला, अशान्ति, अशिक्षा, रोग आदि जहाँ धपक्क बलेका छन्, त्यहाँ शान्तिवार्ताको कुरै उठ्दैन ।

✡ ✡ ✡ ✡

प्रश्नः (सोमनाथसिग्द्यालः)

साहित्ये स्वीकृतां रम्यां शाश्वतीं प्राक्तनीं स्थितिम्
विकारं प्रापयस्त्वं किं यौनाश्रितकदध्वना ? १५५

साहित्यमा स्थापित मान्यता रमणीय प्राक्तन परम्पराको मर्यादालाई तपाईंले यौनाश्रित कुत्सित बाटोबाट विकृत तुल्याउनुभयो कि ?

उत्तरम् (विश्वेश्वरः)

बद्धाः स्मो दृढबन्धने खलु वयं राष्ट्रैकतायां तथा
स्वाचारे च समाजचालनपरे राज्याववादे सदा,
साहित्यस्य प्रणायकास्त्वरशनाः स्वैरार्थिनोऽराजका
अन्तस्था हि सिसृक्षुता बलवती वृत्तिः स्वतस्तायताम् । १५६

हामी राष्ट्रिय एकताको कुरा गर्दा, समाज सञ्चालनसम्बन्धी व्यवहारमा, राज्यशासनमा, हमेशा बलिष्ठ बन्धनले बाँधिएका छौं । (बहिर्मुखी व्यवहारमा स्वतन्त्र छैनौं ।) परन्तु जब साहित्यकार हुन्छौं, त्यसबेला हामी निर्बन्धन, उन्मुक्त, स्वच्छन्द, अराजकतावादी हुन्छौं । स्रष्टाको सृजनेच्छा अन्तर्मुखी, बलिष्ठ हुन्छ, त्यस वृत्तिलाई स्वतः फैलिन दिनुपर्छ ।

याथार्थ्यात् स्मरतापपीडितमनोवृत्तेरनेकां विधां
नानावस्थ-मनुष्य-मानस-गतिं सोसूच्यमानाश्च ताः
नूनं फ्रायड-दर्शनात्समुदिता यौनाश्रिता मे कथा
नेपालीयकृती र्मनस्थितिदिशा न प्राणिणन् किं सुधीः ? १५७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वद्वर ! यथार्थ रूपमा कामपीडित व्यक्तिका मनोदशासम्बन्धी अनेक चित्र प्रस्तुत गर्ने र विभिन्न दशाका मानिसको मानसिक गतिविधिलाई प्रकट गर्ने फ्रायडीय दर्शनका आधारमा लेखिएका मेरा यौनाश्रित कथाहरूले मनोवैज्ञानिक पक्षमा नेपालीय साहित्यलाई प्रशस्त प्राण (बल र सत्त्व) दिएका छैनन् र ! मेरा शैलीमा आजकल धमाधम कथा उपन्यास लेखिँदैछन् ।

✡ ✡ ✡ ✡

प्रश्नः (शङ्करः)

सर्वोच्चकूटसम्पन्नो बहुरत्ननिधानवान्
हिमाद्रिर्मन्दिरैः ख्यातः श्वसुरो मे सुरक्षितः ? १५८

सर्वोच्च चुचुराले युक्त, अनेक रत्नहरूको खानी, मन्दिरहरूले प्रसिद्ध, हिमालय, मेरा ससुरा सुरक्षित छन् ? (हिमाली देश मद्वारा सुरक्षित छ ?)

उत्तरम् (विश्वेश्वरः)

अमूल्यमूर्तिरत्नानां चोरणे हरणेऽरणे ।
मूर्तिः पशुपतेरद्य यावद् विभ्राजते विभो ! १५९

अमूल्य मूर्ति र रत्नहरू चोरिए, हराए, विदेसिए, तर पशुपतिको मूर्ति भने, हे परमेश्वर ! अहिलेसम्म चमकदार रूपमा विद्यमान छ ।

✡ ✡ ✡ ✡

प्रश्नः (यमः)

व्यवहारेऽस्य सङ्घस्य वाग्विवादे समुत्थिते
मन्यते नु भवान् कच्चिदैन्द्रीं वाणीं सनातनीम् ? १६०

यस अन्तर्लौकिक सङ्घको भाषासम्बन्धी विवाद उठेमा (त्यस्तो विवाद उठ्ने पनि गरेको छ) तपाईं कुन भाषाको पक्षमा हुनुहुन्छ ? के तपाईं ऐन्द्री भाषा (इन्द्रलोकको भाषा– संस्कृत, जहाँ सङ्घको कार्यालय-सुधर्मा-रहेको छ)लाई नै हमेशा स्थिर राख्ने कुरालाई मान्यता दिनुहुन्छ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरम् (विश्वेश्वर:)

पार्थिवी वारुणी यामी कौबेरी वायवीति वा
अनिर्णेयो विवाद: स्यात् सदस्यानां परस्परम् ।
समवर्तिन् ! समग्राह्य्या समायाता सनातनात्
समस्ता सुमनोभाषा समस्तु समिते: समा । १६१-१६२

पार्थिवी (पृथ्वीको भाषा), वारुणी (वरुण लोकको भाषा), याम्यी (यमलोकको भाषा), कौबेरी (कुबेर लोकको भाषा), वायवी (वायुलोकको भाषा), यस्तै अरू सबै सदस्यहरूले आ-आफ्नो जिद्दी गर्ने हो भने सदस्यहरूको आपसमा कहिल्यै नटुङ्गिने विवाद भइरहने सम्भावना छ ।

त्यसैले समवर्ती यमराजज्यू, सबैले बुझ्ने, बुझ्न सजिलो, सनातन (अनादि, अनन्त, परब्रह्मतत्त्व)बाट आएको समस्त (सङ्क्षिप्त, बोलचालका लागि सरल तुल्याइएको) देवभाषा (संस्कृत भाषा) नै यस समितिको साझा भाषा होस् । अहिलेसम्म यहाँ त्यही भाषा चलिरहेकोले भाषाबारे विवाद उठाउनु व्यर्थ छ ।

✡ ✡ ✡ ✡

प्रश्न: (श्रीकृष्ण:)

शतक्रतोरत्र ममापि संविदा
समुद्गतोऽयं समुदाय ईदृश:
प्रभावकारित्वमथोपयोगिता
भुवे भवेतामपि भव्यभावने ? १६३

इन्द्रको र मेरा बीचमा भएको सामान्य, दुवैलाई मान्य सम्झौताद्वारा यस संयुक्त लोक सङ्घको स्थापना भएको हो । के यस सङ्घको प्रभावकारिता र उपयोगिता पृथिवीका लागि कल्याणकारी होलान् भन्ने तपाई मान्नुहुन्छ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरम् (विश्वेश्वरः)

बलावलेपेन कुशास्ति-शास्तृभि-
र्निरङ्कुशैः कंससुयोधनादिभिः ।
निपिष्यमाणा जनता सुरक्षिता
यदा यदेति प्रतिजानता त्वया । १६४

यदेति यत्रेति च संविदस्तु नः
प्रसङ्गतो जन्म लभामहै भुवि
मयापि नेपालधराचरान् नरान्
समुन्नतान् कर्तुमितो जनिष्यते । १६५

बलको गर्वमा कुत्सित, घिनलाग्दो राजदण्ड उठाई शासन गर्ने कंस दुर्योधनादि निरङ्कुश तानाशाहको मारबाट यदायदाको प्रतिज्ञा गर्ने तपाईंले जनताको सुरक्षा गर्नुभएको थियो । (यसभन्दा बढी कल्याणकारी प्रभाव के हुन सक्छ ?)

यस सङ्घको उपयोगिताका बारेमा मेरो सोँचाइ के छ भने 'यद्रा' र 'यत्र' (जहिले र जहाँ अन्याय हुन्छ)को कार्यनिर्णय गरौं, सोही अवसरमा (जहिले जहाँ निरङ्कुश तानाशाहीको बोलवाला हुन्छ) पृथिवीमा जन्म लिऔं । यसै सन्दर्भमा सम्पूर्ण नेपालभूवासी नागरिकहरूको समुन्नतिका लागि म पनि त्यहाँ जन्म लिनेछु ।

✡ ✡ ✡ ✡

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपसंहार:

स्मेराननेऽतिथिवरे प्रतिवक्तुकामे
सामाजिकेषु विरतेषु पिपृच्छिषायाः
लोकाधिभूरथ जयः सहसा सहासो
गोष्ठीं पयोधरगभीरगिराऽन्वरुन्ध । १६६

त्यसपछि मुसुमुसु हाँसेका अतिथिवर (बीपी)ले प्रश्नको उत्तर दिन चाहँदा चाहँदै, सभासद्हरू प्रश्न गर्ने इच्छाबाट विरत भएपछि, लोकनायक जयप्रकाशले मुसुक्क हाँस्दै सहसा गोष्ठीसँग मेघको जस्तो गम्भीर ध्वनिमय वाणीले अनुरोध (प्रस्ताव) राख्नुभयो ।

"तद् भारते सनति राष्ट्रपतित्वमर्प्यं
शिष्टेःपदं स्मृतवता समुपैक्षि, किन्तु
निर्मुक्तसक्रियनिदेशमिदं सुधर्मा-
नेतृत्वमादरभरं मयकाऽभ्युपेतम् । १६७
विश्वश्रुतोऽद्य दिवसाद् विधिविद्वरेण्यो
विश्वेश्वरो विधिवदत्र सभामुखोऽस्तु । "
आकर्णयन् सपदि गौतमबुद्ध एत-
त्स्वीयं समर्थनवचः समवोचदुच्चैः । १६८

"मलाई भारतमा छँदा नम्रतापूर्वक राष्ट्रपति पदमा आसीन गराउन खोजिएको थियो, त्यो पद हुकूमको, प्रशासनको पद हो भन्ठानी मैले त्यसलाई उपेक्षा गरें, स्वीकार गरिनँ । परन्तु सुधर्मा सभाको नेतृत्व (अध्यक्षता) सक्रिय प्रशासनबाट मुक्त छ, सम्मानपूर्ण छ भन्ने जानी यसलाई मैले स्वीकार गरेको थिएँ । आजको मितिदेखि संसारमा ख्यातिप्राप्त, विधिवेत्ताहरूमा श्रेष्ठ, विश्वेश्वरप्रसाद यस सभाको सभापति हुनुहोस् ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो प्रस्ताव सुन्ने बित्तिकै गौतमबुद्धले उच्च स्वरमा 'म समर्थन गर्छु' भन्दै आफ्नो समर्थन वाणी प्रकट गर्नुभयो ।

तावत्प्रमोदभरनिर्भरचुम्ब्यमान-
स्वान्ताश्रुतिप्रतिफलप्रभवानुकूलाः
चन्द्रोदयोच्छ्लितसागरदीर्घवीचि-
मालायिताः करतलावलयो व्यघोषन् । १६९

त्यत्तिकैमा एक्कासी आनन्दातिशयको भारले प्रगाढ रूपमा छोइएका हृदयहरूद्वारा स्वीकृत प्रतिफलस्वरूप उत्पन्न र अनुकूल, पूर्णचन्द्रको उदयले उभोतिर उछिट्टिने समुद्रतरङ्गका लामा लामा पङ्क्ति झैं उभो उठाइएका करतल पङ्क्तिहरूको ध्वनि गुञ्जियो– सम्पूर्ण सभासद्हरूले एकै पटक हात उठाएर ताली पिटे ।

कृष्णेन सौरवलयोपरिराजमान-
गोलोकपेन परिषद्विधिसंमतेन
सद्यः कृतं स्वकरगं सुरराजहस्ताद्
माल्यं सुरद्रुसुमनिर्मितमार्पि तस्मै । १७०

संयुक्त लोक सङ्घको (सुधर्मा सभाको) परम्परागत शाश्वत विधि-व्यवहारअनुसार सौरमण्डलमाथि विराजित गोलोकका अधिपति भगवान् श्रीकृष्णले उत्तिखेरै इन्द्रको हातबाट आफ्ना हातमा देवतरुको पुष्पबाट निर्मित माला लिनुभयो र त्यो माला विश्वेश्वरलाई लगाइदिनुभयो, यसरी सभापति पदमा नियुक्ति दिइयो ।

मन्दार-कल्प-हरिचन्दन-पारिजात-
सन्तान-वृक्ष-विहिता अथ पञ्च मालाः
ईशान-विष्णु-विधि-शक्र-यमैरमुष्मै
वीटाधिकारिभिरुपाहृषत क्रमेण । १७१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकसम्राट् श्रीकृष्णले सम्पूर्ण लोककै तर्फबाट समस्त देववृक्षबाट निर्मित साझा माला लगाइदिएपछि वीटाधिकारवाला पाँच लोकका अधिपतिहरूले एकेक देववृक्षबाट निर्मित मालाहरू– शिवले मन्दारको, विष्णुले कल्पतरुको, ब्रह्माले हरिचन्दनको, इन्द्रले पारिजातको र यमले सन्तानवृक्षको माला, नवनियुक्त सुधर्माध्यक्ष बीपीलाई लगाइदिनुभयो।

एवं सभापतिपदे विधिवन्नियुक्तं
विश्वेश्वरं विजितविश्वमनोविकारम्।
अध्यासिसन् सुमनसो विविधादरज्ञा
उच्चासनं सुरसभापतये समर्प्यम्। १७२

विश्वको (संसारको वा सबैको) मानसिक विकारमाथि विजय प्राप्त गर्ने विश्वेश्वरप्रसाद कोइरालालाई अनेक प्रकारको आदर-सम्मानका ज्ञाता देवताहरूले वरिष्ठ उच्च आसनमा बसाले, जुन आसन 'सुधर्मा'को सभापतिलाई समर्पण गर्ने परम्परा थियो।

दिव्यासनाश्रितममुं नवनायकं तत्-
प्रत्यर्पित-प्रतिनतिं समुदाददाना:
सभ्या: प्रणेमुरभितस्त्वरयोत्थितास्ते
ऽहीना: सनातनपरम्परया विनीता:। १७३

त्यसपछि सभा-भवनको प्राङ्गणमा, नवनियुक्त सभापतिको वरिपरि, सम्पूर्ण सभासद्हरू झटपट उठेर खडा भए, उनीहरूले सनातन परम्परालाई नछोडीकन शिर निहुराएर दिव्य आसनमा अधिष्ठित नयाँ सभापतिलाई प्रणाम गरे, सभापतिको प्रतिप्रणाम (फर्काएको ढोक) खुशीसाथ ग्रहण गरे।

वरण-विरहणाभ्यां बीपि-जेपि-द्वयस्य
सुरसमिति-सुधर्माध्यक्षता सीमयाता
विगत-शिशिर-काला प्राप्त-वासन्त-सन्धि:
प्रकृतिरिव सुदीप्ता चैत्र-संक्रान्ति-कान्ता। १७४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुरसभा सुधर्माको अध्यक्षता बीपी र जेपी– यी दुईमध्ये एउटा (बीपी)लाई वरण गर्दै र अर्को (जेपी)लाई छोड्दै साँधमा पुगेको छ । त्यो अहिले शिशिर ऋतुको समाप्ति र वसन्त ऋतुको प्रारम्भको सन्धिमा पुग्दा चैते सङ्क्रान्तिको छवि पाएर सुशोभित भएको प्रकृति झैं सुदीप्त-चमकदार बनेको छ ।

अतिमधुरमगायन् तत्र गन्धर्व-मुख्याः,
श्रुतिसुखमभिनेदुर्वाद्यभेदा दिविष्ठाः,
हृदयहरमुदैषीदप्सरोवारनृत्य-,
मिति कतिपयकालो व्यत्यगान्नन्दयँस्तान् । १७५

त्यसपछिको केही बेर सभासद्हरूले भव्य उत्सवजन्य आनन्दको रमझममा बिताए । हाहा हूहू आदि गन्धर्वहरूले सुरिलो लयमा गीत गाए, कानलाई आनन्द दिने स्वर्गीय बाजाहरू बजे, अप्सराहरूको मनोहर नाच उदित भयो ।

" वहतु ननु नवोऽयं शक्तिमद्वाह्यभार-
मिममिति मयि दाढर्चं दर्शितं वेद्मि सभ्याः ।
अथ समुपह्रियन्ते सादराऽभारमालाः
समुदमिहभवद्भ्यः संविदा स्वे नियोगे । १७६

हिमगिरिविपिनस्थो 'मह्त्य-कोशी-प्रपातः'
सरिदुभयतटीस्था चापि 'देवाटवाटी'
कृतयुगत इहत्यैरीहितौ पर्यटद्भि-
र्वयमपि नु कदाचित् पर्यटिष्याम एतौ ? १७७

'अमृतमिह सुपेयं मज्जनं नैव तस्मिन्
सुलभ' मिति दिविष्ठाः सार्धमात्मप्रियाभिः
ब्रुडन-विहरणार्थं कौशिकी-चक्रनद्या-
वमृतसलिलकाये आश्रयन्तेति मन्ये । १७८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितयमिदमबाधं घूर्णनीयं विभाव्य
प्रतियुगमथ मृग्ये लौकिकैः सौहृदय्ये
विहरण-निरतान्नश्चायतौ तत्र याता-
नवनितलनिवासा मानवाः संपृचीरन् । १७९

'सुकृत-फल-निवृत्तौ स्वर्गिणोऽप्यार्यभूमौ
जननमधिलभन्ते ?'– रीतिरेषाऽस्ति चेद् नः,
त्रिदिवमधिवसद्भ्यो रोचतां प्राक्तनी भूः,
किमु नरनिकरो नो हिण्डनीयः स्ववाटे ?" १८०

इति समभिदधत् तान् श्रान्त-शान्तानवेत्य
व्यसृजदभिनवोऽसौ सभ्यमुख्यः सभां ताम् ।
तदनु पदनिवृत्तिं गच्छताऽस्या जयेन
प्रविधि-विधि-समस्यादायिताऽदायि तस्मै । १८१

केही बेरपछि, नाच-गान-बजान रोकिएपछि, नवनियुक्त सभापतिले भन्नुभयो– "यी नव-नियुक्त सभापति सशक्त पुरुषले वहन गर्नुपर्ने भार बोक्न समर्थ छन् भनी मप्रति यहाँहरूबाट दर्शित दृढतालाई म राम्ररी बुझ्दछु । म आफ्नो कर्तव्यनिमित्त शपथ लिन्छु र पूर्ण आनन्दको अनुभवसाथ यहाँहरूप्रति आभारका मालाहरू ससम्मान समर्पित गर्दछु । सत्ययुगदेखि यहाँका देवजातिहरूले पर्यटनार्थ साह्रै मन पराएका दुईवटा ठाउँ भूमण्डल-मस्तक नेपालमा छन्– १. 'महाकोशीप्रपात' (कोशी प्रदेशको पर्वतीय भागमा रहेको सभास्थल) २. 'देवाट'– काली गण्डकी र सेती गण्डकीको सङ्गममाथिको बगैंचा (महाकोशीप्रपातको वर्णन कालिदासको कुमारसम्भवमा उल्लिखित छ– 'सभापोखरी' हो कि जस्तो लाग्छ, 'देवाट'लाई अहिले 'देवघाट' भनिन्छ, देव+अट= देवाट= देवताहरूको पर्यटनस्थल भन्ने वाराहपुराणमा उल्लेख छ) । के हामी (सुधर्माका सभासद्हरू वा संयुक्त लोक सङ्घका सदस्यहरू) फुर्सदमा उक्त दुई ठाउँमा भ्रमण गरौंला ? लाग्छ– अवश्य ती दुवै ठाउँमा पर्यटकका रूपमा भ्रमण गर्न जानेछौं । 'यहाँ स्वर्गमा पिउनाका निम्ति पर्याप्त अमृत पाइन्छ, तर पौडी खेल्नाका निमित्त त्यो कहाँ पाउनु ?' यस्तो चिन्ता भएका देवताहरू अमृतमय जल भएका नदीहरू खोज्दै आ-आफ्ना प्यारीहरूलाई साथमा लिएर भूलोकतर्फ जाने गर्दथे र अमृतमय जलको शरीर भएका कोशी र गण्डकीमा पौडीद्वारा जल-क्रीडा गर्ने गर्थे– यस्तै लाग्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराकालदेखि पर्यटनस्थल बनेका यी दुई क्षेत्र (महाकोशीप्रपात र देवाट) भविष्यमा पनि पूर्ववत् निर्बाध पर्यटनस्थल रहून्, परन्तु प्रत्येक युगमा भिन्न लोकका बासिन्दाहरूसँग घनिष्ठ मैत्रीसम्बन्ध खोज्नुपर्ने सन्दर्भमा भविष्यमा पर्यटक बनेर त्यहाँ पुगी घुमफिर वा क्रीडा-विहार गरिरहेका हामीहरूलाई भूलोकवासी मानिसहरूले भेट गरून्, उनीहरू र हामीहरूको बीचमा सम्पर्क बढोस्, आपसी मित्रता बढोस्, अन्तर्लौकिक सम्बन्ध सुदृढ बनोस् । 'आफ्नो पुण्य-फल सकिएपछि स्वर्गमा बस्नेहरू पनि आर्यावर्त (भारतवर्ष)मा मान्छे भएर जन्म लिन्छन् ?' यदि यो रीति यथार्थ छ भने हामीहरूले पृथिवीमा गई जन्म लिनुपर्ने हुन्छ । त्यस स्थितिमा हामीहरूले आ-आफ्नो पहिल्यैको जन्मभूमिलाई नै मन पराऔँ । के हामीहरूले मानव समाजलाई आफ्नै बाटोमा (मानवताकै सीमाभित्र) हिँडाउन सकिएला ? (वा हिँडाउनुपर्ला ? वा हिँडाउनुपर्दैन र ?)" यति भनेर ती सभासद्हरू चूप लागेका, केही थाकेका, विश्राम लिन खोजिरहेका जस्ता बुझेर नवनियुक्त सभापतिज्यूले सभा-विसर्जनको घोषणा गर्नुभयो । कार्यक्रम सकियो । अनि निवर्तमान सभाध्यक्ष जयप्रकाश नारायणले 'सुधर्मा' सभा सञ्चालनको प्रविधि, कार्यविधि र समस्याहरूको दायित्व (इञ्चार्ज) नवनियुक्त सभापतिलाई सुम्पिदिनुभयो ।

सर्वे राष्ट्रियता-समाजनिगद-स्वातन्त्र्य-संचेतिताः
सौराज्यं विकसन्महीक-महितं भुञ्जन्तु नैपालकाः ।
स्वाराज्यं दृढ-सम्प्रभुत्व-भविकं बोभूयतामाभवम् ।
साम्राज्यं सुविराजतामिह महाराजाधिराजश्रियः । १८२

सम्पूर्ण नेपालीहरू राष्ट्रियता, समाजवाद र प्रजातन्त्रप्रति पूर्ण सचेत, होशियार बनून् र नेपालको सम्पूर्ण क्षेत्रको पर्याप्त विकासद्वारा सम्मानित, सुन्दर, समृद्ध सौराज्यको पालन (उपभोग) गरून् । बलियो सम्प्रभुता भएको कल्याणकारी स्वतन्त्र, स्वराज्य नेपाल प्रलयकालपर्यन्त अविचल बनोस् । नेपालको 'सम्राट्' अस्तित्व, 'हिन्दू सम्राट्' भनिने महाराजाधिराजमा रहेकी राज्यलक्ष्मीको आधारभूत 'साम्राज्य तत्त्व' नेपालमा सदाकाल विराजित भइरहोस् । ('श्री' शब्द मङ्गलाचरण-सूचक हो ।)

इति तृतीयद्वारम्
समाप्तमिदं खण्डकाव्यम्

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखक-परिचय

नाम : डा. टीकाराम पन्थी

जन्ममिति : सन् १९३९ जून २३

जन्मस्थान : अर्खले गाउँ विकास समिति,
वडा नं. ८, भाडगाउँ, गुल्मी जिल्ला, लुम्बिनी अञ्चल, नेपाल ।

शैक्षिक योग्यता : **नव्यव्याकरणाचार्य**– सन् १९६४ (वि.सं. २०२०)
: **विद्यावारिधि** (पी.एच्.डी.) सन् १९६७ (वि.सं.२०२४)

विषय : पाणिनीयव्याकरणात् प्राक्तनव्याकरणानां पर्यालोचनम् ।

संस्था : वाराणसेय संस्कृत विश्वविद्यालय, वाराणसी ।
: हाइस्कूल तथा इण्डर मिडिएट (उत्तर प्रदेश, माध्यमिक शिक्षापरिषद्, इलाहावाद)

सेवा

१. **शिक्षक**– श्रीहरिहर संस्कृत पाठशाला, वाराणसी, (वि.सं.२०१८-२०२१)
२. **शिक्षक**– नेपाली संस्कृत महाविद्यालय, वाराणसी, (वि.सं. २०२१-२०२४)
३. **उपप्राचार्य**– गुल्मी इण्टर कलेज, गुल्मी, (वि.सं.२०२५-२०३०)
४. **उपप्राध्यापक**– त्रिभुवन विश्वविद्यालय, नेपाल (वि.सं. २०३०) महेन्द्र क्याम्पस, बागलुङ ।
   (क) **क्याम्पस प्रमुख**– महेन्द्र क्याम्पस, बागलुङ (वि.सं. २०३१-२०३३)
   (ख) **उपप्राध्यापक**– त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन, पाल्पा (वि.सं.२०३३-२०४७)
५. **सहप्राध्यापक**– त्रिभुवन विश्वविद्यालय, (वि.सं.२०४७ देखि) त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा ।
६. **शिक्षाध्यक्ष**– महेन्द्र संस्कृत विश्वविद्यालय, नेपाल, (वि.सं.२०४८-२०५२)

कृतिहरू

संस्कृतमा

१. **रुरुवृत्तम्** (वि.सं.२०२१)
२. **नेनेपालः** (वि.सं. २०३९)
३. **अश्रूपहारः** (वि.सं.२०३९)
४. **सुधर्मा** (वि.सं.२०४०)
५. **बुद्धस्मरणम्** (वि.सं.२०५३)
६. **काव्यचतुष्टयविमर्शः** (अनुसन्धानात्मक प्रबन्ध)

नेपालीमा

१. **केही जनश्रुतिहरू** (वि.सं.२०४१)
२. अन्य लेखरचनाहरू (भाषिक र अनुसन्धानात्मक लेखहरू) विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित ।

Jayatu Sanskritam, Kathmandu, Nepal